# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'साहित्यकार डम्बरुबल्लभ गड्तौलाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण'** रहेकोछ ।

## १.२. शोधपत्रको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभाग अर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दशौं पत्रको प्रयोजन पूरा गर्न तयार गरिएको हो ।

## १.३. विषय परिचय

वि.स. २०१३ साल चैत्र २८ गते पिप्ले-५, तेह्रथुममा जन्मिएका साहित्यकार डम्बरुबल्लभ गड्तौलाका कथा र कविता सङ्ग्रह प्रकाशित भएका छन् । सरकारी सेवामा संलग्न गड्तौलाका रचनाहरू विभिन्न जिल्लामा कार्यरत हुँदा छापिएका छन् । उनले तिनै छरपस्ट रचनाहरूलाई सङ्गृहीत गरेर ३ वटा कृति प्रकाशित गराएका छन् । उनको पहिलो पुस्तकाकार कृति 'भ्यागुताको चुरीफुरी'(२०६३) लघुकथा सङ्ग्रह हो । यस कथा सङ्ग्रहमा १०१ वटा छोटा-छोटा कथाहरू रहेका छन् । उनको दोस्रो कृति 'झुत्रो' (२०६४) नेपाली कथाको सङ्गालो हो । यसका २६ वटा कथाहरू रहेका छन् । कविता सङ्ग्रहमा गड्तौलाले ''मरुभूमिको काकाकुल'' (२०६६) प्रकाशित गरेका छन् । यस कृतिमा गड्तौलाका ६६ कविता सङ्गृहीत छन् । उनका कवितामा मावनतावादी स्वर, राष्ट्रिय चेतना, समानता, शान्तिप्रतीको कामना गरिएको छ । 'भ्यागुताको चुरीफुरी'मा छोटा-छोटा समसामयिक तथा व्यङ्ग्यात्मक कथा रहेका छन् । त्यस्तै 'झुत्रो' कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरू सामाजिक यथार्थवादी तथा मनोविश्लेषणात्मक कथाहरू समेटिएका छन् ।

वि.सं. २०३५ बाट निजामती सेवा अर्न्तगत सेवारत डम्बरुबल्लभ साहित्यिक र साहित्येत्तर व्यक्तित्वका रूपमा स्थापित छन् । दश भन्दा बढी जिल्लामा रहेर सरकारी सेवामा गड्तौला सेवारत रहेका थिए । २०५६ सालबाट लेखन कार्यमा जुटेका गड्तौलाको जीवनी, व्यक्तित्व र उनका कृतिहरूको विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

## १.४ समस्याको कथन

कथा तथा कविताका क्षेत्रमा कलम चलाएका साहित्यकार डम्बरुबल्लभ गड्तौलाका जीवनी, व्यक्तित्व र उनका कृतिहरूको हालसम्म विश्लेषण गर्ने कार्य भएको छैन । उनको व्यक्तित्व र कृतिहरूको विश्लेषण गरी उनका लेखन शैली, प्रवृत्ति आदिको यथार्थ बाहिर ल्याउनु यस शोधकार्यको उद्देश्य भएकोले निम्नलिखित बुँदाहरूसंग सम्बन्धित समस्याहरूको केन्द्रमा यो शोधपत्र तयार पारिएको छः

१. साहित्यकार डम्बरुबल्लभ गड्तौलाको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

२. उनका कृतिहरू के कस्ता रहेका छन् ?

३. उनको साहित्यिक यात्रा, प्रवृत्ति र योगदान के कस्तो रहेको छ ?

४. गड्तौलाको साहित्यिक यात्रालाई कति चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ?

५. नेपाली साहित्यमा डम्बरुबल्लभ गड्तौलाको स्थान के हुन सक्छ ?

६. साहित्यकार डम्बरुबल्लभ गड्तौलाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

यिनै समस्यामा केन्द्रित भएर यो शोधपत्र तयार परिएको छ ।

## १.५ शोधपत्रका उद्देश्यहरू

विशेषतः शोधकार्यमा देखिएका समस्या, कथनले औंल्याएका समस्याहरू तथा प्रश्नहरूको समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहेको छ । यस शोधकार्यका उद्देश्यहरू बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :-

१. साहित्यकार डम्बरुबल्लभ गड्तौलाको जीवनीको अध्ययन गर्ने ।

२. उनका कृतिहरूको अध्ययन र विश्लेषण गर्ने ।

३. उनको साहित्यिक यात्राको क्रमिक र व्यवस्थित अध्ययन गर्ने ।

४. उनको साहित्यिक यात्रालाई चरण विभाजन गर्ने ।

५. साहित्यकार गड्तौलाको योगदानको मूल्याङ्कन गर्दै नेपाली साहित्यमा उनको स्थान निर्धारण गर्ने ।

६. डम्बरुबल्लभ गड्तौलाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने मुख्य उद्देश्य रहेको छ ।

## १.६. पूर्वकार्यको समीक्षा

साहित्यका माध्यमबाट समाजका विकृतिहरूलाई व्यङ्ग्य गर्दै सचेतताको विगुल फुक्न सकिन्छ भन्ने आशावादी साहित्यकारका रूपमा रहेका कवि तथा कथाकार डम्बरुबल्लभ गड्तौलाले समाज सुधारक चेत, राष्ट्रियता, भ्रष्ट समाजप्रतीको व्यङ्ग्यवाण प्रहार गर्ने प्रगतिशील साहित्यकारहरूकै हारमा उभिएर शक्तिको शङ्खघोष र भ्रष्टाचारको विरोध स्वरूप साहित्य सिर्जना गर्ने गरेका छन् । साहित्यकार गड्तौलाका विषयमा विभिन्न पत्रपत्रिकाहरूमा सामान्य चर्चा परिचर्चा गरिए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्ने काम भएको छैन । गड्तौलाका विषयमा विभिन्न समयमा झापा पोष्ट, नौलो आवाज, इलाम पोष्ट आदि पत्रपत्रिकाहरूमा लेखहरू प्रकाशित भएका छन् ।

- 'मरुभूमिको काकाकुल' नामक कृतिको विमोचन भएको समाचार झापा पोष्टमा वर्ष ३, अङ्क ८२ मा प्रकाशित भएको छ । तारा विविध र द्रोण उपाध्यायले समीक्षा गर्नु भएको कुरा उल्लेख छ । गड्तौलालाई हास्यव्यङ्ग्यात्मक साहित्यकार भनेर समीक्षा गरिएको छ । अन्य थप चर्चा गरेको भने पाइदैन ।

- ऋषिकेश उपाध्ययायले झापाको नौलो आवाज साप्ताहिकको वर्ष ५, अङ्क ३३ मा 'भ्यागुताको चुरीफुरीः आम नेपाली जीवनको अनुभूतिगम्य अभिव्यक्ति' शीर्षकमा कथाकार डम्बरुबल्लभ गड्तौलाको कथा सङ्ग्रहका विषयमा विवेचना प्रस्तुत गरका छन् । उनले गड्तौलाका कथालाई "नेपाली साहित्यका माध्यमिक कालखण्डमा लेखिएका कथाहरूको शैलीलाई आत्मसात गरेर तिनको अनुसरण गरेका छन् जुन कथामा अपेक्षित जीवन्त पात्र पात्राहरू र तिनका कथोपकथन पाइदैनन् र प्रथम पुरुषले नै पुरै कथ्यको वर्णन गरिएको" भनी विश्लेषण गरेका छन् ।

- नानुका घिमिरेले डम्बरुबल्लभ गड्तौलाको जीवनी, व्यक्तित्व, कृतित्वको अध्ययन गर्ने क्रममा शोधप्रस्तावमा प्रस्तुत शोधलेखमा माध्यमिककालीन कालखण्डका प्रवृत्ति

भएका कथाहरू लेखिए पनि लेखक सर्वद्रष्टा हुँदै पात्रहरूको सिर्जना गरेर कथालाई प्रायगरी तृतीयपुरुष दृष्टिविन्दु संयोजन गरिएको देखिन्छ भनेर विश्लेषण प्रस्तुत गरेको छ । गड्तौलाका विषयमा राष्ट्र र राष्ट्रियता जर्गेना गर्ने साथै समाज उन्नतिका निमित्त उपदेश बाँड्ने खालका रचनाहरू गड्तौलाले सिर्जना गरेको कुरा उल्लेख गरिएको छ ।

यस बाहेक गड्तौलाले आफैं आफ्ना रचनाहरूमा भूमिका लेखेका छन् । भूमिकामा अन्य स्रष्टाहरूलाई आह्वान गर्दा नमानेको समेत गुनासो प्रस्तुत गरिएको छ । 'झुत्रो' कथासङ्ग्रहमा अहिलेको हाम्रो पिँढीले अँगेनु, दाउरा, कोइला, अँगार, खरानी, जुठेल्नु, सिकुवा, रच्छ्यान, मझेरी, गग्रेटो, पँधेरो, ढिकी, जाँतो जस्ता चलनचल्तीका शव्दहरू ठ्याम्मै बुझेको नपाइएकोले यस्ता शव्दहरूको प्रयोग गरी कथाहरू सिर्जना गरिएको भनेर उल्लेख गरेका छन् । त्यस्तै गरेर गड्तौलाले 'मरुभूमिको काकाकुल' भन्ने शीर्षकमा आफ्नो कविता सङ्ग्रहको विवेचना प्रस्तुत गरेका छन् । उनले नेपाली साहित्यमा भाका हालेर कविता लेख्ने पढ्ने भन्दापनि गद्यमै कविता लेख्ने चलन बढेर गएको र श्लोकहरू विर्सिदै जान थालेका चर्चा गरेका छन् । नेपाली र हिन्दु संस्कृतिको पुरानो चलन विहेमा सिलोक भन्न, कविता भन्न, खाँडो जगाउने जस्ता कार्यक्रमहरू पलायन हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै छन्दोवद्ध कविता लेख्नेप्रथा २००७ सालदेखि अगाडि कै हो भन्ने लेखकहरूको व्यङ्ग्योक्ति झण्डै झण्डै पुगेको प्रसङ्ग उठाएर लोप हुन खोजेकाले छन्दोबद्ध कविता सिर्जना गरेको उल्लेख गरेका छन् ।

## १.७ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रमा साहित्यकार डम्बरुबल्लभ गड्तौलाको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा सविस्तार व्याख्या र विश्लेषण गरिने भएकोले साहित्यानुरागी भावी पुस्ता र अध्येतालाई उनका विषयमा जानकारी पाउन ठूलो सहयोग पुग्नेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका रचनाहरूमा भएका प्रवृत्तिहरूको तथ्य फेलापार्न सकिन्छ । साहित्यकार डम्बरुबल्लभ गड्तौलाका विविध पक्षहरूको जानकारी राख्न चाहने सम्पूर्ण पाठकहरूलाई यस शोधपत्रले महत्वपूर्ण सहयोग गर्ने भएका कारण यस शीर्षकमा शोध गर्नु औचित्यपूर्ण ठानिएको छ ।

## १.८ शोधकार्यको सीमा निर्धारण

साहित्यकार डम्बरुबल्लभ गड्तौलाका विविध पाटाहरूलाई यस अध्ययनमा समेटिने छ । उनका प्रकाशित दुईवटा कथासङ्ग्रह र एउटा कविता सङ्ग्रहका साथै उनको

जीवनी र व्यक्तित्व भित्र यो शोधपत्र सीमित रहनेछ । उनका अप्रकाशित र फुटकर रचनाहरूको यस शोधपत्रमा चर्चा गरिनेछैन ।

## १.९ सामग्री सङ्कलन विधि र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्नका लागि सामग्री सङ्कलन गर्न पुस्तकालयीय पद्धति प्रयोग गरिएको छ । साथै शोधनायकलाई नजिकबाट परिचित महानुभाव तथा आफन्तसंगको भेटघाट तथा अन्तरवार्ता मार्फत् सामग्री सङ्कलन र संयोजन गरिएको छ ।

प्रस्तुत शोधपत्रका लागि मुख्य निम्नलिखित विधिको छनौट गरिएको छ :

१. पुस्तकालयीय विधि
२. भेटघाट र छलफल विधि
३. भ्रमण र विवरण सङ्कलन विधि
४. नजिकका आफन्तहरूसंगको भेटघाट ।

## १०. शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई सुसङ्गठित र व्यवस्थित रूपमा तयार पार्न निम्नानुसारका परिच्छेदमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ :

१. पहिलो परिच्छेद : शोधपत्रको परिचय
२. दोस्रो परिच्छेद : साहित्यकार डम्बरुबल्लभ गड्तौलाको जीवनी
३. तेस्रो परिच्छेद : डम्बरुबल्लभ गड्तौलाको व्यक्तित्वका विविध पक्षहरू
४.चौथो परिच्छेद : डम्बरुबल्लभ गड्तौलाको साहित्य यात्रा
५. पाँचौ परिच्छेद : डम्बरुबल्लभ गड्तौलाका कृतिहरूको विश्लेषण र मूल्याङ्कन
६. छैठौं परिच्छेद : उपसंहार

# परिच्छेद दुई

## साहित्यकार डम्बरुबल्लभ गड्तौलाको जीवनी


### २.१. पृष्ठभूमि

डम्बरुबल्लभ गड्तौला नेपालको पूर्वाञ्चल क्षेत्रमा जन्मिएका एक राष्ट्रसेवक कर्मचारी हुन् । राष्ट्रसेवाका सिलसिलामा गड्तौला विभिन्न साहित्यिक गतिविधिहरूमा संलग्न भएका थिए । गड्तौलाका साहित्यिक कार्यहरूले उनका विषयमा चर्चा परिचर्चा गर्नुपर्ने आवश्यकता रहेको हो ।

नेपाली साहित्यलाई माया गर्ने पाठकहरूकै जिम्मा हो । त्यसै अनुरूप साहित्यकारहरूको परिचय गराएर अन्य पाठकहरूसमेतलाई आफूलाई जानकारी भएसम्मको कुरा जानकारी गराउनु पर्ने कर्तव्य हो । यसकारण डम्बरुबल्लभ गड्तौला पनि जीवनका विभिन्न मोडहरूमा भोगेका भोगाइहरूलाई साहित्यिक रचनाका रूपमा प्रस्तुत भएका छन् ।, डम्बरुबल्लभ गड्तौलाको परिचय यहाँ प्रस्तुत गरिएको छ ।

### २.२. वंश परम्परा

ब्राह्मण परिवारमा जन्मिएका गड्तौलाका बाजे इन्द्रविलास गड्तौला पिप्ले, तेह्रथुमका बासिन्दा हुन् ।[1] कास्यप गोत्रीय ब्राह्मणका जेठाछोरा रामचन्द्र गड्तौला गड्तौलाका पिता हुन् । उनका पितालाई 'ठूले' गड्तौला भनेर बोलाइन्थ्यो ।[2] पिता रामचन्द्र गड्तौला र राजकुमारी गड्तौलाका तेस्रो सन्तानका रूपमा डम्बरुबल्लभ गड्तौला जन्मिएका थिए । गड्तौलाका पाँचजना दिदीबहिनी र तीनजना दाजुभाइ रहेका छन् ।[3]




डम्बरुबल्लभका तीन छोरीहरू छन् । उनकी श्रीमती ललितादेवी हुन् ।[4]

---

[1] शोधनायकद्वारा जानकारी

[2] शोधनायकको पत्नीद्वारा प्राप्त जानकारी

[3] ऐजन

[4] ऐजन

## २.३. जन्मस्थान

ब्रम्हण जातिका गड्तौला थरका डम्बरुबल्लभ कास्यप गोत्रीय हुन् । बाबु रामचन्द्रर आमा खुराजकुमारीका तेस्रो सन्तान र माइलो छोराका रूपमा उनको जन्म तेह्रथुम जिल्लाको पिप्ले गासिको वडा नं. ५ मा भएको थियो ।[५] उनको परिवार धेरै पुस्ता पहिलेदेखि त्यहाँ बसोवास गर्दै आएकोले डम्बरुबल्लभ गड्तौलाको पिप्लेमा नै जन्म भएको थियो । एउटा मध्यम वर्गीय परिवारमा तह्रथुम जिल्लाको दुर्गम गाउँ पिप्लेमा उनको जन्म भएको थियो । [६]

डम्बरुबल्लभ सन्तानमा तेस्रो र छोरामा माहिलो हुन् । दुर्गम गाउँ, पुरानो समय भएकोले उनका पाँचवटी दिदी बहिनी र तीन दाजुभाइ भएको कुरा हेर्दा परिवार निकै ठूलो भएको देखिन्छ । जनचेतनाको कमिभएको दुर्गम गाउँ र पुरानो समयको कारण उनको परिवारको आकार निकै नै व्यापकदेखिन्छ । परिवारको आकार हेरेर पनि उनलाई पुरानै जमानाका बाबुआमाका सन्तान थिए भन्न सकिन्छ । हुन त डम्बरुबल्लभ गड्तौला पिप्लेमा जन्मिए तर उनले आफ्नो जन्मथलोलाई सधैं साथदिन सकेनन् । उनी पढाई सकेर जागिर खान थाले । जसका कारण उनले गाउँ छाडेर नेपालकै विभिन्न जिल्लाहरूमा रहे । डम्बरुबल्लभका पूर्खाहरू विगत २०० वर्षभन्दा अघिबाट पिप्लेमा नै बसोवास गर्दै आएका हुन् ।

## २.४ जन्म

साहित्यकार डम्बरुबल्लभ गड्तौलाको जन्म वि.स. २०१३ साल चैत्र २८ गतेका दिन तेह्रथुमको पिप्लेमा भएको थियो ।[७] पिता श्री रामचन्द्र र माता खुराजकुमारीका सन्तानका रूपमा उनले पाइलो यस धर्तीमा टेक्दा उनका बाबु आमाका उनी दोस्रो छोरा तेस्रो सन्तानका रूपमा उदाएका थिए । एउटा दुर्गम ग्रामीण किसान परिवारमा उनको जन्म भएको थियो ।

डम्बरुबल्लभले आफ्ना पिितको नाम अनुरूप रामचन्द्रले झैं आफ्नो क्षेत्रमा पराक्रम देखाए भने सरस्वतीको आराधना गरी सार्थक सरस्वती सुपुत्र बने । उनको न्वारानमा राखिएको नाम डोरप्रसाद थियो । कर्कट राशि र जन्म महिना चैत्र हो । [८]

---

[५] शोधनायकद्वारा प्राप्त जानकारी

[६] ऐजन

[७] ऐजन

[८] ऐजन

न्वारनमा डोरप्रसाद राखिए पनि विद्यालयमा उनको नाम डम्बरुबल्लभ राखियो ।उनका पाँच दिदी बहिनीहरू र एक दाजु, दुई भाइ रहेका छन् । ठूलो दाइ आजसम्म बेपत्ता अवस्थामा भएकाले डम्बरुबल्लभ नै परिवारका जेठा छोराका स्थानमा आजका दिनसम्म अभिभावक बनेका छन् । उनको परिवारमा साहित्यको फाँटमा डम्बरुबल्लभ कवि, कथाकारका रूपमा मगमगाइ रहेका छन् । उनको जन्म आमा खुराजकुमारी कै जन्म महिनामा भएको थियो।

## २.५. बाल्यकाल

साहित्यकार डम्बरुबल्लभ साधारण निम्न वर्गीय ग्रामीण किसान परिवारमा जन्मिएका थिए । त्यसकारण उनको बाल्यकाल गाईगोठालो, बाख्रा गोठालो हुँदै वित्यो । तर उनलाई आर्थिक दरिद्रता भने थिएन । सामान्य परिवेशमा उनको बाल्यकाल वित्यो । उनको बाल्यकाल राम्रैगरी वितेको थियो ।

डम्बरुबल्लभ (डोरप्रसाद) को जीवनको प्रारम्भिक अवस्था "हुने विरुवाको चिल्लो पात" भने झैं थियो । विद्यालयबाट नै उनको औपचारिक शिक्षा प्रारम्भ भएको हो । खान लाउन उनलाई समस्या परेन । उनी तीक्ष्ण बुद्धि र पढाइमा लगनशील थिए । [९] स्वादिलो खाना खान रुचाउने गड्तौलाको बाल्य अवस्थामा खासै समस्याहरू देखा परेनन् । किसान परिवार भएकाले उनलाई दूध, दही, दाल, भात जस्ता कुराहरूको आपत आइलागेन । [१०] बाबु आमा संगसगै रमाइलो गरी उनको बाल्यकाल बितेको देखिन्छ ।

## २.६. शिक्षादीक्षा

शिक्षा मानव जीवनको ज्योति हो । शिक्षबाट बञ्चित जीवन सार्थक हुनसक्दैन । शिक्षाले मानिसको व्यवहारमा परिवर्तन ल्याइदिन्छ । व्यक्तिलाई नयाँ नयाँ ज्ञान, सीप र धारण शिक्षले नै प्रदान गर्छ । यस कुरामा गड्तौला परिवार सचेत थियो । त्यसैले डम्बरुबल्लभ गड्तौलालाई पनि उनका पिता रामचन्द्रले नजिक रहेको प्राथमिक विद्यालयमा भर्ना गरिदिए ।

---

[९] दिदी राधिकाबाट प्राप्त जानकारी

[१०] ऐजन

श्री शारदा प्राथमिक विद्यालयमा डम्बरुबल्लभ गड्तौलाको २०१८ सालबाट शिक्षा आरम्भ भयो । [११] कक्षा पाँचसम्म गड्तौलाले यो 'शारदा' प्राथमिक विद्यालयमा अध्ययन गरे ।

कक्षा पाँच सम्मको पढाइ सकिएपछि समय र परिस्थिति अनुसार स्थानीय स्तरमा माध्यमिक विद्यालय नभएकोले गड्तौला तेह्रथुम सदरमुकामतिर जानु पऱ्यो । यो सदरमुकामको "सिंहबाहिनी हाइस्कूल" मा गड्तौलाको वि.सं. २०२३ सालमा भर्ना भयो । यसै हाइस्कूलबाट गड्तौलाले प्रवेशिका परीक्षा दोस्रो श्रेणिमा उर्त्तिण गरेका थिए । [१२] उनले २०२८ सालमा दिएको एस.एल.सी. रद्द भयो र पुनः २०२९ सालमा उनले मात्रै एस.एल.सी. परीक्षा पास गरेका थिए । [१३]

त्यसपछि "वि.सं. २०३२ सालमा महेन्द्र रत्न बहुमुखी क्याम्पस धरानमा बाणिज्य समुहमा प्रमाणपत्र तहमा भर्ना भए । कदका हिसाबले सानो भएका गड्तौलालाई साथीहरूले सहयोग गर्थे । उनी मिलनसार भएपनि नियम नियम नै हो भन्ने धारणा राखेकाले कसैकसैले उनलाई छुच्चो समेत भनेको कुरा उनका सहपाठीको भनाई रहेको छ । पढाइमा लगनशील भएकै कारण सानै उमेरमा पनि शैक्षिक सफलता प्राप्त गरेको कुरा स्पष्ट हुन्छ । औपचारिक रूपमा उनले स्नातक सम्मको अध्ययन गरेका छन् । पढाइलाई स्वअध्ययन मार्फत उनले अहिले सम्म अगाडि बढाइरहेका छन् । साथै स्वअध्ययन संगै नेपाली साहित्यका पाठक वर्गमा आफ्नो स्वाध्यायनको परिणाम पस्किरहेका छन् । जागिर संगसगै गड्तौलाको सार्वजनिक साहित्यिक यात्रा सुरु भयो । जागिरका सिलसिलामा औपचारिक साहित्यिक गोष्ठीहरूमा कथा, कविता लेखेर उनले साहित्ययात्रा थालेका हुन् ।

## २.७. जागिरे जीवन

प्रत्येक व्यक्तिले जिउनका लागि केही न केही पेसा अपनाउनै पर्छ । यस क्रममा गड्तौला पनि एस.एल.सी. पास गरेपछि जागिर गर्न थाले । २०२८/०३० सालतर एस.एल.सी.लाई विद्धवान वर्गमा गनिन्थ्यो । त्यसैले डम्बरुबल्लभले गाउँमै शिक्षण प्रारम्भ गरे । "उनले २०३० पौष पन्ध्रदेखि २०३१ पौष मसान्त सम्म श्री नारायण नि.मा.वि., साब्ला, तेह्रथुममा शिक्षण कार्य गरेका थिए "[१४] एकवर्ष शिक्षण गरेपछि २०३१ साल माघ एक गतेदेखि

---

[११] शोधनायकद्वारा जानकारी

[१२] शोधनायक स्वयम्बाट जानकारी

[१३] ऐजन

[१४] शोधनायक स्वयम्

उनले असार मसान्त सम्म चन्द्रगढी, झापामा कोष तथा तहसिलको कार्यालयमा निजामती सेवा अन्तरगत काम गरे । यी जागिरहरू अस्थायी थिए ।[१५]

त्यसपछि २०३५ साल असार पाँच गतेदेखि नेपाल सरकारको निजामती सेवा अन्तरगत खरिदार पदबाट स्थायी जागिर प्रारम्भ गरे । विभिन्न समयमा बढुवाहुदै हाल शाखा अधिकृत पदमा सेवारत छन् । जागिरको सिलसिलामा उनले नेपालका विभिन्न जिल्लामा बसेर काम गरेका छन् । उनले सङ्खुवासभाबाट यो सेवा थालेका हुन् । हालसम्ममा उनले ९ जिल्लाका विभिन्न क्षेत्रमा बसेर काम गरेका छन् ।

जागिरका सिलसिलामा उनको अनुभव बाँड्दै गड्तौला भन्छन् "निजामती क्षेत्रमा माथिल्लो दर्जाका कर्मचारीले तल्लो दर्जाका कर्मचारीलाई अलिक धेरै काममा पेल्ने, अनावश्यक दुःख दिने संस्कार जस्तै छ । यहि संस्कारका कारण मानिसहरू बढी शिक्षण पेसातर्फ आकर्षित भएको देखिन्छन् ।"[१६] उनी अगाडि भन्छन् "मेरो हकमा अलिक फरक छ । मलाई खासै हाकिमहरूले उनीहरूको अनुकूल प्रयोग गरेनन् । तर मलाई सधैं अप्ठ्यारो महसुस भयो । आजसम्म एउटा स्थायी बसोवास छैन । तैपनि देशका धेरै भागमा घुम्न र त्यहाँको रहनसहन बुझ्न पाएँ । जनभावना बुझ्न पाएँ । तर हामी कर्मचारीले केही गर्न सकिदैन ।[१७]

जागरी गरीरहँदा ठूला कर्मचारीहरूले सानादर्जाका कर्मचारीहरूलाई स्वेच्छाचारी ढङ्गले प्रयोग गर्ने गरेका घटनाहरू यदाकदा सुनिन्छन् । निजामती कर्मचारीहरूको संरचना देख्दैमा अत्यास लाग्दो छ । यस विषयमा डम्बरुवल्लभ भन्दछन् त्यस्तो अपठ्यारो मलाई परेन तर अरुतिर सुन्दा र हेर्दा अत्यास लागेर आउँछ ।[१८] नेपालको निजामति क्षेत्रमा माथिल्लो तह र पुरानाहरूको गुलामी गर्नु पर्ने भएकालेनै धेरै जसो व्यक्तिहरू शिक्षण र अन्य गैरसरकारी क्षेत्र तिर बढ्दो आकर्षण देखिन्छ । डम्वरु वल्लभ गड्तौला आज जागिरका ३२ वर्ष सम्म पनि स्थायी घर नभएकोमा खिन्न छन् । उनकी श्रीमती भन्छिन् "आजसम्म आफ्नो घर छैन ।"[१९]

## २.८. पारिवारिक स्थिति

व्यक्तिको जीवनमा गाउँ, समाज घर, परिवार हुदै राष्ट्रिय, अर्न्तराष्ट्रिय सम्बन्ध रहेको हुन्छ । व्यक्ति परिवार विना जिउन सक्दैन । सहजरूपमा जीवन बिताउन परिवारको

[१५] ऐजन
[१६] ललितादेवीबाट प्राप्त जानकारी
[१७] शोधनायक संगको कुराकानीको अंश
[१८] ऐजन
[१९] श्रीमती ललितादेवीसंगको गफगाफबाट

महत्वपूर्ण भूमिका हुनेगर्छ । डम्वरुवल्लभ गड्तौला पनि रामचन्द्र पाँचजना दिदी बहिनीहरू मध्ये एउटी दिदी र अरु बहिनी हुन् । उनका एकजना दाजु र दुईजना भाइ रहेका छन् । उनका जेठा दाजु वि.स. २०२८ फागुन देखि वेपत्ता भए । "[२०] गड्तौलाका जेठादाजु विराटनगरमा वि.एससी. पढ्दा पढ्दै बेपत्ता भएका थिए । डम्बरु वल्लभका साइलो भाए स्थानीय विकास मन्त्रालयमा उपसचिव पदमा कार्यरत छन् । उनका कान्छा भाइ स-परिवार अमेरिकामा बसाबास गर्दछन् ।

उनकी "जेठी दिदी राधिका गौतम, गौरादह, माइली वहिनी सीता ढुङगाना, तेह्रथुम, साहिली बहिनी इन्दिरा दाहाल, धनकुटा, काइली बहिनी अम्विका पौडेल, मोरङ्ग, र कान्छी बहिनी लीला निरौला मन्त्रालयमा उपसचिव पदमा कार्यरत छिन् ।"[२१]

पारिवारिक अवस्था राम्रो देखिन्छ । डम्वरु वल्लभ गड्तौलाको प्रायः परिवार शिक्षितमा गनिन्छ । उनका तीनवटी छोरीहरू छन् । छोराका झैं उनीहरूले पनि पढाईमा ठूलो उन्नति गरेका छन् । उनका तीनवटी छोरीहरू मध्ये जेठी स्वेच्छा गड्तौला स्नातकोत्तर तह पास गरेकी छिन् ।  माइली छोरी स्वेता गड्तौलाले स्नातक तह अध्ययनज गर्दै छिन् र कान्छी छोरी दीपज्योति गड्तौलो पनि स्नातक तहमै अध्ययन गर्दै छिन् । छोरीहरू सवै काठमाण्डौं नै वस्छन् ।[२२] श्रीमती ललितादेवी गड्तौला र श्रीमान् डम्बरुबल्लभ गड्तौला हाल चन्द्रगढी झापामा एकसाथ बस्दै आएका छन् । परिवारमा खासै अभाव छैन ।[२३] ललिता गड्तौला भन्छिन।

## २.८.१. न्वारान, ब्रतबन्ध र विवाह

डम्बरुबल्लभ गड्तौलाको चूडाकर्म हिन्दु ब्राह्मण रीति अनुसार भएको थियो । हिन्दु संस्कार अनुसार प्रत्येक आर्य ब्राह्मण जन्मिएको ७ देखि ११ दिनभित्र न्वारान गरेर नवजात शिशुको नामकरण र सुत्केरी चोख्याउने काम गर्ने चलन छ । यसै चलन अनुसार गड्तौलाको डोरप्रसाद भनेर न्वारान गरिएको थियो । वाल्यकाल गड्तौलाको राम्रै संग बित्यो । न्वारानको नाम डोरप्रसाद भएपनि पछि एउटै राशि हुनेगरी डम्बरुबल्लभ भनेर विद्यालयमा नाम लेखाइएको थियो ।[२४]

---

[२०] ऐजन

[२१] शोधनायकद्वारा जानकारी

[२२] श्रीमती ललितादेवीद्वारा जानकारी

[२३] श्रीमती ललितादेवीद्वारा जानकारी

[२४] दिदी राधिकाबाट प्राप्त जानकारी

उनको ब्रतबन्ध अर्थात् चूडाकर्म २०२६ साल फागुन २६ गते तेह्र वर्षको उमेरमा भएको थियो । हिन्दू धर्म अनुसार यो ब्रतबन्ध कर्म सबैभन्दा महत्वपूर्ण कर्म हो । उनको विवाह २७ वर्षको उमेरमा भयो । वि.सं. २०४० साल बैशाख ११ गते आइतबारका दिन विराटनगरका लक्ष्मीप्रसाद निरौलाकी कान्छीछोरी ललितादेवीसंग डम्बरुबल्लभ गड्तौलाको शुभविवाह सम्पन्न भयो ।[२५] ससुराली तिर पनि राम्रो आर्थिक अवस्था थियो । "विवाह गर्दा श्रीमती २६ वर्ष र आफू २७ वर्षका थियौं" भनेर गड्तौला उमेर मिलाएरै विवाह गरेको कुरा गर्दछन् ।[२६] श्रीमतीले आइ.ए. पास गरेकी भएपनि श्रीमानको सहयोगमै समय वितेको पाइन्छ । तैपनि आफ्ना सन्तानलाई उच्च शिक्षा दिलाउने काममा भने ललितादेवीको क्षमता नै मुख्य मानिन्छ ।[२७]

## २.८.२. सन्तान

डम्बरुबल्लभ गड्तौलाले वि.सं. २०४० साल बैशाख ११ गते ललितादेवीसंग विवाह गरे त्यसपछि जैविक नियम अनुसार उनीहरूबाट पहिलो सन्तानका रूपमा 'श्वेच्छा' को जन्म भयो । दोस्रो सन्तानका रूपमा 'श्वेता' जन्मिइन् । दुई सन्तान ईश्वरका बरदान हुँदाहुँदै पनि 'तै तै छोरा भइहाल्छ कि भनेर'[२८] तेस्रो सन्तान जन्माउन दम्पति गड्तौला राजी भएर तेस्रो सन्तान पनि दैव संयोग छोरी नै भइन् । तेस्रो सन्तान उज्ज्वल ज्योतिबनेर दिपज्योती जम्मिइन् । जम्मा तीन छोरी गड्तौलाका सन्तान छन् ।

## २.८.३. आर्थिक अवस्था

आर्थिक स्थितिको चर्चा गर्दा 'छोराको जागिर नसोध्नु, छोरीको उमेर'[२९] भनेझैं कति कमाई हुन्छ भनेर डम्बरुबल्लभ गड्तौलालाई सोध्दा खान, लाउन पुगेको कुरा गर्छन । वास्तवमा कुनै स्थायी घर नभएपनि तीनवटै छोरीलाई उच्च शिक्षा दिनु नै सबभन्दा ठूलो सम्पत्ति देखिन्छ ।

---

[२५] बहिनी सीताबाट प्राप्त जानकारी
[२६] शोधनायकद्वारा जानकारी
[२७] शोधनायकद्वारा जानकारी
[२८] ललितादेवी संगको गफगाफ
[२९] नेपाली उखान

जागिरे भएकोले गर्दा समय समया प्राप्त हुने तलबले आफ्नो घरायसी गर्जो टारेका छन् । इष्टमित्र खुसी नै पारेको पाइन्छ । साथै तीन सन्तानलाई तलबकै माध्यमबाट उच्च शिक्षा दिलाएको हुँदा आर्थिक अवस्था मजबुत देखिन्छ ।

### २.८.४. पेसा, व्यवसाय

गड्तौला निजामती सेवा अर्न्तगतका जिल्ला प्रशासनमा शाखा अधिकृत हुन् । देशका धेरै जिल्लामा सरकारी सेवामा काम सम्पन्न गरिसकेका छन् । पछिल्ला दिनहरूमा आफू साहित्य रचनातर्फ आकर्षित भएका छन् । सरकारी सेवामा नै गड्तौलालाई भ्याइनभ्याई छ । उनी भन्छन् 'यो जागिर भन्दा अरु केही पेसा छेन र भ्याइदो पनि रहेनछ'[३०] गड्तौला दम्पतिको अन्य पेसा देखिदैन । छोरीहरू मध्ये जेठी स्वेच्छा गड्तौला काठमाण्डौं तिरै एम.ए. सकेर निजी पेसामा संलग्न छिन् ।

### २.८.५. मातापिता र आफ्नो वयस्कता

डम्बरुबल्लभ गड्तौला अहिले ५४ वर्षका छन् । श्रीराम चन्द्र गड्तौला र खुराजकुमारीका तेस्रो सन्तान र दोस्रो छोराका रूपमा वि.सं. २०१३ साल चैत्र २८ गते बुधबारका दिन उनको जन्म भएको हो । माता पिता पिप्लेमा नै बस्नुहुन्छ । दाजुको वेपत्ता अवस्था रहेपनि गड्तौलाका आफ्ना बाबु आमा अहिले सम्म रहिरहनु भएको छ । गड्तौलाका पिता ८० वर्षका र माता ७९ वर्षकी हुनुहुन्छ ।[३१]

मानिसका मुख्य जीवनका तीन अवस्थाहरू हुन्छन् । बाल्यावस्था, युवावस्था र बृद्धावस्था मध्ये युवा अवस्था जीवनकै मुख्य अवस्था हो । यस अवस्थालाई वयस्क अवस्था पनि भन्न सकिन्छ । यहि वयस्क अवस्थामा नै मानिस आफ्नो जीवनको स्तरीय खुड्किलो चढ्न सक्षम हुन्छ । अहिले वर्ण व्यवस्था अनुसार डम्बरुबल्लभ गड्तौलाको सबैभन्दा उन्नतिको शिखरमा पुग्ने सबै कुराले साथ दिएको देखिन्छ । जीवनको पचासौं वर्षमा उनले आफ्नो पहिलो कृति प्रकाशित गराएको पाइन्छ । गड्तौलाले कथा र कविताका विधामा कलम चलाएका छन् ।

[३०] शोधनायक स्वयम्

[३१] श्रीमती ललितादेवीबाट जानकारी

यसै उमेरमा शाखा अधिकृत समेत बनेका गड्तौलाका सन्तानहरूले समेत स्नातकोत्तर उपाधि हासिल गरेको पाइन्छ ।

गड्तौला विभिन्न सङ्घसंस्थामा यसै उमेरमा संलग्न रहेका छन् । यसरी डम्बरुबल्लभ गड्तौलाको वयस्क अवस्था आर्थिक साहित्यिक र सामाजिक क्षेत्रमा राम्रो उन्नति गरेको समय हो । साथै पारिवारिक सुख समेत यसै समयमा प्राप्त भएको देखिन्छ । डम्बरुबल्लभको पैतृक सम्पत्ति नै मजबुत भएको पाइन्छ ।

# तेस्रो परिच्छेद

## डम्बरुबल्लभ गड्तौलाका व्यक्तित्वका विविध पक्षहरू

### ३.१. आमुख

ब्राह्मण परिवारमा जन्मिएका डम्बरुबल्लभका जीवनमा विभिन्न मोडहरू देखापरे । प्रत्येक व्यक्तिले आफ्नो जीवनलाई व्यतीत गराउने क्रममा विभिन्न मोडहरू पार गर्नुपर्ने हुन्छ । गड्तौलाले पनि सबै व्यक्तिहरू झैं आफ्ना गतिविधि अगाडि बढाएका छन् । सानो छँदा उनीमा विद्यालयका साथीसङ्गतहरूको प्रभाव परेकै थियो । गड्तौलाका अनुसार 'एकदिन साथीहरूले बाटोका ढुंगामा फोहोरी करा लेखेका थिए । त्यो कार्यमा मेरो पनि परिवन्धमा नाम जोडिएको र हप्तादिन रेष्टिकेट/विद्यालयबाट निष्काशित भएको थिएँ' ।[३२] 'संगतगुनाको बुद्धि, बिउ गुनाको फल' भने पनि वास्तवमा गड्तौलाको फटाहाहरूको संगत थिएन ।

उनले त्यस घटनाबाट आफूलाई निकै चनाखो राखे । झट्टहेर्दा गड्तौला त्यति नबोल्लान जस्तो देखिन्छन् । 'पञ्चायत कालको जिल्ला प्रशासनका कर्मचारी भएकोले नै उनको स्वभाव त्यस्तो भएको उनका नजिकका साथीहरू बताउँछन्'[३३] ग्रामीण परिवेशमा जन्मिएका गड्तौला सानो छँदा अलिक छुच्चो प्रकारका थिए । उनका नजिकका साथीहरूका अनुसार 'हेपिन नचाहने र आफ्नो हठ नछोड्ने स्वभाव थियो । त्यो अहिले पनि छँदैछ ।'[३४] यस परिच्छेदमा डम्बरुबल्लभ गड्तौलाका व्यक्तित्वका विविध पक्षको सूक्ष्म अध्ययन प्रस्तुत गरिएको छ ।

### ३.२. शारीरिक व्यक्तित्व

प्रशासनका कर्मचारी डम्बरुबल्लभ गड्तौला मोटोघाटो देखिनुहुन्छ । गड्तौलाको शारीरिक व्यक्तित्व आकर्षक र प्रभाव स्थापना गर्ने खालको देखिन्छ । हेर्दै कुनै कार्यालयका प्रभावशाली हाकिम जस्तै देखिने शारीरिक व्यक्तित्व रहेको छ । मोटो तथा अग्लो शरीर रहेका गड्तौला छोटो कपाल र जुँघा राख्ने गर्छन् । केश सेतै भएको छ ।

---

[३२] शोधनायक स्वयम्

[३३] शोधनायकका मित्र खेम दाहादबाट जानकारी

[३४] ऐजन

गड्तौलालाई खानदानीहरूलाई लाग्ने रोग मधुमेहले केही सताएको छ । सधैं गहुँको रोटी खाने गर्नुपर्छ ।[३५] त्यसका कारण शरीरमा केही अप्ठ्यारो महसुस भएको पाइन्छ । गड्तौला सतगुणी खाना मात्रै खाने गर्छन् । जाँडरक्सी कहिल्यै नखाएको कुरा गड्तौला गर्छन् ।

गड्तौला प्रायःगरी दौरा, सुरुवाल र कोट टोपी पहिरिने गर्छन । नेपालीको पहिचान पोशाक पनि हो । त्यसैले उनी नेपाली भएकोमा गर्व समेत गर्छन् । सर्टपेन्ट समेत लगाउँछन् । निरोगी व्यक्तिजति सबै विषयमा सक्षम हुन्छन् । त्यति रोगले च्यापेपछि सकिदैन । वयस्कताको उत्तरार्धतिर गड्तौलालाई मधुमेहले सताएको छ । त्यसैकारण शारीरिक असक्षमता महसुस भएको बताउँछन् । जागिरका सिलसिलामा इलाम, काठमाण्डौं, झापा लगायत नौ जिल्ला बसोवास गर्दा कतितिर त दुःख पनि बेहोर्नु परेको थियो । तैपनि सधैं परिवारले उनको स्वास्थ्यको ख्याल राखेको छ । ललितादेवी भन्छिन् "एक्लो पारेकी छुइन"[३६] उनको स्याहार सुसारमा कुनै पनि कसुर ललिताले बाँकी राखेकी छैनन् । त्यस कारण गड्तौलाको स्वास्थ्य विग्रिएको देखिदैन । उनी खाइलाग्दो देखिन्छन् ।

गड्तौलाको शारीरिक उचाइ पाँच फिट ६ इन्च रहेको छ । अलिक उच्च कद, टोपी, दौरा, सुरुवालले उनको व्यक्तित्व आकर्षक देखिन्छ । अझ चश्मा समेत लगाउँदा त उनको व्यक्तित्व झनै प्रभावशाली देखिन्छ । डम्बरुबल्लभ गड्तौला निकै अग्ला, मोटो शरीर भएका छन् । बुढ्यौलीको लक्षण सेतो केशले गड्तौलाको पुरै टाउको सेतै देखिन्छ । गड्तौलाको कपालको झण्डै ९५% भन्दा बढी नै कपाल फुलेको छ । बुढ्यौलीले गड्तौलालाई छोपे पनि उनको व्यक्तित्व प्रभावशाली रहेको छ ।

## ३.३. स्वभाव

डम्बरुबल्लभ गड्तौलाको स्वभाव असल खालको छ । उनी प्रशासनका कर्मचारी भएकोले गर्दा स्पष्ट वक्ता छन् । झट्ट हेर्दा नबोल्ने जस्तो देखिए पनि बसेर अन्तरङ्ग गफ गर्न थालेपछि सुरुमा गरेको अनुमान व्यर्थ जस्तो लाग्छ । उनी कोमल भावना भएका छन् । "मलाई विद्यालयमा पढ्दा भलिवलको रेफ्री राख्दथे । म नियममा अडिग थिएँ । त्यसैले छुच्चो रेफ्री भन्थे" भन्ने गड्तौलाको भनाइ छ । उनका साथीहरूले छुच्चो भनेपनि कोमल भावना भएका, कसैलाई ठूलो स्वरले नहकार्ने उनको स्वभाव पाइन्छ । सबैलाई समान व्यवहार गर्ने, समान

[३५] शोधनायककी श्रीमतीबाट जानकारी

[३६] शोधनायककी श्रीमतीबाट जानकारी

माया गर्ने स्वभाव उनमा पाइन्छ । गल्ती जानेर नगर्ने, कसैको दबाब नसहने, निडर छन् । विद्यालय तहदेखिनै अरु ठूला विद्यार्थीहरूले उनलाई होच्याएर कुरा गरे भनें "ढुंगा समेत हानेर बदला लिने गर्थे । क्याम्पस स्तरसम्म विरोधीलाई ढुंगा हानेको कुरा यदाकदा उनका मित्रहरू चर्चा गर्छन् ।"[३७] डम्बरुबल्लभ गड्तौलालाई पहिलो पटक भेट्नेले अलिक अदबको स्वभाव भएको पाउँछ ।

## ३.४. रुचि

हरेक व्यक्तिले आ-आफ्नो इच्छा अनुसार छुट्टै किसिमका कुराहरू मन पराउने र मननपराउने हुनसक्छ । डम्बरुबल्लभमा पनि स्वभाविक मानवीय गुण र स्वभाव हुन अनौठो कुरा होइन । उनमा पनि छुट्टै खालका इच्छा र आकांक्षाहरू रहेका छन् । राष्ट्रसेवा मुख्य रुचि रहेकैले गड्तौला प्रशासनका सरकारी कर्मचारी बनेका छन् ।

आफ्ना सन्तानहरूलाई उच्च शिक्षा दिएर समाजका सामु अग्रपङ्क्तिमा उभ्याउने उनको सन्तानप्रतीको माया देखिन्छ । धुम्रपान, मद्यपान लगायत सामाजिक तथा आर्थिक भ्रष्टाचार नगर्ने, असल व्यक्ति बनेर चिनिने उनको रुचि रहेको देखिन्छ ।

उनमा भलिवल खेल्ने निकै रुचि थियो । युवा अवस्थामा भलिवल खेल्ने र रफ्री बस्ने गर्थे । सरकारी सेवा अन्तरगत हुने साहित्य गोष्ठीहरूमा कविता लेखेर सुनाउने, कसैले गरेका नराम्रा क्रियाकलापलाई कलात्मक बनाएर प्रस्तुत गर्ने गर्दागर्दै गड्तौलामा साहित्य लेख्ने रुचि पलाएको हो । गड्तौलाको रुचि कुनै एकतर्फ मात्र नभइ विविध क्षेत्रमा भएको देखिन्छ । 'उनी सरकारी सेवा गर्न, साहित्य सिर्जना गर्न, अध्ययन गर्न, खेल्न तथा समाज सेवा आदिमा जिज्ञासु भइ रुचि लिन्छन् ।'[३८] सादा जीवन उच्च विचार तर्फ रुचि लिने व्यक्ति गड्तौला मानवताका पक्षधर व्यक्तित्व हुन् । हिन्दु दर्शन र धर्म प्रति ठूलो लगाव देखिन्छ । समाजमा वृद्धदेखि बच्चासँग समान व्यवहार गर्ने गर्छन् । गड्तौला साहित्यिक र गैरसाहित्यिक कितावहरू पढ्नमा रुचि राख्दछन् । गैरसाहित्यिक मध्ये हिन्दु दर्शनका किताबहरूमा उनको बढी रुचि पाइन्छ ।

गड्तौला दालभात र सुख्खा रोटी अक्सर खाने गर्छन् । लेखक तथा कविहरूमा देवकोटा र भैरव अर्याल डम्बरुबल्लभ गड्तौलालाई मन पर्छन् । देशमा अहिलेको सत्ताको

---

[३७] छिमेकी खेम दहालबाट प्राप्त जानकारी

[३८]

खेलमा अड्किएको राजनीति नगर्ने र मन नपर्ने उनको भनाइ छ ।[३९] देशमा कोहिपनि नेता जनता प्रति उत्तरदायी नदेखिएको र नेतृत्व वर्ग अनुशासित नभएकोले गर्दा देश अधोगति तिर धकेलिएको उनको भनाइ रहेको छ । कुविचार, दुराचार जस्ता विषयप्रति उनलाई घृणा लाग्छ । कप्टी र जाली मानिसबाट टाढा रहने उनको रुचि रहेको छ ।

जीवनका यी उत्तरार्धका दिनहरू भ्रमण, जागिर र लेखनमा समर्पण गर्ने गड्तौलाको मुख्य रुचि हो ।[४०]

## ३.५. साहित्यिक व्यक्तित्व

बहुमुखी आयाम अन्तरगत गड्तौलामा प्रखर बौद्धिकता जगमगाएको पाइन्छ । कुनैपनि व्यक्तिलाई समाज र राष्ट्रमा चिनाउने मुख्य आयाम नै व्यक्तित्व र योगदान हो ।

गड्तौला सरकारी सेवामा रहँदा देशका विभिन्न भागमा सरुवा हुँदा डेरामा बस्न पुगे । त्यसबेला आफ्नो एक्लोपन मेटाउन विभिन्न ग्रन्थहरू अध्ययन गर्न लागे । अनि ती रचनाहरूका प्रभावले एक दुई लाइनहरू लेख्दा लेख्दै लेखनमा रुचि बढ्यो । काठमाण्डौं बस्दा विनोद के.सी. नाम गरेका एकजना अग्रज मित्रका प्रभावले डम्बरुबल्लभ गड्तौलामा लेखन सम्बन्धी प्रेरणा प्राप्त भयो । “त्यसपछि विभिन्न साहित्य गोष्ठीमा कविता लेखेर पुरस्कार पाउन थालेपछि भने लेखिरहन मन लाग्यो । डम्बरुबल्लभ गड्तौला भन्छन् पुरस्कारको प्रभाव जसलाई पनि पर्दो रहेछ, जुन मलाई पनि पऱ्यो ।”[४१] खासगरी गड्तौलाको सृजन कार्य आत्मचेतना र स्वतःस्फुरणबाट अघि बढेको देखिन्छ । साहित्यकार डम्बरुबल्लभ गड्तौलामा मुख्यतः हिन्दु दर्शनको प्रभाव परेको पाइन्छ ।

### ३.५.१. कवि व्यक्तित्व

जीवनका गति प्रवाहमा निरन्तर परिवर्तनको आवश्यकता पर्छ । जीवनले ग्रहण गर्ने रसका साहित्य सिर्जना यसै निरन्तर परिवर्तनका कारण हुने गर्दछ । नेपाली साहित्यका विभिन्न विचारहरूमा कविता साहित्य अग्रस्थानमा रहेको कुरा अकाट्य छ । प्रायगरीः जनुसकै व्यक्ति आफू साहित्य सिर्जनाका पहिला कदमहरू कविताबाटै प्रारम्भ गर्ने गर्दछन् । कविता

[३९] शोधनायकद्वारा जानकारी
[४०] शोधनायकद्वारा जानकारी
[४१] शोधनायकद्वारा जानकारी

लेखन सजिलो त छैन तर काव्यरससँग सामीप्यता राख्ने जो कोहि कविताकै शृङ्खलाबाट रसास्वादन गर्दै अघिबढ्ने गर्दछन् । कविता थोरैमा धेरै अभिव्यक्ति गर्न सकिने विधा हो । त्यसैले पनि साहित्य लेखनको पहिलो खुड्किलो कविता नै भएको पाइन्छ ।

डम्बरुबल्लभ गड्तौलाले पनि वि.सं. २०५६ बाट औपचारिक रूपमा साहित्य सिर्जना गर्न थाले । उनले 'भानुभक्त यता नर्फक' भन्ने कविताबाट साहित्य रचना गर्न थालेका थिए । विभिन्न जिल्लामा निजामती सेवा गर्दा कर्मचारी स्तरमा गरिने साहित्यिक गोष्ठीहरूमा कविता सुनाउने क्रमबाट उनी यस क्षेत्रमा प्रवेश गरेका हुन् ।[४२] कविता लेखेर गोष्ठीरुमा सुनाउने क्रमबाट सुरु भएको काव्य यात्रा 'कर्मचारी मिलन केन्द्र स्मारिका २०५६ सङ्खुवासभा' मा प्रकाशित पहिलो प्रकाशित रचनाका रूपमा रहेको छ । उनका कविताहरू आजसम्म पनि अप्रकाशित रूपमा रहेका छन् । पुस्तकाकार कृतिका रूपमा अझैं सम्म सङ्ग्रह गर्ने काम बाँकी ने देखिन्छ ।[४३]

डम्बरुबल्लभले कविताका माध्यमबाट हाम्रो समाज प्रशासन राजनीति लगायतका क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिहरू प्रति बौद्धिक प्रहार गर्दै सुधारात्मक सन्देश दिएको पाइन्छ । उनले समाजमा देखापरेका नातावाद, कृपावाद, हाकिमी धमास देखि प्रशासनिक क्षेत्रमा देखिने भ्रष्टाचार, ढिलासुस्ती आदि विविध क्षेत्रमा देखिने विकृति विसङ्गतिप्रति तिखो व्यङ्ग्य गर्दै सामाजिक न्याय र सुधारको चाहना राखेका छन् । उनका कविताहरू सङ्कलन भएर ''मरुभूमिको काकाकुल' २०६६ कृति मार्फत् प्रकाशित भएका छन् । यस कृतिमा लामा छोटा गरी ६६ वटा गद्या र पद्यमा लेखिएका रचनाहरू रहेका छन् ।

### ३.५.२. कथाकार व्यक्तित्व

नेपाली साहित्यमा लोकमा प्रचलित मौखिक परम्परामा बाँचेको विधा कथा हो । मनव चेतना प्रारम्भ सँगसगै कुनै घटनाको बयान गर्ने ठाउँको र पराक्रमको चर्चा गर्ने परम्पराबाट कथा विधाको थालनी भएको हो ।[४४] यसरी कथा मौखिक रूपमा मनोरञ्जन बाँड्न र घटनाको जानकारी गराउन भन्ने सुन्ने प्राचीन परम्परा भएपनि आधुनिक कथाहरूले जनचेतना अभिबृद्धि गर्दै बौद्धिक खुराक र मनोरञ्जन आदान प्रदान गर्दछ । यो कथा भन्ने सुन्ने र रचना गर्ने प्रचलनबाट वास्तविक घटनाको यथार्थपरक चित्र उतार्ने काम भएको पाइन्छ ।

---

[४२] श्रीमती ललितादेवीबाट जानकारी

[४३] श्रीमती ललितादेवीबाट जानकारी

[४४] शरद तिम्सिा, नेपाली लोक साहित्य, इलाम पोष्ट दैनिक, अंक २०, वर्ष १

कथा लेखन कार्यमा डम्बरुबल्लभ गड्तौला सक्रिय देखिन्छन् । उनका कथाहरू बौद्धिकता बाँड्ने र सन्देशमूलक रहेका छन् ।

डम्बरुबल्लभ गड्तौलाले लघु आकारका १०१ वटा छोटा छोटा कथाहरूको सङ्ग्रह पहिलो प्रकाशित कथा संगह हो । यो २०६३ सालमा प्रथमपटक प्रकाशित भएको थियो । यो सङ्ग्रह ज्यादै छोटा छोटा कथाहरू भएको कृति हो ।

उनको दोस्रो कृति २०६४ सालमा प्रकाशित भयो । यस सङ्ग्रहले पहिलो प्रकाशन भएको एकवर्ष पछि नै प्रकाशन हुने अवसर प्राप्त गऱ्यो । यो सङ्ग्रह लामाखाले २६ वटा कथाहरू भएको रचना हो । यस सङ्ग्रहमा सामाजिक तथा प्रशासनिक विकृतिहरू र ती विकृतिहरूबाट बच्ने चाहना व्यक्त गरिएका बौद्धिकता बाँड्ने खालका कथाहरू प्रकाशित भएका छन् । 'खुट्टा तान्ने प्रवृत्ति, उन्नतिका बाटाहरू पहिल्याउन नसकेर विदेशतिर पलायन जस्ता कुराहरूलाई उनले कथाका विषयहरू बनाई कथाहरू लेखिएको पाइन्छ ।

## ३.६. साहित्येत्तर व्यक्तित्व

डम्बरुबल्लभ गड्तौलाको कर्म पक्षलाई नियालेर उनलाई साहित्येत्तर व्यक्तित्वका विविध पक्षहरूको मूल्याङ्कन गरिन्छ । गड्तौला समाजसेवी, जागिरे व्यक्तित्व, भ्रमणशील व्यक्तित्वका रूपमा रहेका छन् । जागिरका सिलसिलामा गड्तौलाले देशका विभिन्न भागमा भ्रमण गरेका छन् ।

मानिसले समाजमा रहँदा उसले सत्कर्ममा लागिरहनु पर्छ भन्ने मान्यता गड्तौलाको रहेको छ । उनी समाजका प्रत्येक वर्गमा घुलमिल भएर अनुभवहरू बटुल्दछन् । प्रायगरी गड्तौला कर्मचारी वर्गका घर, परिवार, उनीहरूको रहनसहन जस्ता कुराहरू अध्ययन गरेर अनुभवहरू संगाल्दछन् । डम्बरुबल्लभ गड्तौलाका साहित्येत्तर व्यक्तित्वको प्रमुख पक्षलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

### ३.६.१. जागिरे व्यक्तित्व

जीवन निर्वाह गर्न एउटा न एउटा पेसा अँगाल्नै पर्छ । कसैले व्यापार, कसैले खेतीपाती, कसैले सरकारी तथा गैरसरकारी नोकरी गर्ने गर्दछन् । डम्बरुबल्लभ गड्तौलाले २०३० सालमा नारायण निम्न माध्यमिक विद्यालयमा एकवर्ष शिक्षण गरेका थिए । एक शैक्षिक सत्र आफ्नै जिल्लामा उनले काम गर्दा शिक्षण सम्बन्धी अनुभव गरे ।

उनले २०३१ साल माघ सुरुदेखि २०३२ असार अन्त्य सम्म कोश तथा तहसिलको कार्यालय चन्द्रगढी, झापामा काम गरे । यसरी सुरुभएको उनको निजामती सेवा २०३५ साल असार ५ गतेदेखि खरिदार पदको जागिर प्रारम्भ गरे । आजका मितिसम्म गड्तौला यसै निजामती सेवा अन्तरगत कार्य गर्दै आइरहेका छन् । खरिदार पदबाट बढुवा हुँदै उनी अहिले शाखा अधिकृत भएकोले गड्तौलाको जागिरे जीवन उच्च स्तरमै वितिरहेको देखिन्छ ।

जागिरे जीवनमा धेरै कुराहरू सजिला र धेरै कुराहरू अप्ठ्यारा रहेको कुरा गड्तौलाको भनाई छ । सबैभन्दा राम्रो कुरा भनेको जागिरे जीवनमा धेरै मानिसहरूसंग सम्पर्क हुने गड्तौला अभिव्यक्ति दिन्छन् । उनी खरिदार पदबाट आजका दिनसम्मा गड्तौला विभिन्न क्षेत्रमा गतिविधि गर्दै शाखा अधिकृत बनेका छन् ।

## ३.६.२. सामाजिक समाजसेवी, मानवीय सेवामा सहयोगी व्यक्तित्व

डम्बरुबल्लभ एक हिन्दू दर्शनद्वारा प्रेरित व्यक्ति हुन् । उनी समाजमा रहेर समाज हितका लागि विभिन्न काममा संलग्न छन् । गाउँघर तथा छरछिमेकमा जस्तोसुकै साह्रो गाह्रो परे जस्तोसुकै सहयोग पनि गर्न पुग्छन् । त्यसकारण उनलाई मानवताका पूजारी मान्न सकिन्छ ।[४५] गड्तौला धर्मकर्म र साहित्य लेखनतर्फ लाग्ने प्रत्येकलाई आवश्यक सरसहयोग गर्न रुचाउँछन् ।

कर्मचारी तहमा तल्लो दर्जाका कर्मचारीलाई जतिबेला जे आवश्यकता परेपनि त्यो पूरा गर्न तयार हुने गर्दछन् । साना कर्मचारीलाई अनावश्यक पेल्ने प्रथाको उनी विरोध गर्छन् । 'म चाकरी पनि गर्दिन र गरेको मन पनि पराउँदिन' गड्तौला भन्छन् ।[४६] गाउँघरमा मर्दा पर्दा खर्चवर्च आवश्यक परेर जो कोहि हात पसार्न पुगे छैन र पुग्दैन नभन्ने उनको बानी रहेकोले गड्तौलालाई सहयोगी र मानवीय व्यक्तित्वका रूपमा स्वीकार्न सकिन्छ ।

## ३.६.३. राजनीतिक व्यक्तित्व

राज्यको प्रशासनिक क्षेत्रमा बसेर काम गर्ने गड्तौला पेसागत हकहितको राजनीति मात्रै गर्दछन् । हुनपनि जुनसुकै राजनीतिक परिवर्तन भएपनि हाम्रो देशमा कर्मचारी पुरानै रहने गर्दछन् । त्यसैले राष्ट्रसेवक कर्मचारीले राजनीति गर्दै हिड्नु पनि हुँदैन ।

---

[४५] छिमेकी खेम दहालद्वारा जानकारी

[४६] शोधनायकसंग जानकारी

गड्तौला पञ्चायती व्यवस्थाका कर्मचारी हुन् । त्यही माथि जिल्ला प्रशासन जहाँ अन्य राजनीति गर्नेहरूलाई समेत पंचायतको विरोधी भएको आरेपमा थुन्ने आदेश दिने गरिन्थ्यो । त्यसबेलामा आफ्नो जागिर खाएर बानी भएकाले उनलाई राजनीतिक गतिविधितर्फ लाग्ने विचारै पलाएन ।

आजको देशको सत्तामुखी राजनीति प्रति गड्तौलाको पूर्ण असहमति रहको छ । राजनीतिक नेताका रुपमा गड्तौला 'महेन्द्र' राजालाई मान्ने गर्छन् ।[४७]

## ३.६.४ शैक्षिक व्यक्तित्व

डम्बरुबल्लभ गड्तौलाले घरमै क, ख, ....... सुरुगरेका हुन् । शारदा प्राथमिक विद्यालय पिप्ले, तेह्रथुममा उनले प्राथमिक शिक्षा कक्षा ५ उत्तीर्ण गरेका हुन् । सिंहबाहिनी हाइस्कूलबाट उनले २०२९ सालमा प्रवेशिका (एस.एल.सी.) परीक्षा उत्तीर्ण गरेका हुन् ।

गड्तौलाले २०३२ सालमा व्यवस्थापन संकायमा प्रमाणपत्र तह मरब क्याम्पस धरानमा अध्ययन गरे ।

ग्रामीण क्षेत्रमा जन्मिउका जिज्ञासु र अध्ययनशील व्यक्ति गड्तौला आफ्नो अध्ययनलाई अगाडि बढाउँदै जागिरे बने । जागिरे व्यक्तिका रूपमा अघि बढिरहँदा उनले स्वअध्ययनलाई पनि जारि राखेको पाइन्छ । स्वाध्यायनबाट नै उनले साहित्यिक गतिविधिलाई अगाडि बढाइरहेका छन् । गड्तौलाले स्वाध्यायन गर्ने कृतिहरू शिक्षाप्रद, बौद्धिक र व्यङ्ग्यात्मक कृतिहरू रहने गर्दछन् । साहित्य अध्ययन र रचना जीवनको साथी भएको गड्तौलाको भनाइ रहेको छ ।[४८]

## ३.६.५. भ्रमणशील एवम् जिज्ञासु व्यक्तित्व

मानिस चेतनशील प्राणी हो । त्यसैकारण व्यक्तिलाई सधैं नयाँ नयाँ बस्तु, प्रविधि र स्थानको जानकारी राख्ने उत्सुकता हुन्छ । मानिस एक ठाउँबाट अर्को ठाउँमा जाने मुख्य कारण त्यस स्थानको बारेमा जानकारी राख्ने, त्यहाँका विविध क्षेत्रको भ्रमणबाट नयाँ कुराहरूको ज्ञान हासिल गर्ने गरिन्छ । अनि नै मानिसको एक ठाउँबाट अर्को ठाउँमा जाने क्रम चलिरहन्छ । एक ठाउँबाट अर्को ठाउँमा जाने, घुम्ने कार्यलाई भ्रमण भनिन्छ ।

---

[४७] शोधनायकसंग जानकारी

[४८] ऐजन

डम्बरुबल्लभ गड्तौलाको परिस्थिति अलिक फरक प्रकारको देखिन्छ । किनकी गड्तौला एक सरकारी कर्मचारी हुन् । उनले स्वदेशका विभिन्न क्षेत्रमा गरेको भ्रमण इच्छित भन्दा पनि पेसाका कारण बाध्यकारी नै थियो । सरकारी सेवामा रहँदा गड्तौलाले भ्रमण गरेका स्थानहरू सङ्खुवासभा, तेह्रथुम, मोरङ्ग, झापा, इलाम, दोलखा, काठमाण्डौं, उदयपुर, पाँचथर लगायतका क्षेत्रहरूमा रहेका छन् ।

इलाम सदरमुकाममा जागिर खाँदा पूर्वकी रानी इलाम र यसको सेरोफेरोका मनोरम र मनमोहक क्षेत्रहरू माइपोखरी, गजुरमुखी, अन्तुडाँडा, राँके, टोड्के झरनादेखि इलामका मिक्लाजुङ्ग  सम्मको उनले भ्रमण गरेका छन् । हिउँदमा चिया वगानको शीतलता ताप्दै इलामे मयालु व्यवहारमा कतै पेइङ्ग गेष्ट त कतै अफिसका हाकिम बनेर घुमेका गड्तौला इलाममा शीतलता नै मुख्य अकर्षक रहेको कहिल्यै विर्सिदैनन् ।[४९]

मङ्गलबारेको पानीटार, पाँचथरको पौवाको हिउँ, सिद्धिथुम्का जस्ता मेची अञ्चलका सबै रमाइला ठाउँमा गड्तौलाले भ्रमण गर्ने अवसर पाएका थिए ।

देश बाहिर भने गड्तौला दार्जिलिङ्ग, मद्रास, भेलोर घुमेका छन् । मद्रास-भेलोर पनि गड्तौलाले रहरले भ्रमण गरेका होइनन् । उपचारका क्रममा उनी त्यहाँ भ्रमण गर्न पुगेका थिए । धार्मिक स्थालहरूमा पनि उनी अलिक धेरै भ्रमण गरेका छन् । सानो पाथिभरा, ठूलो पाथिभरा, पशुपतिनाथ, स्वयम्भू, गजुरमुखी आदि प्रमुख र नामुद क्षेत्रहरू र महत्वपूर्ण स्थलमा उनले भ्रमण गरेका छन् । देश बाहिर भारतका तिरूपति, रामेश्वर जस्ता धार्मिक स्थलहरू गड्तौलाले भ्रमण गरेका छन् ।

देशका नौ जिल्लामा रहेर जागिरे जीवन विताउँदा उनले आफ्नै देशका क्षेत्रहरू हेर्नुपर्छ भन्ने मान्यता अनुरूप उनले भ्रमण गरेका छन् । जिज्ञासु स्वभावका कारण सिर्जनात्मक चाहनाको आपूर्ति गर्न पनि गड्तौला भ्रमण गर्ने गर्छन् ।

भ्रमणले व्यक्तिको व्यक्तित्व र ज्ञान बृद्धि गर्छ । सुनेका, पढेका भन्दा देखेका कुराहरूबाट बढी ज्ञान प्राप्त गर्न सकिन्छ । त्यसैले गड्तौला नवीन ठाउँहरूको भ्रमण गर्न रुचाउँछन् । साथै अरुलाई पनि हौसला प्रदान गर्छन् ।

---

[४९] गड्तौलासंगको अन्तरंग

### ३.६.६. सङ्घसंस्थामा आबद्ध व्यक्तित्व

मानिस एकतामा मात्रै हरेक क्षेत्रमा सफल बन्न सक्छ । एक्लै गरिएका थोरै मात्र कार्य सफल बन्छन् । एकता नै बल हो । मानिस सामाजिक प्राणी भएकै कारण संगठित बन्न चाहन्छ ।

यसै प्रक्रिया अन्तरगत डम्बरुबल्लभ गड्तौला पनि विभिन्न संस्थाहरूमा आबद्ध भएका छन् । गड्तौला एक साहित्यिक व्यक्तित्व हुन् । यसै कारण उनी साहित्य लेख र अध्ययन संग सम्बन्धित संस्थाहरूमा आबद्ध छन् । गड्तौला झापा चन्द्रगढीमा रहेको लेखनाथ पुस्तकालयको आजीवन सदस्य रहेका छन् । मुख्य संस्थाहरू मध्ये अहिले बसोवास गरिरहेको ठाउँको साहित्यिक चौतारीका रूपमा लेखनाथ पुस्तकालय रहेको छ ।

गड्तौला बन्धु कूल वंश प्रतिष्ठानका संस्थापक झापा उपाध्यक्ष भएबाट कूल वंश उत्थानका लागि समेत गड्तौला सचेत रहेको स्पष्ट हुन्छ । अनय साना तिना विभिन्न सङ्घसंस्थामा गड्तौला आबद्ध रहेका छन् ।

### ३.६.७. खोज तथा अनुसन्धानमूलक व्यक्तित्व

नयाँ नयाँ ठाउँमा बसेर जागिर खाने क्रममा गड्तौला त्यसै बसेनन् । उनले नयाँ ठाउँबाट नयाँ नयाँ जनजीवन र संस्कार संस्कृतिको खोज तथा अनुसन्धानबाट प्राप्त ज्ञानलाई आफ्ना रचनाहरूमा पस्किएका छन् । डम्बरुबल्लभ गड्तौला खोज तथा अनुसन्धानमूलक व्यक्तित्व हुन् । उनले आफ्ना रचनाहरूमा विभिन्न धार्मिक, सांस्कृतिक तथा प्रशासनिक क्षेत्रको बारेमा खोजी गर्दै खोजमूलक तथा बौद्धिक रचनाहरू प्रस्तुत गरेका छन् ।

गड्तौलाले आफ्ना रचनाहरूमा आफ्ना जागिरे जीवनमा बिताएका स्थान, भेटेका व्यक्ति, देखे सुनेका घटनाहरू आदिको अनुसन्धान गरेर रचनाहरू प्रस्तुत गरेका छन् । त्यसकारण गड्तौलालाई अनुसन्धान तथा खोजमा रुचि लिने व्यक्ति भनेर मूल्याङ्कन गर्न सकिन्छ ।

### ३.६.८. धर्म संस्कृतिको मान्यता र आस्थाप्रतीको व्यक्तित्व

गड्तौला नेपाली ग्रामीण क्षेत्रमा जन्मिएर पनि निजामती क्षेत्रको राम्रो पदमा जागिर गरिरहेका व्यक्ति हुन् । उनले आफ्नो हिन्दु संस्कारलाई आजसम्म जोगाइ राखेका छन् । टुप्पी पाल्ने, जनै लगाउने, विभिन्न अवसरमा ब्रतबस्ने, पूजापाठ गर्ने, गीता पाठ गर्ने जस्ता

संस्कारहरू निरन्तर गरिरहेका छन् । न्यास ध्यान गर्ने, दुर्वाच्य नबोल्ने, दुर्भावना नराख्न सल्लाह दिने, धुमपान, मद्यपान देखि सधैं टाढैं बस्ने उनको संस्कारगत मान्यता रहेको देखिन्छ ।

गड्तौला कूलपितृ मान्दछन् । देवी देउराली, मठमन्दिर प्रति आस्था राख्दछन् । गजुरमुखी देवी, पाथिभरादेवी समेत दर्शन गरेका छन् । उनी हिन्दु दर्शन र धर्मप्रति पूर्ण आस्थावान व्यक्ति हुन् । गड्तौला हिन्दु धर्मको संरक्षण समेतको चाहना राख्दछन् । उनका साहित्यिक रचनाहरूको अध्ययन गर्दा समेत हिन्दु धर्म, दर्शन र संस्कारको अगाध स्नेह छचल्केको पाइन्छ ।

सद्गुणी भोजन र व्यवहारबाट पनि गड्तौलालाई एक कट्टर हिन्दुधर्म सम्बन्धी व्यक्तित्व मानिन्छ । सबैसंग राम्रो सम्बन्ध राख्ने, झुटो नबोल्ने, आर्थिक हिनामिना नगर्ने, राजनीति नगर्ने जस्ता गड्तौलाका निजी मान्यताहरू रहेका छन् ।

### ३.६.९. पुस्तकाकार कृतिहरू

| क.स. | नाम | प्रकाशित मिति |
|---|---|---|
| १. | भ्यागुताको चुरीफुरी (लघुकथा सङ्ग्रह) | २०६३ वि.सं. |
| २. | 'झुत्रो' (कथा सङ्ग्रह) | २०६४ वि.सं. |
| ३. | 'मरुभूमिको काकाकुल' (कविता सङ्ग्रह) | २०६६ वि.सं. |

गड्तौलाका आजसम्म प्रकाशित हुने अवसर पाएका कृतिहरू माथि उल्लेख गरे बमोजिम छन् ।

### ३.६.१०. सम्मान तथा पुरस्कार

जागिरे जीवनमा धेरै समय परिवारसंग बस्न नापई डेरामा एक्लै बस्दा आफ्ना भावानुभूतिहरूलाई समेटेर लेख्ने क्रममा सरकारी कर्मचारीस्तरमा हुने प्रतियोगितामा गड्तौला पुरस्कृत बनेका थिए । यस क्रममा वि.सं. २०५६ मा कर्मचारी मिलन केन्द्र सङ्खुवासभाले प्रतियोगितात्मक साहित्यिक कार्यक्रममा कवितातर्फ प्रथम स्थान हासिल गरेका थिए । त्यस्तै गरेर सङ्गम टोल सुधार समितिको स्थापना दिवसको अवसरमा आयोजित कविता गोष्ठीमा प्रथम स्थान हासिल गरेका थिए ।

वि.सं. २०६४ पौषमा लेखनाथ पुस्तकालय चन्द्रगढी झापाले गड्तौलालाई सम्मान तथा कदरपत्र प्रदान गरेको छ । उनलाई नेपाली भाषा साहित्यका क्षेत्रमा योगदान गरेका कारण कदर गरिएको हो । उनलाई नेपाली हास्यव्यङ्ग्य कथा सङ्ग्रह 'भ्यागुताको चुरीफुरी-२०६३' को लागि यो कदर पत्र प्रदान गरिएको थियो ।

राष्ट्रिय स्तरका पुरस्कारहरू गड्तौलाले हालसम्म प्राप्त गरेका छैनन् । तर पनि उनी सहभागी भएका गोष्ठीहरूमा दोस्रा पनि भएका छैनन् । सधैं प्रथम स्थान नै हासिल गरेका छन् ।

## ३.६.११ साहित्य सम्बन्धी दृष्टिकोण वा विचार

चेतनाकै कारणले मानिस अरु प्राणी भन्दा फरक भएको छ । मानिसमा आफ्नो निश्चित दृष्टिकोण, विचार रहेको हुन्छ । अझै साहित्यकारहरू त आफ्नो विचारकै कारणले रचना गर्न सफल भएका हुन् ।

साहित्यकार डम्बरुबल्लभ गड्तौला एक राष्ट्रसेवक कर्मचारी हुन् । सत्कर्म, व्यवहारमा दक्षता जस्ता उनका मान्यताहरू रहेका छन् । मानिस निष्क्रिय बस्नु नहुने उनको विचार छ । 'खाली मस्तिष्क भूतको घर' भन्ने उखान उपयुक्त मान्दै शारीरिक व्यायाम गर्ने, लेख्ने, पढ्ने, घरपरिवारसंग समय विताउने र सहयोग गर्ने, छरछिमेकीहरूसँग भलाकुसारी गर्ने जस्ता काम गरेर आफू सक्रिय बनिरहने गर्दछन् ।घरबाट टाढा रहँदा दुःख कष्ट हुने उनको विचार छ । गड्तौला सधैं घरबाट टाढौ रहे । 'आजसम्म आफ्नो घर छैन' गड्तौला भेटघाटमा भन्छन् । उनले सुख सयलमा जीवन नविताएको स्वीकारेका छन् ।'साहित्य समाजको ऐना हो । यसले समाजको सबै कुरालाई समेट्दछ'[५०] ।

गड्तौला साहित्य समाजसंग सम्बन्धित हुने र यसले समाज कस्तो छ भन्ने कुरालाई कालक्रमिक रूपमा प्रस्तुत गर्ने विचार व्यक्त गर्छन् । भौतिक शरीर नाश भएपनि कृतिहरू रहिरहने हुनाले हरेक व्यक्तिले सत्कर्म र सुमार्गमा लागेर कालजयी कार्य गर्नुपर्ने उत्कृष्ट विचार रहेको छ । यस्ता खालका विचारले समाज शान्त समुन्नत र उर्जाशील बन्दछ भन्ने ठम्याई गड्तौलाको रहेको छ ।

[५०] साहित्य सम्बन्धी गड्तौलाको दृष्टिकोण

### ३.६.१२ जीवन सम्बन्धी दृष्टिकोण

डम्बरुबल्लभ गड्तौला सत्कर्ममा विश्वास गर्दछन् । भाग्यलाई दोष दिने उनको विचार छैन । आज प्रतिस्पर्धाको समय भएपनि राजनीतिक वितण्डता विकास भएकोले र व्यक्तिले आफू मानिस भएको नसोचेबाट संसारमा नै अन्यवस्था, घुसखोरी र अव्यवस्था भएको भन्ने दृष्टिकोण रहेको छ ।

छोरा वा छोरी जो भएपनि सन्तान ईश्वरका वरदान हुने उनको विश्वास छ । भौतिक शरीर गएपनि आफ्नो सुकीर्तिको सुवास फैलने र बाँचिरहने कुरा स्पष्ट पार्छन् । जीवन एउटा सङ्घर्ष हो जुन सत्कर्ममा र सुमार्गमा अघिबढे सफलताको सिँढी चढ्न टाढा हुँदैन भन्ने गड्तौलाको जीवनदृष्टि रहेको छ । मानिसले प्राप्ति मात्र गर्न कर्म गर्ने होइन तर कर्म त कर्मका लागि मात्रै गर्ने गर्नुपर्छ । 'कर्म गर फलको आश नगर' भन्ने गीतादर्शन प्रति गड्तौलाको अगाध आस्था देखिन्छ । पृथ्वी, सूर्य र हावा रहुञ्जेल साहित्य बाँचीरहन्छ र साहित्यले नै समाजलाई सही बाटो हिँडाउछ । त्यसैले  साहित्य र साहित्यकार अमर रहन्छन् भन्ने भनाई गड्तौलाको पाइन्छ ।[५१]

बिग्रन, भत्कन र मक्काउन लागेको हाम्रो चालचलन रीतिरिवाजलाई जोगाउन सकेमात्रै हाम्रो अस्तित्व कायम राख्न सकिने कुरा गड्तौलाको जीवनदृष्टि हो । सद्गुणी बन्नुपर्छ भन्ने मुख्य विचार रहेको छ ।[५२]

### ३.६.१३ सारांश तथा गड्तौलाको स्थान निर्धारण

डम्बरुबल्लभ गड्तौलाको व्यक्तित्व आकर्षक र प्रभावशाली रहेको छ । उनी मृदुभाषी र स्पष्टवक्ता हुन् । जीवनमा असल कर्मचारी, असल साहित्यकार र सचेत व्यक्तिका रूपमा गड्तौलालाई चिन्नुपर्ने हुन्छ । साहित्यिक र साहित्येत्तर ज्ञानगुनाका कितावहरू पढ्ने, स्वाभिमानी गड्तौलाको व्यक्तित्वलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

गड्तौलाको साहित्यिक र साहित्येत्तर दुवै व्यक्तित्व अनुसरण योग्य रहेको छ । उनले देशका विभिन्न क्षेत्रको भ्रमण गरेका हुन् । उनी हिन्दु दर्शनद्वारा प्रेरित हुन् ।

---

[५१] 'मरुभूमिको काकाकुल' कविता सङ्ग्रहको भूमिका

[५२] 'मरुभूमिको काकाकुल' कविता सङ्ग्रहको भूमिका

राजनीतिक विकृतिका कारण उनमा राजनीतिक विकर्षण रहेको छ । देशमा रहेका राष्ट्रसेवक तथा राजनीतिक कर्मीहरू धेरैजसो म र मेरो भन्ने लोभी भावनाका कारण नेपाली जनताहरूले अझै धेरै समय दुर्नियति भोग्नु पर्ने उनको ठहर रहेको छ । साहित्यलाई समाजको ऐनाका रूपमा गड्तौला हेर्ने गर्छन् । साहित्यले समाजको सुधार गर्न सक्ने मान्यता राख्दछन् । सद्गुणी व्यक्ति समाजमा सधैं पुजिने र क्षमतावान व्यक्तिले सधैं अग्रगति पाउने गड्तौलाको विश्वास रहेको छ ।

उनलाई हास्यव्यङ्ग्यका कथा लेखनका फाँटमा उदीयमान कथाकार, बौद्धिक चिन्तन भएका नौला कथाहरू लेख्ने प्रवृत्ति भएका कथाकारका रूपमा मूल्याङ्कन गरिन्छ । उनले कवितामा पनि कलम चलाएका छन् । कविताका क्षेत्रमा छन्दोवद्ध मध्यम स्तरका कवि भनेर गड्तौलालाई मूल्याङ्कन गर्नु पर्दछ ।

# चौथो परिच्छेद

## डम्बरुबल्लभ गड्तौलाको साहित्ययात्रा, प्रवृत्ति र योगदान

### ४.१ आमुख

वि.सं. २०१३ चैत्र २८ गते जन्मिएका डम्बरुबल्लभ गड्तौलाले आजका मितिसम्म कथा र कविता विधामा कलम चलाएका छन् । यो समय उनको साहित्यिक रचनाहरूको उर्वर समय हो । आफ्नो जीवनका आजका दिनसम्ममा उनले देखे भोगेका तीता मीठा अनुभवहरू र कटु सत्यलाई आफ्नो साहित्यिक रचनाहरूका विषयवस्तु बनाएको देखिन्छ । हुन त गड्तौलाले वि.सं. २०५८ तिरैबाट साहित्य रचना गर्न थालेका हुन् । तैपनि कृतिहरू नै प्रकाशित गर्ने कामभने वि.सं. २०६३ मा मात्रै थालनी भयो ।

गड्तौलाले एउटा विधामा मात्रै कलम चलाएका होइनन् । उनले कविता विधाबाट रचना थालेपनि कथा विधा अर्न्तगत हास्यव्यङ्ग्यात्मक रचना पहिलोपटक प्रकाशित गराएका हुन् । यिनको निरन्तरको साहित्य साधनाले नेपाली कथा र कविता विधामा समुचित योगदान गरेको देखिन्छ । उनका थप रचनाहरू पनि आउने क्रममा रहेका छन् । फाटफुट रूपमा प्रकाशित रचनाहरूलाई समेट्न बाँकी नै रहेको छ ।

### ४.२ साहित्य लेखन, प्रेरणा, प्रभाव सिर्जना गतिविधि

सङ्खुवासभा कर्मचारी मिलनकेन्द्रले प्रकाशन गरेको स्मारिकामा पहिलोचोटि 'भानु यता नर्फक' नामक कविता छपाएर औपचारिक साहित्य रचनामा देखापरेका यी साहित्यकारको पुस्तकाकार कृति भने कथा सङ्ग्रह प्रकाशित भएको थियो । उनको दोस्रो कृति पनि कथा सङ्ग्रह नै प्रकाशित भयो । तेस्रो सङ्ग्रह भने कवितासङ्ग्रह प्रकाशित छ । उनले जागिरे जीवनमा घरबाट टाढा डेरामा बस्दा आफ्नो एक्लोपनलाई निराकरण गर्ने क्रममा विभिन्न साहित्यिक रचनाहरू पढ्ने, चिन्तन गर्ने र यसो कोर्ने गरिरहेको अवस्थाबाट गड्तौलाले साहित्यिक गतिविधिमा संलग्नता राख्न थाले ।

जागिरको सिलसिलामा गड्तौला काठमाण्डौं सरुवा भए । विनोद के.सी. नामक एकजना मित्रले गड्तौलालाई 'यति राम्रो लेख्ने मानिसले साहित्य साधना तथा लेखनमा लाग्नुपर्छ' भन्ने सल्लाह दिएपछि गड्तौलालाई किताबहरू लेखेर छपाउने सुर आएको हो । व्यक्ति विशेषलाई प्रेरणा मान्दा विनोद के.सी. उनका प्रेरणाका स्रोत हुन् । हुन त उनले हिन्दु धर्मशास्त्र अर्न्तगतका कृतिहरू अध्ययन गरेका छन् । त्यस्तै गरेर लक्ष्मीप्रसाद देवकोटा, भैरव अर्याल जस्ता साहित्यकारहरूका कृतिबाट गड्तौलाले प्रसस्तै प्रभाव ग्रहण गरेका छन् । भैरव अर्यालका व्यङ्ग्यात्मक रचनाहरूले प्रभाव पारेर गड्तौलाले व्यङ्ग्यात्मक कथाहरू रचना गरेका छन् ।

गड्तौलाको भ्यागुताको चुरीफरी (२०६३) व्यङ्ग्यात्मक लघुकथा सङ्ग्रह हो । उनको "झुत्रो"(२०६४) बौद्धिक खालका चेतना प्रस्तुत गर्ने लामा कथाहरू भएको सङ्ग्रह हो । उनको तेस्रो कृति कविता सङ्ग्रह रहेको छ । केही छन्दमा र केही छन्द मिलाउने प्रयास गरिएका कविताहरू यस सङ्ग्रहमा सङ्गृहीत रहेका छन् ।

गड्तौला आजपनि अन्य रचनाहरू तयार गर्न लागिपरेका छन् । उनका अरु पनि कृतिहरू आउने सम्भावना रहेको देखिन्छ । जागिरे जीवनको व्यस्तताका अलावा गड्तौला साहित्य सिर्जना गर्ने गर्दछन् । गड्तौला फुटकर कविताहरू कोर्दा कोर्दै समाजमा देखापरेका विकृति, विसङ्गतिहरू प्रति असहमति प्रकाट गर्ने क्रममा यसै लेख्ने गर्दागर्दै उत्कृष्ट अभिव्यक्तिस्वरूप कथाहरू निर्माण हुन थालेका थिए जुन छोटा-छोटा बनेका थिए । त्यसै क्रमबाट उनका अन्य कथाहरू निर्माण भएका छन् । साह्रै छोटा-छोटा कथाहरूको सङ्गालो 'भ्यागुताको चुरीफुरी' हो । "झुत्रो" कथा सङ्ग्रहमा पनि खासै लामा कथाहरू छैनन् । यस सङ्ग्रहमा भने बौद्धिकता पस्किने खालका कथाहरू, सुझाव उपदेश दिने खालका चेतनामूलक कथाहरू रहेका छन् ।

कविता र कथा लेखनमा सक्रिय डम्बरुबल्लभ गड्तौलाका रचनाहरूको चरणगत वर्गीकरण गरेर अध्ययन प्रस्तुत गर्दा सजिलो पर्ने देखिन्छ ।

## ४.३ डम्बरुबल्लभ गड्तौलाका रचनाहरूको चरण विभाजन

साहित्यकारहरूको प्रवृत्ति, योगदान आदिको अध्ययन गरेर उनीहरूको साहित्यिक गतिविधिको चरण विभाजन गर्ने गरिन्छ । उनीहरूको लेखन आरम्भ अभ्यास र उत्कर्षता आदि कुराहरूलाई समेटेर उनीहरूको लेखन समय र विधागत वर्गीकरण गर्नु उपयुक्त ठहर्दछ ।

डम्बरुबल्लभ गड्तौलाका साहित्यिक गतिविधिहरूलाई हेरेर चरण विभाजन गर्न सकिन्छ । उनका कथा, कविता सङ्ग्रहहरू तथा साहित्य सिर्जना प्रारम्भ, प्रकाशन र संख्यात्मक गुणात्मक स्तरीयताका आधारमा उनको साहित्यिक यात्रालाई विभिन्न चरण विभाजन गर्न सकिन्छ । गड्तौलाको करीव १२ वर्षलामो साहित्यिक गतिविधिलाई दुई चरणमा विभाजन गरी अध्ययन प्रस्तुत गरिएको छ ।

१. थालनी चरणः सुरुबाट वि.सं. २०६३ सम्म

२. उत्कर्ष चरणः वि.सं. २०६४ बाट हालसम्म

## ४.३.१ थालनी चरण (सुरुबाट वि.सं. २०६३ सम्म)

साहित्यकार डम्बरुबल्लभ गड्तौलाले वि.सं. ०५६ सालबाट लेखन कार्यमा हात हालेका थिए । पेसाका हिसाबले उनी निजामती सेवा अर्न्तगतका कर्मचारी हुन् । आफ्नो एक्लोपन, बौद्धिकता र चेतनाका कारणले समाजमा, राजनीतिमा, कर्मचारी जगत्मा देखिएका विभिन्न विकृति र विसङ्गतिप्रति आफ्नो असहमति राख्ने क्रममा कलम र कापीको सहारा लिन पुगे । यहीबाट उनका अन्तरकुन्तरमा उथलपुथल भावनाहरूलाई लेखनकला र अभ्यासका कारणबाट साहित्यक रचनाहरू सिर्जना गर्न थालेका हुन् । प्रारम्भमा ‘भानु यता नर्फक’ भन्ने कविता कर्मचारी मिलन केन्द्र, सङ्खुवासभाको स्मारिकामा वि.सं. २०५६ मा प्रकाशित भयो । यसै कविताबाट गड्तौलाले साहित्य रचनाका पङ्क्तिमा आफूलाई लामबद्ध गराएका हुन । जागिरे जीवनका उतारचढावहरूले व्यस्त बनेका उनका मनमा आउने अतुलनीय भावमयताका कारण साहित्य रचनाहरू सिर्जना हुन थालेका थिए ।

गड्तौलाले प्रारम्भमा कविताबाट नै साहित्यिक गतिविधि गर्न थालेका हुन् । यस चरणलाई गड्तौलाको साहित्यिक सिर्जना थालनी चरण भनेर पहिलो चरणको चर्चा गर्न सकिन्छ । यस चरणलाई गड्तौलाका साहित्य अभ्यासको समय मान्नु पर्छ । यसै अभ्यास चरणलाई पहिलो चरण मानेर थालनी चरण भनी वर्गीकरण गरिएको छ । यस चरणमा लेखिएका रचनाहरू मध्ये कविता विधा अर्न्तगतका अधिकांश रचनाहरू फुटकर रूपमा केही प्रकाशित छन् भने धेरै रचनाहरू अप्रकाशित रहेका छन् । ‘भानु यता नर्फक’ भन्ने कवितामा आदिकवि भानुभक्त आचार्यलाई आजको नेपाल र नेपालीको अवस्थाको मूल्याङ्कन गर्दै भानु पृथ्वीतलमा नर्फक है भन्ने कुराको प्रस्तुति गरेका छन् । उनका अन्य अप्रकाशित रचनाहरू

जता लेख्यो उतै थन्क्याएको देखिन्छ । मुख्यगरी गड्तौलाले थालनी चरणमा रचना गरेका कविताहरूलाई खासै प्रकाशनमा ल्याएको देखिदैन ।

साहित्यकार डम्बरुबल्लभ गड्तौलाले थालनी चरणमा प्रकाशित गराएको कृति वि.सं. २०६३ मा 'भ्यागुताको चुरीफुरी' लघु कथासङ्ग्रह हो । यो सङ्ग्रह हास्यव्यङ्ग्यात्मक रचना हो । यस लघु कथासङ्ग्रहमा १०१ वटा कथाहरू रहेका छन् । जम्मा ७६ पृष्ठमा यतिधेरै कथाहरू हुनुले नै अति नै छोटा कथाहरूको सङ्ग्रहका रूपमा यस सङ्ग्रहलाई लिन सकिन्छ । एक पेजमा ३ वटासम्म लघु कथाहरू भएको यो सङ्ग्रह भएका कथाहरू १० देखि १५ वाक्यसम्म र एक देखि तीन अनुच्छेद सम्म संरचना भएका रचनाहरू छन् । यस सङ्ग्रहमा २०५६ सालदेखि २०६३ साल सम्मका रचनाहरू सङ्गृहीत र प्रकाशित छन् ।

यस सङ्ग्रहका लघु कथाहरूले कर्मचारीहरू, भ्रष्टाचारीहरू, सुराकीहरू, पाखण्डीहरू आदिका विषय र प्रसङ्गहरूको उल्लेख गरिएको छ । माया, प्रेम, जात, धर्म, पेसादेखि लिएर वेश्या, रोगी, चोर, शत्रु आदि विविध विषयहरू समेटिएको पाइन्छ । यी लघुकथाहरूले एउटै मात्र प्रसङ्गमा भन्नुपर्ने कुरा धेरै घुमाउन नभ्याई कुनै विशेष दृष्टान्त दिएर कथात्मक पारामा व्यङ्ग्य प्रहार गरेका छन् । उनले सङ्खुवासभा, खादवारीमा बसेर जागरी खाँदा धेरैजसो कथाहरू लेखेका हुन् । झिनो कथावस्तु र विषयलाई टिपेर हास्यपूर्ण र व्यङ्ग्यात्मक प्रस्तुति पस्किएका छन् । समाजमा घट्ने घटनाहरूका विभिन्न कुराहरू यी लघुकथाहरूमा समेटिएका छन् । समाजमा घट्ने घटनाहरूका अनेकन विषय र प्रसङ्गका तरंगहरू समेटिएका छन् । तिक्ष्ण प्रहारले भाषालाई सरल बनाएको छ र सुबोद्य पनि बनाएको छ । यतिमात्र होइन गड्तौलाले सामाजिक सुधार र विकृति विसङ्गतिप्रतीको कटु आलोचनाका वैचारिक चिन्तनको सम्प्रेषणमा समेत सघाउ पुऱ्याएको छ ।

यस रचनामा तत्कालीन नेपाली समाजमा व्याप्त अन्धविश्वास, कुरीति, थिचोमिचो, कर्मचारीहरूमा मौलाएको अल्छीपन, गैरजिम्मेवारी प्रवृत्ति, धार्मिक अन्धविश्वास, चाकरी चाप्लुसी, चुक्ली र हाकिमीपन साथै वर्गीय विभेद जस्ता नेपाली समाजले भगेका विविध समस्याहरूलाई कथाका विषयवस्तु बनाएको छ । यस सङ्ग्रहलाई लघु कथासङ्ग्रहको एक उच्च नमुनाका रूपमा स्वीकार्नु पर्छ । व्यङ्ग्यात्मक तथा भाषिक परिष्कार गरिएको यस सङ्ग्रहका कथाहरू सामाजिक सुधारको र राष्ट्रप्रति समर्पित भाव देखाउन सफल देखिन्छन् ।

४३ वर्षको एक सचेत राष्ट्रसेवक कर्मचारीले आफ्ना जीवनको वयस्क अवस्थामा थालेका सिर्जनाहरू आफैमा परिष्कृत रचनाहरू छन् । तैपनि साहित्य सिर्जना जेठा-कान्छो हुँदैन

। उनका रचनाहरूलाई थालनीकालमा अलिक खारिन बाँकी रचनाका रूपमा नै मूल्याङ्कन गर्ने काम भएको छ । यो 'भ्यागुताको चुरीफुरी' नामक कृतिका प्रत्येक रचनाहरूमा शीर्षक र कथाका रुचिक्षेत्र, रीतिक्षेत्रबीच सामञ्जस्यता कायम भएको छ । शीर्षक र भावबीच ताममेल भएका लघु आयामका कृतिको रचना गर्नु साहित्यकार डम्बरुबल्लभ गड्तौलाको यस थालनी चरणको मुख्य विशेषता हो । उनले यसै चरणमा विषयवस्तुको विविधता अंगालेका छन् । यस चरणका लघु कथाहरूमा धर्म-कर्म, सत्चरित्र, सामजिक विकृति, गरीबी, रोग, शोक, अशिक्षा, बाध्यता, जीवन भोगाइका कटु अनुभव तथा सामाजिक सुधार र राष्ट्रियताको भावलाई समेटेका छन् । यस चरणका लघु कथाहरू लघुकथा विधा अर्न्तगत उत्कृष्ट रहेका छन् ।

यस चरणमा कविताको पनि अभ्यास चरण नै रहेको छ । यस चरणमा उनका रचनाहरू त्यति सार्वजनिक बनेका छैनन् । कर्मचारीहरूका स्मारिकाहरूमा मात्रै फुटकर रूपमा प्रकाशित भएका थिए । प्रतियोगिताहरूमा सुनाउने, साथीहरूलाई सुनाएर मनोरञ्जन गर्ने मात्र यस चरणका कविताहरूको आयाम हो । उनको कविता लेख्दा सकभर छन्दमा नै लेख्ने प्रचलन थियो । झ्याउरे मात्र भए पनि कवितामा लय र छन्दलाई विचार गरेर कविता लेख्ने गड्तौलाको लेखनशैली हो । सकभर कविता गेयात्मक लेख्ने उनको प्रवृत्ति रहेको थियो । कवितामा भावको सहजता सृजना गर्ने आवश्यकतानुसार तत्सम र तद्भव शव्दहरूको प्रयोग गर्न रुचाउने डम्बरुबल्लभ गड्तौलाको यस थालनी चरणका कविताहरू गेयात्मक भए पनि अप्रकाशित नै रहे ।

निचोडमा समाजको यथार्थलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्दै सुधार र राष्ट्रप्रेम अभिव्यक्त गर्नु डम्बरुबल्लभ गड्तौलाको यस चरणका विशेषता हुन् । छोटा छोटा आकारका तर पूर्ण कथा लेख्नु उपलब्धि रहेको छ ।

### ४.३.२ उत्कर्ष चरण (वि.सं. २०६४ देखि हालसम्म)

साहित्यकार डम्बरुबल्लभ गड्तौलाको साहित्यिक यात्राको दोस्रो चरणका रूपमा उत्कर्ष चरण भनेर नामकरण गरिएको छ । यो गड्तौलाले लघु कथासङ्ग्रह 'भ्यागुताको चुरीफुरी' २०६३ को प्रकाशनकाल सम्मलाई पहिलो र त्यसपछि "झुत्रो" कथा सङ्ग्रह २०६४ पछिको समयलाई पछिल्लो चरण अर्थात् उत्कर्ष चरण भनेर विभाजन गरिएको छ । उनको "झुत्रो" कथा सङ्ग्रहको प्रकाशनसँगसँगै सुरु भएको साहित्य लेखनको उत्कर्ष कालको समय हालसम्म रहेको छ । उनका कथा र कविता थालनी चरणमा भन्दा यस चरणमा आयाम र

उत्कृष्टताको दृष्टिमा स्तरीय रहेका छन् । उनले यस उत्कर्ष चरणमा एउटा कथा सङ्ग्रह र एउटा कवितासङ्ग्रह प्रकाशित गराएका छन् । उनको कविता सङ्ग्रह "मरुभूमिको काकाकुल" २०६६ तेस्रो कृति हो । यस चरणमा प्रकाशित कथासङ्ग्रह "झुत्रो" २०६४ मा २६ वटा कथाहरू समेटिएका छन् । यस कृतिमा १०९ पेजमा २६ वटा रचनाहरू अटाइएका छन् । थालनी चरणका कथाहरू साह्रै छोटा रहेका थिए । यस चरणमा अलिक लामा र व्याख्यात्मक शैली अपनाएका कथासङ्ग्रहहरू रहेका छन् । आफ्नो मनमस्तिष्कमा आएका विभिन्न भावहरूलाई कलम र कापीका सहायताले गड्तौलाले समाजमा चलेका भाका र भाषालाई जस्ताको तस्तै समेटेर उतारेका छन् । हाम्रो नयाँ पुस्ताले नेपाली भाषामा चलेका र प्रयोगमा आउने तर ग्रामीण जनबोली र भाषाका शव्दहरूलाई बुझ्न नसक्ने अवस्थालाई ध्यानमा राखेर गड्तौलाले अगेनु, दाउरा, ढिकी, जाँतो, पधेँरो, जुठेल्नु, रच्छ्यान, गग्रेटो, सिकुवा, मझेरी, आदि नेपाली शव्द र विभिन्न उखान टुक्काहरूलाई प्रयोगमा अर्थपूर्ण प्रयोग गरी अर्थ स्पष्ट पारेका छन् । यसका कारणले यी यस्ता नेपाली शव्द र उखानहरूको पनि समुचित संरक्षण हुने स्पष्टै छ ।

यस कथा सङ्ग्रहमा समेटिएका कथाहरू पनि सामाजिक विभेद, थिचोमिचो, एकदलीय सरकार र तिनका प्रशासकहरूले कानुन परिपालना गराउने नाममा कानुन मिचेका चर्चाहरू प्रस्तुत गरिएको छ ।

दवाव नदिए सरकारी कर्मचारीहरू सहि मार्गमा नआउने कुराको निष्कर्ष गड्तौलाका कथाहरूले दिन्छन् । विदेशीहरूको भर परेर आफ्ना प्वाँख र हातखुट्टहरू काटिइरहँदा पनि थाहा नपाउने पशुपंक्षी जस्ता बनेका नेपालीहरूलाई सचेतनाको विगुल फुकिएका गड्तौलाका कथाहरू रहेका छन् । यस चरणमा गड्तौलाले हास्य व्यङ्ग्य होइन बौद्धिकता र अर्ती उपदेश भाव ब*ढी* मात्रामा पस्किएका छन् । आफूले देखेका भोगेका, अभाव, अशिक्षा जस्ता छटपटीहरूलाई समेटेर उनले यस चरणका कथाहरू सिर्जना गरेका छन् ।

यस चरणका उनका कथाहरूको मूल प्रवृत्ति भनेको कर्मचारी वर्गम देखापरेका भ्रष्टाचारप्रति असहमति जनाउदै देश विगार्ने भ्रष्ट व्यक्तिका कारण समय समयमा विद्रोहहरू जन्मिने कुराको निचोड निकालेका छन् । त्यस कारण त्यस्ता सामाजिक रूपमा खराब गर्नेहरूलाई समाजले नै एक्ल्याउनु पर्ने सुधारवादी चिन्तन उपदेशात्मकता पस्किएका छन् भनेर भन्न सकिन्छ ।

हालसम्ममा प्रकाशित अन्तिम कृति कवितासङ्ग्रह "मरुभूमिको काकाकुल" २०६६ हो । यस सङ्ग्रहमा गड्तौलाले जम्मा ६६ वटा कविताहरू सङ्ग्रह गरेका छन् । यस कृतिमा ११९ पेज रहेका छन् । केही प्रगतिवादी केही सामाजिक सुधार गर्ने खालका केही यथार्थको प्रस्तुति भएका पूर्ण छन्दमा पनि होइन र गद्यमा पनि होइन भ्याउरे तथा गीति लयमा गड्तौलाका कविताहरू रहेका छन् । यस सङ्ग्रहमा हिन्दू धर्म संस्कार तथा हिन्दू धर्मग्रन्थहरूमा वर्णित पात्रहरूको विषयमा पनि कविताहरू सिर्जना गरेको पाइन्छ ।

यस सङ्ग्रहमा १३/१४ पङ्क्ति र ३०/३५ श्लोक सम्मका मध्यम आयाम भएका कविताहरू सङ्गृहीत छन् । लेखककै भनाइमा 'छन्दमा पूर्ण रूपमा नभए पनि भरसक छन्द बचाऊ गर्ने काम गरेको छु' भनिएबाट प्राय सबै कविताहरूमा अन्त्यानुप्रास र मात्रिक, वर्णमात्रिक छन्दहरू प्रयोग गरेको पाइन्छ । प्राकृतिक चित्रण, विन्तीपत्र, यथार्थ चित्रण, चाडवाडको बयान लगायतका प्रवृत्ति अंगाली कविताहरू सिर्जना गरको पाइन्छ । केही कविता गद्यात्मक कविताको भूमिकामा पनि छन् । हाम्रो समाजमा हुने नै विषयहरूमा गड्तौलाले कविता रचना गरेको पाइन्छ ।

यस चरणमा प्रकाशनमा आएका कविताहरू सुसङ्गठित र व्यवस्थित छन् । त्यस कारण सुसंगठित र व्यवस्थित पद्यात्मक कविताहरू र बौद्धिक र उपदेशात्मक कथाहरू लेख्नु यिनको यस चरणको मुख्य विशेषता हो ।

उनका यस चरणका दुईवटा रचनामध्ये कथासङ्ग्रहका कथाहरूमा संग्रहको शीर्षक संग खास तालमेल देखिदैन । "झुत्रो" शीर्षकको कथापनि छैन । तर कविता सङ्ग्रहमा भने यस्तो शीर्षक "मरुभूमिको काकाकुल" भन्ने कविता पनि रहेको छ । यसको मतलब मरुभूमिमा काकाकुललाई जति पानीको आवश्यकता छ, हाम्रो समाजलाई सुधारको पनि त्यत्तिकै खाँचो छ भन्ने अर्थमा यस सङ्ग्रहका रचनाहरू र शीर्षकको तालमेल देखिन्छ । प्रथम चरण थालनी चरणभन्दा यस उत्कर्ष चरणमा रचनाहरू अझ परिष्कृत र सम्प्रेष्य देखिएका छन् । यस समयमा उनी थप रचनाहरू सिर्जना कार्यमा लागेका छन् ।

निचोडमा साहित्यकार डम्बरुबल्लभ गड्तौलाका यस चरणका रचनाहरूमा समाज सुधार निम्न वर्गको उत्थानको खाँचो, कर्मचारी वर्गमा अनुशासनको अभाव र मानवतावादी चिन्तनको प्रस्तुति, राष्ट्रियता, प्रकृतिप्रेम जस्ता विषयवस्तुहरूको कलात्मक अभिव्यक्ति भएको पाइन्छ । सामाजिक थिचोमिचो, चाकरी, चाप्लुसी जस्ता विद्यमान कुरीतिहरूको अन्त्यको चाहना गर्दै यथार्थको चित्रण प्रस्तुत गर्नु गड्तौलाको मुख्य उपलब्धि रहेको छ । आफू कर्मचारी

भएको र त्यहाँ कस्तो दासप्रथा विद्यमान छ भन्ने कुरा उनका रचनाहरूले उजागर गरेको पाइन्छ ।

## ४.४ साहित्यकार डम्बरुबल्लभका प्रवृत्तिहरू

साहित्यकार डम्बरुबल्लभ गड्तौलाका तीनबटै कृतिहरूलाई नियालेर अध्ययन गर्दा उनका लेखनमा देखापरेका चरणगत प्रवृत्तिहरूको मूल आशय त यस अघि नै प्रस्तुत गरिसकिएको छ । तसर्थ यहाँ गड्तौलाका समष्टिगत प्रवृत्तिहरूको चर्चा गरिएको छ ।

डम्बरुबल्लभ गड्तौला कविता र कथा विधाका स्रष्टा हुन् । त्यसकारण उनका समग्र साहित्यिक गतिविधिको मूल्याङ्कन गरेर प्रवृत्तिहरूको निराकरण प्रस्तुत गरिएको छ ।

### ४.४.१ विषयवस्तुगत प्रवृत्ति

गड्तौलाले आफ्ना रचनाहरूमा विविध विषयहरूको चयन गरेका छन् । उनले समाज, राष्ट्र, राष्ट्रका कर्मचारी, देशप्रेम आदि विषयलाई आधार बनाई देशभक्ति र राष्ट्र सुधारका भावनाले ओतप्रोत भएका उत्कृष्ट कथा तथा कविताहरू रचना गरेका छन् । यिनले आफ्ना रचनाहरूमा सडक, बोटविरुवा, प्राकृतिक अवस्थादेखि लिएर विशेष गरी राष्ट्रका कर्मचारीहरूसंग सम्बन्धित विषयवस्तुको समुचित चित्रण गरेका छन् । यस आधारमा उनका रचनाहरूको विषयवस्तु प्रकृति चित्रण, कर्मचारीतन्त्रमा फैलिएको चाकरी कुसंस्कार जस्तो खराव आचरणको नग्न चित्रण गर्न विषयवस्तु समेटेको देखिन्छ ।

उनका रचनाहरूमा राष्ट्रियताको भावना समाजसुधार, कर्मचारी वर्गलाई कडाइ जस्ता अभिव्यक्ति पस्किएको छ । प्रकृतिलाई चित्रण गर्दै समाज र राष्ट्रको चित्रणलाई पनि ससक्त रूपमा अघि सार्न सकेकोले उनलाई समाज चित्रण गर्ने उन्नति चाहने कवि र कथाकारका रूपमा लिइन्छ । उनले समाज सुधारको विविध विषयवस्तुलाई समेटेर रचनाहरू प्रस्तुत गरेका छन् । तत्कालीन नेपाली समाजमा व्याप्त विकृति राजनीति र यसले पारेको नकारात्मक असर, अज्ञानता, नारी प्रतीको दृष्टिकोण तथा ग्रामीण समाजमा रहेको सामन्ती प्रथाको भेदभावपूर्ण व्यवहारलाई आफ्ना कविता र कथामा मार्मिक रूपमा प्रस्तुत गरेका छन् । यिनका रचनाहरूमा समसामयिक घटनाहरूको यथार्थपरक प्रस्तुति र चित्रण पाइन्छ । गणतन्त्रात्मक देश भएर पनि देशमा विद्यमान विकृति र विसङ्गतिबाट देश सुध्रन नसकेको नेपाली राजनीतिक तथा सामाजिक परिवेश, कुलतमा फँसेको युवा जमात, भ्रष्ट्राचारको

दलदलमा रहेको कर्मचारी जगतको चित्रण जस्ता विविध समसामयिक सन्दर्भलाई उनले आफ्ना रचनाका विषयवस्तु बनाएका छन् । आफ्ना रचनाहरूमा आफ्नो जीवन भोगाइका तीतामीठा अनुभवहरूलाई समेत कथा र कविताका विषय बनाएका छन् । उनी मानवतावादी साहित्यकार हुन् । मानवले मानवलाई मानवको जस्तो व्यवहार गरेमा मात्र सृष्टि सफल हुन सक्छ भन्ने गड्तौलाको मानवतावादी चिन्तन उनका रचनाहरूमा अभिव्यक्त भएको पाइन्छ ।

उनले आफ्ना रचनाहरूमा समतामूलक र भ्रष्टाचार विहीन समाजको परिकल्पना गर्दै निम्नवर्गको उत्थान हुनुपर्ने, शहीदको सम्मान हुनुपर्ने जस्ता चाहना प्रकट गरेका छन् । डम्बरुबल्लभ गड्तौलाले आफ्ना रचनाहरूमा विषयगत विविधता अंगालेर प्रकृतिप्रेम, यथार्थ चित्रण, राष्ट्रप्रेम, समानताको पक्षधर सुधारवादी र अध्यात्मिक कविका रूपमा आफूलाई उभ्याएका छन् ।

### ४.४.२ संरचनागत प्रवृत्ति

संरचना भन्नाले कुनैपनि रचनाको बनावट आकृति, लम्बाइ र स्वरूप भन्ने बुझ्नु पर्दछ । संरचनाका दृष्टिले हेर्दा गड्तौलाका कथाहरू छोटा भन्दा छोटा १०/१५ वाक्यदेखि ४/५ पेज सम्मका रहेका छन् । उनका कविताहरू भने छोटामा ७ हरफदेखि लामामा १९ हरफ सम्मका र १४ श्लोकदेखि ३८२ श्लोक सम्मका लामा छोटा पद्या कविताहरू रचना गरेका छन् । उनको एक दशक लामो साहित्य साधना केही गद्य कविताहरू पनि लेखेका छन् गड्तौलाका फुटकर कविताहरूलाई लामा र छोटा भनेर आयमका दृष्टिले मूल्याङ्कन गर्न सकिन्छ ।

यसरी हेर्दा गड्तौलाका कविताहरू लघु देखि वृहत् आयामका रहेका सरल संरचनायुक्त पद्यात्मक, लयात्मक काव्यको रचना गर्नु कवि व्यक्तित्वका रूपमा गड्तौलाको काव्यात्मक विशेषता हो ।

यसरी तुलनात्मक रूपमा शीर्षक अनुरूप भावको समायोजन गरी कविता वा काव्यको रचना गर्नु साहित्यकार गड्तौलाको काव्य रचनागत प्रवृत्ति हो । हास्यव्यङ्ग्यात्मक, बौद्धिक कथा लेखन उनको कथा प्रवृत्ति हो । संरचनाका हिसाबले छोटा/लघु अकारका कथाहरू लेख्नु कथा संरचनागत प्रवृत्ति हो ।

### ४.४.३ सामाजिक यथार्थवादी प्रवृत्ति

गढ्तौलाका रचनाहरूमा समाजको यथार्थ चित्रण गरी विकृतिको उदाङ्गो पार्नेकाम भएको हुन्छ । समाजमा हुने नै विषयहरू र समाजमा गरिने थिचोमिचोको जस्ताको तस्तै चित्रण गड्तौलाका कथाहरूमा गरिएको छ ।

'टाट्नाको खसी' नामक कथामा गड्तौलाले कान्छा नामक पात्रले बाखा पालेर खसी हुर्काएको छ । गाउँका मुखियाकोमा मुखियाले राम्रो काम गरेका विषयमा भोज चल्दै थियो । आफूले पालेको टाट्नाको खसी बेचेर अनेक समस्या टार्ने सपना बोकेको कान्छाकी छोरीलाई घाइते बनाएर खसी मुखियाकोमा भोजका लागि लुटियो । यस अवस्थाको विरोध गर्दा कान्छालाई फरि कोर्रा लगाएको यथार्थ चित्रण गरिएको यस कथालाई सामाजिक यथार्थवादी कथाको उदाहरण मानिन्छ ।

### ४.४.४ यथार्थको नग्न चित्रण गर्ने प्रवृत्ति

गड्तौलाका रचनाहरूमा यथार्थको नग्न चित्रण गर्ने काम भएको छ । मुख्यतः उनका कथाहरूमा सिधै प्रहार गर्ने र जे हो त्यही चित्रण गर्दै वास्तविकताको नग्न चित्रण गर्ने काम भएको पाइन्छ । कविता कृतिहरूमा विविध विषयहरूमा समेट्दै जर्जरता, चाप्लुसी, चाकरी, ढिलासुस्ती तथा भ्रष्ट कर्मचारीहरूको भ्रष्ट व्यवहारको नाङ्गो अवस्थाको चित्रण गड्तौलाका रचनाहरूमा भएको पाइन्छ ।

### ४.४.५ विकृतिप्रतिको व्यङ्ग्य

समाजमा घटिरहेका तर घट्नु र घटाउनु नहुने खालका विविध घटनाहरूलाई तर्कपूर्ण तरिकाबाट गड्तौलाका कथाहरूमा व्यङ्ग्य गर्ने काम सबल देखिन्छ । गड्तौला एक अनुशासित सरकारी कर्मचारी हुन् । उनले देखेको र कल्पना गरेको समाज कुन प्रकारको छ भन्ने कुराको मूल्याङ्कन गर्दै समाजमा देखिने नराम्रा गतिविधिहरू प्रति व्यङ्ग्य प्रहार गर्नु उनको विशिष्ट प्रवृत्ति हो ।

### ४.४.६ राजनीतिप्रतिको असहमति राख्ने

गड्तौला राजनीति विकृतिपूर्ण भएका कारणले आफूले राजनीति नगरेको बताउँछन् । उनका रचनाहरूमा पनि सोही भाव अभिव्यक्ति भएको देखिन्छ । उनका कथाहरूले

राजनीतिका नाममा हुने गरेका नकारात्मक गतिविधिप्रति विरोध प्रकट गरेका छन् । देशमा अमनचयन कायम गर्न सफल र आदर्शमय राजनीति हुनुपर्ने कथाहरूमा स्पष्ट गरी अभिव्यक्ति गरिएको छ । कविताहरूमा पनि अभाव, कुरीति, र राजनीतिक दुर्भावनाहरू फैलिएको उल्लेख्य रूपमा चर्चा गरिएको पाइन्छ ।

### ४.४.७ हास्यव्यङ्ग्यात्मकता

साहित्यकार गड्तौलाको पहिलो कृति हास्यभाव भएका लघुकथाहरूको सङ्गालो हो । उनले भैरव अर्याल, केशवराज पिँडाली आदिले निबन्धमा ल्याएको हास्य शैलीलाई प्रयोग गर्दै कथामा हास्यभावलाई प्रचुरता दिएर विकृति विसङ्गतिप्रति प्रहार गरिएको छ । रचनाहरूमा हास्यात्मकता भन्दा बढी व्याङ्ग्यात्मकताको प्रचुरता पाइन्छ ।

### ४.४.८ पात्रको चरित्रचित्रणमा जोडदिने प्रवृत्ति

गड्तौलाका कथाहरूमा पात्रको चरित्रलाई प्रधानता दिइएको छ । उनका कथाहरू चरित्रप्रधान चाँहि होइनन् । विषयवस्तुको व्याख्या र प्रस्तुति गर्ने क्रममा पात्रलाई मुख्य बनाएको देखिन्छ । त्यसकारण पात्रलाई विषयबस्तु प्रस्तुत गर्ने माध्यमका रूपमा प्रयोग गर्ने गर्दछन् ।

### ४.४.९ परिवेशको यथार्थ चित्रण

कथा लेखन प्रक्रियामा मुख्य रूपमा स्थान वा घटना घट्ने ठाउँको प्रस्तुति हुने गर्छ । रैखिक कथाहरूमा परिवेशको प्रधानता रहन्छ । गड्तौलाका कथाहरू विशेष गरी स्थानिय रङ्ग दिने छन् । कार्यालय, ग्रामीण इलाका जस्ता कुराहरू उनका धेरै जसो कथाहरू अध्ययन गर्दा थाहा पाइन्छ । उनले प्रस्तुत गर्ने परिवेश काल्पनिक नभई आफैले देखे भोगेको हुने गर्छ । भोगेका कुराहरूलाई जस्ताको तस्तै चित्र उतार्ने कार्य यिनका कथाहरूमा भएको छ ।

### ४.४.१० कर्मचारी जीवन भोगाइको यथार्थ चित्रण

गड्तौलाले ३५ वर्ष भन्दा बढी निजामति सेवामा बिताइ रहेका छन् उनले आफ्ना कर्मचारी वृत्तमा कतिधेरै खाले सवल र दुर्वल पक्षहरूको यथार्थ परक कथाहरूमा चित्रण

गरिएको छ । आफूले देखे भोगेका घटनाहरूलाई जस्ताको तस्तै उतार्ने कार्यमा गड्तौला खप्पिस देखिन्छन् । छोटो कथाहरूका पनि गड्तौलाले कर्मचारी वृत्तमा हुने घटनाहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरेका छन् विविध विषयहरूमा कथा लेख्ने क्रममा साह्रै छोटैमा धेरै कुरा समेटेर गड्तौलाले आफ्ना रचनाहरू पस्किएका छन् ।

## ४.४.११ लयविधानगत प्रवृत्ति

लयले मुख्य गरी कवितालाई श्रुतिसम्यता र मनोरम बनाउने भएकोले यो काव्यको महत्वपूर्ण पक्ष हो । लयविधानका दृष्टिबाट डम्वरुवल्लभ गड्तौलाका कविताहरू सफल देखिन्छन् । उनका कविताहरूमा भाव र भाषाको तादात्म्यता देखिन्छ । कवितामा लोकलय र शास्त्रीय छन्द्ध प्रयोग भएको छ । उनका कथाहरू भने छोटा र बौद्धिकता प्रदान गर्ने सरल, सहज शैलीका छन् । भाषागत  सौन्दर्य बढाउन उनले भाषाको उचित संयोजन गरेका छन् ।

छन्द्धहरूको प्रयोगले काब्य कृतिहरूमा गेयात्मकता र साङ्गीतिक मधुरता प्रदान गरेको छ भने अनुप्रासिक शब्द संयोजनले गड्तौलाका काव्य कृतिहरूमा प्रयुक्त लयविधान सशक्त बनेको देखिन्छ ।

## ४.४.१२ भाषाशैलीगत प्रवृत्ति

साहित्यकार डम्बरुबल्लभ गड्तौलाले आफ्ना रचनाहरूमा सरल र सहज भाषाशैलीको प्रयोग गरेका छन् । तत्सम, तद्भव, आगन्तुक, झर्रा नेपाली बोलीचालीका शव्दहरूको अधिक प्रयोग पाइन्छ । विभिन्न उखान र टुक्काहरूको समुचित प्रयोगले उनका रचनाहरू स्तरीय बनेका छन् । प्रारम्भिक चरणको थालनीकालमा उनको भाषा परिष्कृत थिएन । तर उत्कर्ष कालका रचनाहरू भने परिष्कृत र खारिएको देखिन्छ । विभिन्न उखानहरूको समुचित प्रयोगले रचनाहरूलाई आलङ्कारिक र उत्कृष्ट बनाएको छ । उखान टुक्काहरूको प्रयोग गरेर रचनाहरूलाई ओजपूर्ण र बौद्धिक स्तरीयता प्रदान गर्नु गड्तौलाको भाषिक विशेषता हो ।

# ४.५ साहित्यकार गड्तौलाको साहित्यमा योगदान

सरकारी सेवा गर्दागर्दै उब्रिएको समयलाई नेपाली साहित्यमा समर्पण गर्ने साहित्यकार डम्बरुबल्लभ गड्तौला एउटा सचेत राष्ट्रवादी व्यक्ति हुन् । आफ्ना व्यवहार र

साहित्यिक विचारबाट सत्कर्म र सत्मार्ग पहिल्याएका साहित्यकार गड्तौला सबैलाई सत्मार्गमा अघिबढ्न आग्रह गर्दछन् । सामाजिक विषमताको विरोध गर्नु, कुसंस्कार र कुरीतिको विरोध गर्नु गड्तौलाको साहित्यिक उपलब्धि हो ।

तेह्रथुमको पिप्ले गाउँमा वि.सं. २०१३ चैत्र २८ गते बुधबारका दिन जन्मिएका गड्तौलालाई राष्ट्रप्रति वफादार साहित्यकारका रूपमा स्वीकार्न सकिन्छ । यिनले २ वटा कथासङ्ग्रह र एउटा कविता सङ्ग्रह प्रकाशित गराइसकेका छन् । लगभग आधा शताब्दी उमेरमा साहित्यमा गड्तौलाले एक दशक मात्रै समय दिन भ्याएका छन् । जागिरे जीवनको व्यस्त अवस्थाबाट बाँकी रहेको समयलाई गड्तौलाले पूर्ण रूपमा साहित्य सिर्जनामा योगदान गरेका छन् ।

गड्तौलाले साहित्य सिर्जना कविताबाट गरेका हुन् । उनले कथा लेखनमा उत्कर्षता र सफलता प्राप्त गरेको देखिन्छ । लघु आकारका कथा लेखेर उनले विकृत राजनीति, समाज र कर्मचारीतन्त्रको पर्दाफास गरेर रचनाहरू पस्किएका छन् । अन्तरचेतना र बाहिरी प्रेरणाविना कुनैपनि व्यक्ति साहित्यकार बन्न सक्दैन । तापनि बाहिरी वातावरणको प्रभाव र प्रेरणा काव्य सिर्जनाको मूल फुटाउन सहयोगी रहेको देखिएकै छ । गड्तौलाका जीवनमा पनि यस्तो घटना प्रसङ्ग जोडिनुलाई कुनै अनौठो मानिदैन । सानैदेखि पढाइमा तेज रहेका गड्तौलाले पुरानै समयमा पनि कलेज स्तरको शिक्षा ग्रहण गरेका थिए । पढाइ गर्दागर्दै उनी जागरी खाने कार्यतिर लागे । जागिरे जीवनमा, समाजमा कर्मचारीमा, राजनीतिमा, प्रहरी प्रशासन, जनजीवन लगायतका क्षेत्रमा व्याप्त अव्यवस्था र बेथितिको पर्दाफास गरेर यथार्थ चित्रण मै केन्द्रिभूत भएर समाजका अवस्थाहरूको जीवन्त चित्रण गरेका छन् । हिन्दू धर्मशास्त्रका रचनाहरू, देवकोटा र भैरव अर्यालका रचनाहरूको स्वाध्यायन गरेर गड्तौलाले प्रभाव ग्रहण गरेका थिए । तिनै प्रभावबाट उनी साहित्य सिर्जनाका क्षेत्रमा लागि परेका हुन् । अर्यालका व्यङ्ग्यात्मक निबन्धको प्रभावले गड्तौलालाई हास्यव्यङ्ग्यात्मक कथाहरू लेख्न प्रेरणा मिलेको देखिन्छ ।

देवकोटा साहित्य सिर्जनाका महासागर थिए । उनका कृतिहरूको अनुकृति मात्रै गर्ने प्रयास गर्दै पनि व्यक्ति कवि बन्न सक्दछ । यस क्रममा गड्तौलामा पनि काव्य चेतना, गीता महाभारत, रामायणदेखि लिएर महाकविताका विभिन्न रचनाहरू जस्तो मुनामदन, कुञ्जिनी, साकुन्तल, सुलोचना आदिबाट प्रभाव उत्पन्न भएको भन्न सकिन्छ । यसैकारण गड्तौलामा काव्य चेतना संचार भयो । समाजमा व्याप्त रोग, भोक, गरीबी, अशिक्षा, अज्ञानता,

थिचोमिचो जस्ता गतिविधिहरूबाट उनको अन्तस्करणमा गहिरो छाप स्थापित भएपछि गड्तौलाले चेतनामूलक रचनाहरू सिर्जना गर्न सफल भएका छन् ।

यसरी नेपाली कथा, कविता विधाका क्षेत्रमा विचारलाई कलाको स्वरूप भरेर गड्तौला साहित्यकार बन्न सफल भए । यस दृष्टिबाट हेर्दा देवकोटाको साङ्गीतिकता, अर्यालको व्यङ्ग्यात्मकता र हास्य, महानन्द सापकोटाको बौद्धिकता र विद्रोहीपनका छापहरू गड्तौलाका कथा, कवितामा प्रवृत्ति बन्न पुगेको देखिन्छ । राजनीतिक भ्रष्टता, कर्मचारी वर्गको गैरजिम्मेवारी, प्रहरी प्रशासनको गद्दारी, ठालू प्रवृत्ति जस्ता कुराहरूको पर्दाफास गरेर कथा, कविता सिर्जना गर्नु गड्तौलाको प्रवृत्ति हो । जागरण, उत्तरदायित्वबोध, सद्गुणको पृष्ठपोषण, समानताको वकालत, सामाजिक र आर्थिक शोषणको विरोध गड्तौलाका रचनाहरूका मूलभूत प्राप्ति हुन् ।

कविगत प्राप्तिको चर्चा गर्दा हालसम्म पुस्तकाकार कृतिहरू तीनवटा प्रकाशति भएका छन् । पहिलो कृति कथा सङ्ग्रह हो । यो ‘भ्यागुताको चुरीफुरी’ भन्ने हास्यव्यङ्ग्यात्मक लघु कथाहरूको सङ्ग्रह वि.सं. २०६३ मा भएको हो । दोस्रो कृति पनि कथा सङ्ग्रह नै हो । यो “झुत्रो” भन्ने बौद्धिक र उपदेशात्मक कथासङ्ग्रह वि.सं. २०६४ मा प्रकाशित भएको हो । गड्तौलाको रचना प्रारम्भ कविताबाट भएपनि कृति भने तेस्रो कविता सङ्ग्रह प्रकाशित भएको छ । यो कृति वि.सं. २०६६ मा “मरुभूमिको काकाकुल” नामाकरण गरेर प्रकाशित भएको देखिन्छ । कृतिका आयामको दृष्टिबाट विषयवस्तुको विविधता भए पनि छोटाछोटा प्रकारका रचनाहरू रहेका छन् । उनका कृतिहरू आकार प्रकारका दृष्टिमा पनि साह्रै साना देखिन्छन् ।

यसरी संख्यात्मक हिसाबले तीनवटा मात्रै सङ्ग्रह भएपनि गड्तौलाका रचनाहरू गुणात्मक दृष्टिबाट मध्यम स्तरका देखिन्छन् । भ्यागुताको चुरीफुरी नामक कथा सङ्ग्रह हास्यव्यङ्गत्मक र लघु आयामका दृष्टिकोणमा महत्वपूर्ण उपलब्धि मान्नु पर्दछ । यस्ता यति साह्रै छोटा कथाहरूको सङ्ग्रह भएको सम्भवतः यो नै महत्वपूर्ण आयम हो, उपलब्धि हो ।

छन्दोवद्ध कविता र पद्यात्मक कविताका योगदानका दृष्टिले पछिल्लो समयमा महत्वपूर्ण ठानिन्छ । गद्य कविताको माहोलमा यदाकदा छन्दका कविताहरू देखिँदा एउटा सङ्ग्रह नै छन्दमा पाउनु ठूलो प्राप्ति मान्नु पर्दछ । गड्तौलालाई आयामका हिसाबमा मध्यम स्तरका रचनाकार मानिन्छ भने प्रवृत्तिका हिसाबले कथामा हास्यव्यङ्ग्यको सफल प्रयोक्ता तथा कवितामा पद्य कवि मान्न र मूल्याङ्कन गरिन्छ । त्यसैले उनी नेपाली साहित्य जगत्को लघुकथा र कविता विधामा उल्लेख्य व्यक्तित्व बन्दछन् भन्न सकिन्छ ।

# पाँचौ परिच्छेद

# साहित्यको सैद्धान्तिक आधार र गड्तौलाका कृतिहरूको विश्लेषण

## ५.१ नेपाली साहित्यको परिचय

नेपाली साहित्यको उठान विन्दुको समयलाई उल्लेख गर्दा सिर्जनात्मक लेख्य सामग्रीलई आधार मान्न सकिन्छ । नेपाली साहित्य परापूर्वकालमा अलिखित रूपमा रहेको थियो । जतिबेलाबाट लिखित रूपमा आयो त्यसबेला देखिमात्रै नेपाली साहित्यको लिखित इतिहासको थालनी भएको हो भन्दा नेपाली साहित्य अठारौं शताब्दीतिर आइपुग्दछ । त्यसो नगर्ने हो भने नेपाली साहित्यको इतिहास खण्डखाद्य, भास्वती, बाजपरीक्षा जस्ता रचना भएको तेह्रौं, चौधौं शताब्दीतिर पुग्न सकिन्छ ।

यस्ता सन्दर्भमा सुवानन्द दासले लेखेको पहिलो लिखित नेपाली कविता ‘पृथ्वीनारायण शाह’ शीर्षकको कवितालाई नेपाली भाषमा लेखिएको पहिलो कविता मानिन्छ । वि.सं. १८०० देखि १८२६ बीचमा लेखिएको अनुमान गरिएको यस कविताबाट नै नेपाली साहित्यमा प्राथमिक कालको प्रारम्भ भएको मानिन्छ । त्यसैले नेपाली साहित्यको पृष्ठभूमिको चर्चा गर्दा उन्नाइसौं सताब्दी अघिका लिखित सामग्रीहरूलाई आधार मान्नु पर्छ । यसरी मूल्याङ्कन गर्दा एघारौं देखि अठारौं शताब्दीको अन्त्यसम्मको अवधि नेपाली साहित्यको पृष्ठभूमिकाल हो ।[५३]

नेपाली भाषाको पृष्ठभूमिकाल नेपाली भाषाको उद्भव र विकास साहित्येतर वाङ्मयको सिर्जना तथा लोक साहित्यिक रचनाहरूका विस्तारका दृष्टिले उपलब्धिपूर्ण देखिन्छ । वि.सं. १०३८ को दुल्लुमा प्राप्त दामुपालको अभिलेख नेपाली भाषामा प्राप्त पहिलो अभिलेख भएपनि यसमा उल्लिखित मितिको प्रामाणिकता पुष्टि हुन नसकेकोले सम्वत् १३१२ को हुम्ला जिल्लाको अशोक चल्लको ताम्रपत्रलाई आजसम्मको पहिलो प्रामाणिक अभिलेख मानिएको छ ।[५४]

---

[५३] माधव भण्डारी, राजन भट्टराई, नेपाली साहित्य र समालोचना, २०६२

[५४] ऐजन

अन्य अभिलेखहरूमा अछाममा प्राप्त १३३७ को अक्षय मल्लको शिलालेख, सिञ्जामा प्राप्त १३७३ को आदित्य मल्लको ताम्रपत्र, गोर्खा जिल्लाको ताधवाई गुम्बामा प्राप्त १३८५ को पुण्यमल्लको ताम्रपत्र आदि उल्लेख्य छन् । नेपाली भाषा साहित्यको उठानमा यस्ता अभिलेखहरूको ठूलो भूमिका रहेको छ ।

## ५.१.१ प्राथमिक कालीन गद्य र पद्य साहित्यको स्वरूप

विक्रमको पन्ध्रौं शताब्दीदेखि अठारौं शताब्दीसम्म ज्योतिष, औषधिमूलो, नीतिनियम र आचरण सम्बन्धी वाङ्मयहरू लेखिएको पाइन्छ । सिर्जनात्मक साहित्य लेखनको सुरुवात हुनु अघि देखिएका यस्ता साहित्येत्तर ग्रन्थहरूमा खण्डखाद्य, भाष्वती, बाजपरीक्षा प्रायश्चित्त प्रदिप आदि ग्रन्थहरू महत्वपूर्ण छन् । यस्ता ग्रन्थहरूबाट सिर्जनात्मक साहित्यलेखनको आधारभूमि तयार भएको छ । लेख्य नेपाली कविताको पृष्ठभूमिकालमा मौखिक लोकधारा प्रवाहित भएको देखिन्छ ।

कर्णालीतिरबाट लोकगीतका रचनाहरूबाट कवितात्मक अभिव्यक्तिको मौखिक परम्पराको शुभारम्भ भएको मान्न सकिन्छ । नेपालको पश्चिमलाई लोकगीत र लोक परम्पराको उद्भव र विकासको मुख्य थलो मानिन्छ । ती क्षेत्रमा पाइने मागल, पडेली, चाँचरी, भारत, सगुन, फाग, धमारी आदि लोकगीतका सामग्रीहरू नै लेख्य नेपाली कविता विधाको सिर्जनात्मक प्रारूप हुन् । लोक  साहित्यमा पाइने श्रृङ्गार, करुण, वीर भावधाराका विषयवस्तु र कवितात्मक रूप, लयबाट लेख्य नेपाली कविताधारा प्रभावित हुन पुगेको देखिन्छ ।

१९औं शताब्दीको सुरुतिर लेखिएको सुवानन्द दासको 'पृथ्वीनारायण' शीर्षकको कविताबाट लेख्य नेपाली भाषामा साहित्यिक स्वरूप प्राप्त हुन्छ । यसै समयलाई नेपाली कविताको प्राथमिक कालको आरम्भ विन्दु मान्निछ । नेपाली कविताको प्राथमिक काललाई विषयगत आधारमा हेर्दा दुई धारामा विभाजन गरेको पाइन्छ । वीरधारा र भक्तिधारा मध्ये पनि रामभक्तिधारा कृष्णभक्तिधारा र निर्गुण भक्तिधारा प्रवाहित रहेका छन् ।

पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानलाई प्रशंसा गर्दै तत्कालीन कविहरूले वीरस्तुतिका कविताहरू लेखेका थिए । रजावन्दना र वीरवन्दनाबाट देशभक्तिको स्वर उराल्नु यस समयका कविताहरूको मुख्य विशेषता हो । यस अवधिमा सुवानन्द दासले 'पृथ्वीनारायण शाह' शक्तिबल्लभले 'तनहुँ भकुण्डो' उदयानन्द अर्ज्यालको 'पुरानो वातको अर्जी', 'पृथ्वीन्द्रोदय',

रघुनाथ पोखेलको 'स्तुति पद्य', सुन्दरानन्द बाँडाको 'आशा नदी' जस्ता रचनाहरू देखिएका छन् । पृथ्वीन्द्रोदय जस्तो महाकाव्यस्तरीय कृतिको रचना गर्ने अर्यालका रचनाहरूले सौन्दर्यको उचाइ पाएको छ ।

वि.सं. १८७३ को सुगौली सन्धिले नेपाली वीर भावनामा ठेस पुगेपछि ईश्वरभक्तितिर झुकेको नेपाली समाजको मनोभावना अनुरूप तत्कालीन स्रष्टाहरू भक्ति साहित्यको रचनातर्फ प्रवृत्त भएका देखिन्छन् । यस अवधिमा रामको आदर्श चरित्रको वर्णन गरिएको रामभक्ति धारा, कृष्णका लीला चरित्रको वर्णन गरिएको कृष्ण भक्तिधारा र निर्गुण ब्रम्हको उपासनामा केन्द्रित निर्गुण भक्तिधारा सँगसँगै प्रवाहित भएका छन् ।

लयका दृष्टिले यस अवधिमा वर्णमात्रिक र लोक छन्दको बाहुल्य देखिन्छ भने स्वरूपका दृष्टिले कविताका लघु, मध्यम र वृहत् तीन थरीका काव्यहरू लेखेको पाइन्छ । प्राथमिक कालीन कविहरूमा भानुभक्त आचार्य प्रमुख मानिन्छन् र उनको 'रामायण' प्रथम नेपाली महाकाव्य र प्राथमिक कालीन काव्य क्षेत्रको महत्वपूर्ण उपलब्धि हो ।

गद्य विधातर्फ शक्तिबल्लभ अर्यालको महाभारत विराटपर्व (१८२७) प्राथमिक कालीन नेपाली गद्य साहित्यको पहिलो अनुवाद भएको रचना मानिन्छ । पृथ्वीनारायण शाहको दिव्योपदेश (१८३१), भानुदत्तको हितोपदेश (१८३३), भवानीदत्तको मुद्राराक्षस (१८९२) जस्ता रचनाहरू यस अवधिका महत्वपूर्ण गद्य रचनाहरू हुन् । यस्ता कृतिहरू गद्यविधाका पृष्ठभूमि बनेका छन् । प्राथमिक कालीन नेपाली गद्य साहित्यमा देखापरको निबन्ध, नाटक, कथा र उपन्यास विधाको आधारभूमि निर्माण गर्ने महत्वपूर्ण माध्यम बनेको पाइन्छ ।

## ५.१.२ माध्यमिक कालका गद्य, पद्य र नाटक साहित्यको स्वरूप

वि.सं. १९४१ देखि १९९० सम्मको अवधि नेपाली साहित्यको माध्यमिक काल मानिन्छ । प्राथमिक काल र माध्यमिक काललाई छुट्याउने मुख्य प्रवृत्ति भनेको नेपाली साहित्य पाण्डुलिपि युगबाट मुद्रण युगमा प्रवेश गर्नु हो । अनुवाद रूपान्तरणबाट मौलिक लेखन तर्फको संक्रमण पनि माध्यमिक कालको सुरुवातको मुख्य परिचायक प्रवृत्ति हो । माधयमिक कालको यस छोटो अवधिमा नेपाली साहित्यमा नवीन विधा र विशेषताहरू देखा परेका छन् । गीत, गजल, कविता, खण्डकाव्य, नाटक, आख्यान, समालोचना, जीवनी जस्ता अनेकौं विधाहरूले यस कालमा मौलाउने अवसर पाएका छन् ।

माध्यमिक नेपाली साहित्यलाई अध्ययनको सुविधाका लागि पद्य र गद्य विधामा विभाजन गर्न सकिन्छ । पद्य अर्न्तगत कविता, गीत, गजल, समस्यापूर्ति तथा खण्डकाव्य जस्ता विधाहरू पर्दछन् । गद्य विधामा नाटक निबन्ध, आख्यान र समालोचना पर्दछन् । यस अवधिमा देखापरेका शृङ्गार दर्पण, संगीत चन्द्रोदय, सुक्तिसिन्धु, आदि कृतिहरू र कविता कल्पद्रुम सुन्दरी जस्ता पत्रिकाहरू पद्य साहित्यका प्रतिनिधि रचनाका रूपमा रहेका छन् ।

गद्य विधातर्फ मोतीराम, शम्भुप्रसाद ढुङ्गेल पहलमान सिंह स्वाँरका नाटकहरू उपलब्ध छन् । आख्यानमा शिवदत्तको 'वीर सिक्का' १९४६, गिशिबल्लभ जोशीको वीर चरित्र, सदाशिव शर्माको महेन्द्रप्रभा आदि उल्लेख्य कृतिहरू हुन् । यी मध्ये वीरचरित्रलाई नेपाली आख्यान साहित्यको विकासमा कोशेढुंगा मानिन्छ ।[५५]

मोतीरामको 'भानुभक्तको जीवन चरित्र (१९४८)' राममणि आदि र सूर्यविक्रम ज्ञवालीका समालोचनाहरू नेपाली समालोचनाका फाँटमा महत्वपूर्ण प्राप्ति हुन् । यसबाट यस अवधिमा नेपाली साहित्यका अनेक हाँगाविँगा पलाएका र विभिन्न गोरेटोहरू तयार भएको निष्कर्ष निकाल्न सकिन्छ ।

माध्यमिक नेपाली कविताको मूल प्रवृत्ति शृङ्गारिकता हो । यसका साथै प्राथमिक कालीन प्रस्तुति र भक्ति प्रवृत्ति पनि यस अवधिमा प्रवाहित भएकै छ । यस कालका साहित्यकारहरूले विषय प्रस्तुतिमा काल्पनिकतालाई ज्यादा अंगालेको पाइन्छ । कवि समुह गठन तथा सामुहिक कवितासङ्ग्रह यस कालका नौला प्रयास हुन् । कविताको लघुतम, लघु, मध्यम रूपको सिर्जनामा यस अवधिका कविहरूले चासो लिएको पाइन्छ । शास्त्रीय, लो्क तथा फारसी छन्दको प्रयोगले नेपाली कविताले नवआयाम प्राप्त गरेको छ । यस अवधिका गद्य विधाले पनि केही नयाँ प्रवृत्तिका साथ फस्टाउने मौका पाएको छ । काल्पनिक, अलौकिक तथा अतिमानवीय घटना र पात्रहरूको प्रयोग गरी नीति तथा सुधारवादी सन्देश प्रस्तुत भएका आख्यानहरू प्रशस्तै यस कालमा देखिएका छन् ।

माध्यमिक कालमा पद्यमा कलम चलाउनेहरू मोतीराम, लक्ष्मीदत्त, शम्भुप्रसाद, लेखनाथ, सोमनाथ सिग्देल आदि प्रतिभाशली स्रष्टाहरू हुन् । नेपाली गद्य फाँटमा कलम

---

[५५] कृष्णविलाश पौडेल, नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना, काठः नवीन प्रकाशन, २०५९

चलाउनेहरू शिवदत्त शर्मा, गिरिसबल्लभ जोशी, पहलमानसिंह स्वाँर, राममणि आ.दी. लगायतका गद्य कृतिकारहरू देखिएका छन् ।

माध्यमिक नेपाली साहित्य गद्य, पद्य दुवै विधाको विकास र विस्तारका दृष्टिले उपलब्धिपूर्ण अवधिका रूपमा रहेको छ । गद्य-पद्य दुवै विधामा नवीन प्रवृत्तिहरू देखापर्नु निश्चय पनि आधुनिक नेपाली साहित्यका उन्नतिका लागि शुभ सङ्केत हो । यसरी पूर्वआधुनिक नेपाली साहित्यमा देखापरेका विभिन्न विधा र प्रवृत्तिहरूबाट आधुनिक नेपाली साहित्यको स्वरूप निर्माणमा महत्वपूर्ण योगदान पुगको देखिन्छ ।

## ५.१.३ आधुनिक कालको नेपाली साहित्यको स्वरूप

वि.सं. १९९१ देखि पछिको समयलाई आधुनिक काल भनेर नेपाली साहित्यमा निर्क्यौल गरिएको छ । यस समयमा साहित्यका क्षेत्रमा व्यापक विस्तार भयो । प्रत्येक विधाहरूको विधागत व्याप्ति स्थापना भयो । लघु कवितादेखि महाकाव्यसम्म काव्यका फाँटमा रचना गरिए । कथाका क्षेत्रमा पनि विभिन्न आयाम र प्रवृत्ति भएका रचनाहरू प्रकाशमा आए । त्यस्तै गरेर उपन्यास, निवन्ध, नाटक, एकाङ्की, खण्डकाव्य, समालोचना आदि साहित्यका सम्पूर्ण क्षेत्रको विकास यस आधुनिक कालमा भएको देखिन्छ ।

यस समयमा आएर नेपाली साहित्यको कालविभाजन कार्य भएको छ । साहित्यको इतिहासमा तिथिमिति, कृतिहरू, लेखकहरू, आन्दोलन तथा घटनावलीहरू तथ्यपूर्ण र यथार्थ हुन्छन् । तर कालविभाजन भने यथार्थपूर्ण र मानक हुँदैनन् । इतिहास अतीतको घटना भएकोले प्राककल्पना बनाएर यसको अध्ययन गरिन्छ । तापनि यसको विभाजनमा एकरूपता पाउन सकिएको छैन । काल विभाजन अध्ययनको सुविधाका लागि गरिन्छ । नेपाली साहित्यका सन्दर्भमा निम्न लिखित आधारलाई लिएर विद्वानहरूले काल विभाजनका मान्यताहरू प्रस्तुत गरेका छन् ।

१. समयका आधारमा

प्राथमिक काल

माध्यमिक काल

संक्रमणकाल आदि

२. राजनीतिक घटनाका आधारमा

| | |
|---|---|
| एकीकरणपूर्व | क्रान्ति उत्तर |
| एकीकरणउत्तर | प्रजातन्त्रकाल |
| क्रान्तिपूर्व | पञ्चायतकाल आदि । |

३. स्रष्टाका आधारमा

| | |
|---|---|
| भानु युग | लेखनाथ युग |
| मोती युग | देवकोटा युग आदि । |

४. साहित्य धाराका आधारमा

वीरधारा, भक्तिधारा, शृङ्गारिकधारा आदि ।

५. शासक वर्गका आधारमा

पृथ्वीनारायण शाहयुग

राणाशासन युग

महेन्द्र युग

वीरेन्द्र युग आदि ।

नेपाली साहित्यको काल विभाजन गर्दा उपयुक्त आधारहरूको सहायता लिइएको छ । तापनि विभाजनमा एकरूपता छैन । साहित्यको इतिहास लेखन अत्यन्तै जटिल कार्य हो । यस कार्यको लागि इतिहासकारले इतिहास र समालोचकीय दृष्टिका बीचमा सन्तुलन कायम गर्न सक्नुपर्छ । पूर्वाग्रह, दुराग्रह, कमजोर मूल्याङ्कन भावुकता, जस्ता भावनाहरूमा अल्झियो भने उपयुक्त समालोचना गर्न गाह्रो पर्छ । इतिहासकार वस्तुगत, तथ्य, ठोसपूर्ण एवम् प्रामाणिक ढङ्गले अघि बढ्न सक्नुपर्छ । अनिमात्र साहित्यको उपयोगी इतिहास तयार हुनसक्दछ । नेपाली साहित्यलाई विभिन्न समालोचकहरूले विभिन्न तरिकाले काल विभाजन गरेपनि सर्वमान्य रूपमा प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल भनेर वर्गीकरण गरी अध्ययन प्रस्तुत गर्न उपयुक्त ठानिएको छ ।

प्राचीन कालदेखि मोतीरामको उदय पूर्वको समयलाई प्राथमिक काल नामकरण गर्न सकिन्छ । त्यस्तै गरेर १९४० पछि शारदा पत्रिकाको प्रकाशन पूर्वको नासो कथा समयलाई

माध्यमिक काल अनि शारदा पत्रिका मुनामदन, रूपमतीको प्रकाशन जस्ता उपलब्धिहरूले नेपाली साहित्यलाई आधुनिकता प्रदान गर्न सफल भयो । आधुनिक कालमा विभिन्न धारा, र प्रवृत्तिहरू साहित्यमा उपस्थित भए । साथसाथै प्रयोग समेत भइरहेको देखिन्छ ।

यस आधुनिक कालमा कविता, कथा, निबन्ध, उपन्यास, नाटक लगायतका सम्पूर्ण विधाहरूले आधुनिकता प्राप्त गर्न सफल भएको छ । यस समयमा विधागत र कृतिगत रूपमा धेरै साहित्यकारहरूले नेपाली साहित्यमा योगदान गरेका छन् । कति साहित्यकारहरू पुरानै ढाँचामा देखिएका छन् भने कतिले नव नव प्रयोग गर्दै नेपाली साहित्यलाई विश्वस्तरको साहित्य बनाइरहने कार्यमा योगदान गरेको कुरा घामजुन झैं स्पष्ट छ ।

## ५.२ डम्बरुबल्लभ गड्तौलाका रचनाहरूको विश्लेषण

### ५.२.१ आमुख

साहित्यकार डम्बरुबल्लभ गड्तौला मुख्यतः समाज, राजनीति र प्रशासनिक क्षेत्रको सुधारका पक्षमा कलम चलाउने साहित्यकार हुन् । उनले काव्य यात्राको थालनी चरणदेखि नै अन्तिम चरणसम्म आफ्ना रचनाहरूलाई सामाजिक थिचोमिचो र विसमतालाई उजागर गर्दै सामाजिक उत्थान र सुधारका स्वरहरू उराल्ने गरेका छन् । तत्कालीन नेपाली समाजमा विद्यमान अनेकन कुप्रथा, कुसंस्कार, कुरीति तथा थिचोमिचो आदिको सजीव र मार्मिक चित्रण गर्दै समाजलाई उपयुक्त मार्गनिर्देशन समेत गरेका छन् ।

सामाजिक पछौटेपन, नारीप्रतीको दृष्टिकोण, वेथिति आदिको यथार्थ चित्रण गर्दै विकृति विसङ्गति प्रति हास्यभावमा व्यङ्ग्य गरेका छन् । यस परिच्छेदमा गड्तौलाका रचनाहरूको क्रमशः विश्लेषण प्रस्तुत गरिएको छ ।

### ५.२.२ भ्यागुताको चुरीफुरी कथासङ्ग्रहको विश्लेषण

डम्बरुबल्लभ गड्तौलाले कृतिका रूपमा प्रकाशित गरेको यो भ्यागुताको चुरीफुरी (२०६३) पहिलो हास्यव्यङ्ग्यात्मक लघु कथासङ्ग्रह हो । आकारका आधारमा हेर्दा १०० पृष्ठ

सङ्ख्या भएको १०१ संख्यामा साह्रै छोटा कथाहरू भएको हास्यमा भन्दा व्यङ्ग्यमा फस्टाएको कथासङ्ग्रह हो । गड्तौलाको यस कथासङ्ग्रहलाई लघु आयामको कथा सङ्ग्रहका रूपमा विश्लेषण गर्न सकिन्छ ।

### ५.२.२.१ रुचि क्षेत्र

यस सङ्ग्रहको रुचिक्षेत्र समाजमा व्याप्त गरीवी, रोग, भोक, भ्रष्टाचार, गैरजिम्मेवारीपन जस्ता सामाजिक कुरीतिहरू रहेका छन् । देशमा रहेका कर्मचारीहरू कसरी देशकै ढिकुटी रित्याएर पनि चाकरी चाप्लुसीमा मोज गर्दछन् भन्नेकुरा यस सङ्ग्रहका छोटा छोटा कथाहरूमा उजागर गरिएको छ । यस सङ्ग्रहको पहिलो कथा पाप र धर्मका विषयमा पण्डितले व्याख्या गरेका ठाउँमा एउटा एकजना दलितलाई समाजका गन्यमान्य व्यक्तिले वेस्सरी पिटेको कुरालाई छोटोमा देखाएर धर्मको व्याख्याताहरूको विकृतिपूर्ण चरित्रलाई पर्दाफास गरिएको छ ।

'कसैले मन नपराएको मान्छे' भन्ने कथामा कर्मचारीले सधैं भोग्नुपरेको सरुवाको समस्यालाई चित्रण गरिएको छ । 'बजेट' भन्ने कथामा बजेट विकास गर्न पठाइएको भएपनि मिलाएर खाने गरेर विकास सम्भव नभएको चर्चा गरिएको छ । 'इमान्दार कर्मचारी' शीर्षकको कथामा कर्मचारीमा इमान्दारी भन्दापनि चाप्लुसीले पुरस्कार पाउने कुरा उल्लेख गरिएको छ । 'स्वर्णिम समाज' कथामा गाउँमा ठिनेमिने राजनीति गर्ने मानिसले राजनीति गर्दा तरिका नपुऱ्याएर जेल परेको चर्चा गरिएको छ । 'निष्पक्ष' कथामा राजनीति गर्ने व्यक्तिहरूले सानोठूलो आर्थिक हिनामिना गरेको भएपनि जोगिने कुराको व्यङ्ग्यात्मक तरिकाले उजागर गरिएको छ । प्रशासनले पनि प्रभावमा काम गर्दछन्, निष्पक्ष छैनन् भन्ने कुराको चित्रण गरिएको छ । 'देशसेवा' कथामा देशका ठूला भनिने व्यक्तिहरूले चरेश, गाँजा जस्ता अवैध कारोवार गर्ने गरेको विषयलाई कथाको रुचिक्षेत्र बनाएको देखिन्छ । 'स्वतन्त्रता' कथामा छुट्टै खालको सबैलाई बाँध्न सकिने नियम बनाएमा मात्रै सबैको स्वतन्त्रताको रक्षा हुनसक्छ भन्नेकुरा प्रतीकहरूको प्रयोग गरेर प्रस्ट्याइएको छ । स्याल, ब्वाँसो आदि अमानवीय पात्रहरू रहेका छन् । 'सहारा' कथामा सन्तान जीवनको इसाराका लागि चाहिने भएपनि सन्तान छोराले बाबुआमालाई दिन नसकेको सेवा र उल्टै छोराबुहारीको बाबुआमाले सेवा गर्नुपर्ने कुराको व्यङ्ग्य गरिएको छ ।

त्यस्तै गरेर गड्तौलाले मुक्ति, इज्जत, न्याय, भोज, नीतिनियम, नेल, कर्म, राहत, सुरक्षा, बौलाहा, पतिव्रता, बदमास, धन, जग्गा, मर्यादा, भ्यागुताको धाक, पाकेको केरा, धितो,

आश्रय, आहारा, पेटको जुका, परिश्रमको फल, सुराकी, शान्तिदूत, समालोचक, बुढोगिद्ध, स्वयमपाके, पक्का साहू, लम्पसार, सप्रेको विरुवा, कागको मृत्यू, कमिला, विरामी, मट्टितेल, को शक्तिवान्?, वेश्या, रोगी, माया, मूल्याङ्कन, ममता, चिनजान, आन्दोलन, गुजारा, भ्रष्टाचार, सभा, ऐरावत र इन्द्र, मलामी, समाधान, वार्षिक तिथि, शत्रु, चोर, संगत, साइत, साथी, आर्शिवाद, विजयोत्सव, भारी, ऋण, खेल, अछुत, विवाह, दवाइ, जात परदेशी, इन्साफ, गोरुका सिङ, अंश, कागती विलौना, व्यापार, सामन्त, तरिका, पूजा समरबहादुरको सपना, बहाना, निर्णय, सिन्दुर, मासु, बुहारी, जिभ्रो, असल बुहारी, अधिकार, उदार साहू, मालिक, दूध, इमान्दार, नोकर, अनुसन्धान, संस्कार, वादविवाद, वावु, टाँगा, मकै यस कथा सङ्ग्रहका कथाका शीर्षक रहेका छन् । १०१ लघु कथाहरूको सङ्ग्रह 'भ्यागुताको चुरीफुरी' मा कथाहरूको रुचिक्षेत्र प्रशासन, राजनीति, भ्रष्ट व्यवहार, आर्थिक अनियमितता, आदि रहेको पाइन्छ । कथा सङ्ग्रहमा प्रयुक्त कथाहरू देशको प्रशासनिक क्षेत्र र भ्रष्ट राजनीतिक अवस्था, सामाजिक कुसंस्कारको यथार्थ चित्रण गर्ने क्रममा समाजका र जीवनका विभिन्न झलकहरू दिएर व्यङ्ग्यात्मक र रोचक बनाएका छन् ।

कथाकार गड्तौलाका कथाहरूमा माध्यमिक काल खण्डका प्रवृत्ति, परिकथाहरू, व्यङ्ग्यात्मक आख्यान जस्ता सामाजिक विषयवस्तुहरू समेटिएका हुन्छन् । उनका कथाहरूको रुचि क्षेत्र राज्यको प्रशासनिक, आर्थिक, पाप-धर्म, नीति नियम जस्ता विषय वस्तुहरू समेटिएका हुन्छन् । गड्तौलाको 'पाप धर्म' नामक कथाबाट यहाँ उदाहरण प्रस्तुत गरिकएको छ । पाप-धर्म यस्तो-उस्तो भन्दै बसमा बसेर पण्डित्याई गरी घर फर्किदै जाँदा बाटोमा पण्डितले मिजारकी बुहारीसंग रासलीलामा लाग्दा नेप्टेले देख्यो । जुन कुरा उसले गाउँघरमा प्रचार गऱ्यो । मन्दिरमा भेलाभएका गाउँलेहरूले नेप्टेका कुरा माथि अविश्वास गरे । यस्ता कुराहरूले गड्तौलाका कथाहरूको रुचि क्षेत्र ग्रामीण र सामाजिक विकृति विसङ्गतिहरू परिवेशका रूपमा रहेको स्पष्ट हुन्छ । उनका कथाहरूको रुचि क्षेत्र ग्रामिण समाजको जीवनशैली, सरकारी कार्यालयहरूमा हुने अनियमितता जस्ता विषयलाई कथा लेखनको विषय बनाइएको देखिन्छ ।

### ५.२.२.२ रीति क्षेत्र

डम्वरुवल्लभ गड्तौलाले यस सङ्ग्रहमा यथार्थवाद भित्र व्यङ्ग्यको संयोजन गरेका छन् । धर्मकर्म, कर्मचारी, राजनीतिज्ञ आदि द्वारा समाजमा भएको थिचोमिचो चाकरी प्रवृत्तिको

यथार्थवादी ढङ्गबाट संयोजन गरिएको पाइन्छ । यसको पुष्टिका लागि यस सङ्ग्रह भरीका दुई कुराहरूलाई आधार वनाएर हेर्न सक्दछौ, ती हुन् १. पात्र २. विषयको प्रस्तुति

यस सङ्ग्रहमा प्रयुक्त पात्रहरूलाई हेर्दा मानवीय र अमानवीय पात्रहरूको संयोजनले हामी के देख्दछौं भने कथाकारले समाजको निम्न वर्गका मानिस, पीडित मानिस, थिचोमिचोमा रमाउने तर गलत आचरण भएका पात्रहरू र तिनीहरूको व्यक्तिगत, पारिवारिक समस्याहरू र परिवेश अर्न्तगत पहिचान गराएका छन् । अमानवीय पात्रहरूले भने व्यङ्ग्यपूर्ण भावको पहिचान प्रस्तुत गरिएको छ । कथाहरूमा कमिला, माहुरीको रीति प्रस्तुत गरेर मानिसलाई श्रमप्रतीको आस्था झल्काउने काम गरेको पाइन्छ । यथार्थवादीहरू गरिब किसान, मजदुर, तल्लो दर्जाका कर्मचारीहरूको जीवनमा बढी सरोकार राखेको देखिन्छ । उनका कथाहरूका पात्रहरू 'वेश्या' कथाकी वेश्या, 'पापधर्म' कथाको नेप्टे, 'भारी' कथाको भरिया जस्ता पात्रहरू समाजका निम्न वगका पात्रहरू हुन् । यी पात्रहरू समाजमा पिडित बनेर बाँचेका छन् । कतै चाप्लुसी पात्रहरूको प्रयोग भएको छ भने कतै प्रति प्रहार गर्ने रीति बनाइएको छ ।

विषयवस्तुको चर्चा गर्दा मानिसहरूको विचार नै नपुगेको क्षेत्रमा गड्तौलाले कथाको निर्माण गरेका छन् । यथार्थवादीहरू आफ्ना कृतिहरूका लागि गहन विषय भन्दा सामान्य विषय बनाएर कथा लेख्छन् । त्यस्तै गरेर यस्ता विषयलाई ज्यादै सुक्ष्म तरिकाले हेर्ने गर्छन् । तर गड्तौलाका यस सङ्ग्रहमा रहेका कथाहरूले सुक्ष्म तरिकाबाट कुनै पनि विषयमा चिन्तन प्रस्तुत गरेको देखिदैन । सिधै, छोटोमा विषयको चित्रण प्रस्तुत गर्ने गड्तौलाको तरीका देखिन्छ । पण्डितहरू पनि फटाहा हुने । चोरले पनि राम्रा काम गर्न सक्ने कुराहरू कथाका विषय बनेका छन् । नेपाली सामाजिक, प्रशासनिक अवस्थाको यथार्थको सुर्न्दभमा व्यङ्ग्यात्मकता झल्किन्छ । उस कथाका पात्रहरू र कथाकारले चयन गरेको विषयवस्तु तथा त्यस विषय वस्तुको प्रस्तुतिकरणलाई हेर्दा यस सङ्ग्रहका लघुकथाहरू सामाजिक यथार्थमा बाँचेका यथार्थवादी कथाहरूको रीति क्षेत्र रहेको प्रष्ट हुन्छ ।

### ५.२.२.३ कथाहरूको सारवस्तु

कुनै पनि रचनामा लेखकले पाठक वर्गसंग सम्वन्ध स्थापना गर्न आफ्ना कृतिहरूमा कुनै न कुनै विचार, भाव वा दृष्टिकोणलाई विधास्वरूप हेरी प्रस्तुत गरेको हुन्छ । मुख्यगरी

आख्यानात्मक रचनाहरूमा यस्ता भावहरू काल्पनिक तथा यथार्थ मात्र र घटनाको संयोजन गरी कलात्मक ढङ्गमा व्याख्या वा नाटकीकरण गरिएको हुन्छ । गरीबी, शोषण, प्रशासनिक अव्यवस्थाले पारेको असर आदिलाई व्यङ्ग्य भावमा प्रस्तुति गर्नु यससङ्ग्रहका कथाहरूको सारवस्तु हो । लघु आयामका कथाहरू भएकोले समग्र कथा सङ्ग्रहको सारवस्तु नै यहाँ खिचिएको छ । भ्यागुताको चरीफूरी कथा सङ्ग्रहमा भ्यागुताको धाक भन्ने कथामा प्राकृतिक पशुपंक्षीको प्रतीक स्थापना गरेर सर्प गरुडसँग डराउने, भ्यागुतालाई सर्पले खाने जस्तो सिधा प्रस्तुति गरे पनि ठूलाठालुको संरक्षण पाएर जस्तातस्ता पनि धाक लाउन पुग्छन् भन्ने व्यङ्ग्य पस्किएको छ । सारवस्तु एकातिर व्यङ्ग्यात्मक वनाइएको छ भने कथा योजना सामान्य व्याख्या जस्तो देदिन्छ । यस सङ्ग्रहमा ठूलो सारवस्तुको योजना गरिएको पाइदैन किनभने कथाहरूनै एक वाक्यमा पनि सिद्धिएका छन् ।

उस सङ्ग्रहको सारवस्तु भनेको सामाजिक विकृतिहरूको पर्दाफास गर्नु र भ्रष्टाचार तथा ससरकारी कर्मचारीहरूका कमजोरीका विविध पक्षहरूको चित्रण गर्नु रहेको देखिन्छ । निश्चित सारवाक्य नै चाँहि उनका कथाहरूमा देखिदैन ।

### ५.२.२.४ कथा सङ्ग्रहमा प्रयुक्त अर्थ सापेक्ष

कथाकारले आफ्नो कथाको सारभूत बस्तुलाई पाठक सामु सम्प्रेषण गर्नका लागि विभिन्न रणनीतिहरू अँगालेको हुन्छ । कथाकारले कतै प्रतीकलाई आधार बनाएको हुन्छ भने कतै रूपक र स्वैर कल्पनाको आधार लिएको हुन्छ । अनि आफ्ना भाव, विचार, दृष्टिकोणहरू पेस गरेको हुन्छ । कुनै पनि मूर्त वा अमूर्त वस्तु कथामा प्रतीक बनेर आउँछ त्यसबेला त्यो प्रतीक आफै सक्रिय बनी त्यसले सम्पूर्ण विषयवस्तुलाई प्रभावित गर्दछ । कथाकार गड्तौलाका यस सङ्ग्रहमा भने सिधै मानवेतर पात्रहरूलाई प्रतीकका रूपमा उपस्थित गराएर व्यङ्ग्यपूर्ण भावको सिर्जना गरेका छन् ।

कथाहरू एउटा पात्रले अर्न्तदृष्टि भएजसरी सनै कथाहरू सुनाउने, कथाकार सर्वद्रष्टा देखिने गरी भिनो विषयवस्तुलाई समेटी कथा लेखिएकोले प्रत्येक कथाहरूको एकै सारभूत पक्ष र अर्थ प्रष्टिन्छ । विकृत समाज कहाँ कहाँ र कसरी विकृत वन्न पुगेको छ भन्ने उसमा रहेका कथाहरूको अर्थ हो । हुनत विभिन्न सहज वस्तु र घटनाहरूको चित्र उतारिए

पनि अर्थका दृष्टिले कथाले विभिन्न परिवेशमा भएका घटनाहरूबाट सामाजिक विकारको पर्दाफास गर्नु नै मुख्य रहेको छ । त्यसैले यी कथाहरू अभिधामूलक रहेको स्पष्ट हुन्छ । प्रतीकात्मकता नै यी कथाहरूको अर्थ सापेक्ष हो भन्नु उपयुक्त ठहर्दछ ।

### ५.२.२.५ कथामा प्रयुक्त दृष्टिविन्दु

कथाकार गड्तौलाका कथाहरू कथाकारकै भोगाइ, जीवन दृष्टि लगायतका विषयवस्तु भए पनि कथाहरूमा अन्य पात्र हरूलाई नै उपस्थित गराएका छन् । हुन चाँहि आफैले कथा सुनाए जस्तो गरिए पनि अन्त्यमा अरु नै पात्रको उपस्थिति गराएर तृतीय पुरुष दृष्टिविन्दु उपस्थित गराएका छन् । प्रत्येक कथामा कथाकार वाहिर बाट मात्रै उपस्थित छन् । जस्तै 'अछुत' कथामा खोला छेउमा बस्ने बूढो सुनारेलाई खोलामा पुल हाल्ने सुर चलेछ । जसोतसो पुल लगायो । ठूलाठालु प्रवृत्ति भएकाले पुलको बिनष्ट गराए । बूढो आकूलव्याकुल बन्यो । मुखियाले सवै फटाइ गरेको कुरा पर्दाफास भयो । यस कथामा कथाकार सवैकुरा देखे झैं गर्ने तर थारै पात्रको उपस्थिति गराएर ती घटनाहरूलाई प्रस्तुत गर्ने गर्छन् । यसैकारण गड्तौलाका कथाहरूमा बाह्य तृतीय पुरुष दृष्टिविन्दु संयोजित भएको देखिन्छ । कथाकारले सवै कथाहरूमा मानवीय र मानवेत्तर पात्रहरूको उपस्थिति गरएर थोरै नाटकीकरण उपस्थित गराएका छन् । 'विजयोत्सव' कथामा हरिकृष्ण भन्ने पात्रको सिर्जना गरेका छन् । उसले थोरै समयमा गरेको सानो कुराको चर्चा गर्दै उसको चरित्र कथाकारले नै नराम्रो भएको उल्लेख गरी तृतीय पुरुष दृष्टिविन्दुको संयोजन गरेको देखिन्छ ।

### ५.२.२.६ कथानक ढाँचा

डम्वरुवल्लभ गड्तौलाले कथाहरू परम्परागत शैलीमा निर्माण गरेका छन् । तर यी कथाहरूमा देखा परेको नवीनता भनेको आकारमा लघुता हो । रैखिक गतिका कथानक ढाँचा रहेको छ । यस्ता कथाहरूमा प्रारम्भ, मध्य र अन्त्यको क्रममा कथाहरूको संरचना निर्माण भएको देखिन्छ । अति नै छोटा कथाहरू भएकाले उस सङ्ग्रहका कथाहरूमा त्यति धेरै आदि, मध्य र अन्य्यको ढाँचा नछुट्टिए पनि कथानक ढाँचा रैखिक नै रहेको छ । कतै-कतै पूर्व दीप्ति शैली अपनाइएको छ । समग्रमा कथाहरू रैखिक ढाँचामा छन् ।

कथालाई थालनी गर्दा कुनै विष्यवस्तु चयन गरिएको छ । त्यस चयन भएको विषयवस्तुमा समस्याहरूको स्थापना गरिएको छ र अन्त्यमा कुनै खास रहस्यलाई उजागर

गरिएकोछ । यसरी कथालाई प्रारम्भ गर्न कुनै विशेष विषयको चयन गरेर कथा थालनी गर्नु कथाको प्रारम्भ विन्दु हो । कुनै समस्या वा विषयलाई छोटो व्याख्या गर्नु घटना प्रस्तुत गर्न कथाको मध्य विन्दु हो र कथामा वर्णित विषयमा भएको रहस्यको उद्घाटन गरेर कथा टुङ्ग्याउनी वा अन्त्य हो । यसरी गड्तौलाका कथाहरू रैखिक ढाँचाका रहेका छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

### ५.२.२.७ रूप विन्यास

कथाकार गड्तौलाका कथाहरू सामाजिक परिवेश र ग्रामीण विषयवस्तुहरू अधिक प्रयोग भएको पाइन्छ । त्यसकारण जागिरे जनजीवन र ग्रामीण विषयवस्तुहरू प्रयोग गरेर कथाहरू लेखिएकोले कथामा प्रयुक्त विभिन्न शब्दहरू त्यस अनुरूपकै पाइन्छन् । ढिकी, जाँतो जस्ता शब्दहरूको प्रयोगले चलनचल्ती हराउन लागेका शब्दहरूको प्रयोग भएको देखिन्छ । कथाकारले कथाहरूमा कथ्य भाषालाई गौण बनाएका छन् । किनकी उनका कथाहरूमा कुनै दृष्टान्त को संयोजन गरिएको छैन । कथाकारले कुनै पात्रको उपस्थिति गराएर कथा सुनाउने शैली प्रयोग गरेको देखिन्छ । उनका कथाहरूमा कुनै उपकथाहरू जोडेको हुदैन मुख्यतः लघुकथाहरूमा त्यो सम्भव पनि देखिदैन । वृहत कथाहरूमा देखापर्ने कुनै एउटा उप कथा नै यहाँ गड्तौलाको पूर्ण रूपको कथा बनेको देखिन्छ ।

कथाहरूमा उनले भाषिक स्वभाविकता ल्याएका छन् । तर परिष्कारपूर्ण कथ्यको प्रयोग पाइन्छ । सीमित संख्यामा उखान वा टुक्काको पुष्टिका लागि समेत कथा लेखिएको देखिन्छ । वाक्य गठनका दृष्टिले कुनै कथाहरू एउटै वाक्यमा समेत कथा पुरा भएको देखिन्छ । 'धितो' कथा एउटै वाक्यमा पूरा भएको कथा हो । दश देखि वीस वाक्य सम्मका संयुक्त वाक्य गठन गरेर कथाहरू सिर्जना भएका छन् । पात्रहरूको संवाद खासै सिर्जना भएको देखिदैन । त्यसकारण कथाकारकै आफ्नो बौद्धिक र परिष्कारपूर्ण भाषा प्रयोग भएका वाक्यहरू गठन भएका छन् । सङ्ग्रह भरी नै कथाकारका भाषा शैलीको स्पष्ट प्रभाव परेको देखिन्छ । छोटो अनुच्छेद र छोटा कथाहरू यस सङ्ग्रहको मुख्य प्रवृत्ति रहेको छ ।

भ्यागुताको चुरीफूरी कथा सङ्ग्रह सानो आकारको कृति हो । यसमा एकसय एक कथाहरू रहेका छन् । लेखक स्वयंले प्रकाशन गरेको यस सङ्ग्रहमा भूमिका लेखकको आफ्नै छ । एउटा प्रसङ्गमा लेखकले अभि सुवेदीले भूमिका लेख्न हिचकिचाएको कुरा समेत उल्लेख गरेका छन् । कयो सङ्ग्रह ज्ञानोदय अपसेट प्रेसमा मुद्रण भएको हो । गड्तौलालाई सङ्ग्रह

प्रकाशनमा चूडामणि रेग्मीले हौसला प्रदान गरेका थिए । यो सङ्ग्रह गड्तौलाको पहिलो भएकोले कलात्मकता भन्दा पूर्ण व्यङ्ग्य भाव बढी देखिन्छ । अलिक बढी नै समाजिक विकारको पर्दाफासका रूपमा उपस्थित भएको उपलब्धि पूर्ण कृति मान्न सकिन्छ । यस सङ्ग्रहलाई गड्तौलाको थालनी चरण अर्न्तगत प्रस्तुत शोधमा वर्गीकरण गरिएको छ ।

## ५.२.३ कथा सङ्ग्रह “झुत्रो” (२०६४) को विश्लेषण

साहित्यकार डम्वरुबल्लभ गड्तौला द्वारा लेखिएका् दास्रो कथा सङ्ग्रह “झुत्रो” २०६४ मा प्रकाशित भएको कृति हो । यस सङ्ग्रहमा जम्मा २६ वटा कथाहरू सङ्ग्रहीत छन् । लेखकले पहिलो कथा सङ्ग्रह प्रकाशित गराएर हौसला प्राप्त भएपछि यो सङ्ग्रह प्रकाशनमा आँट थपिएको देखिन्छ । यस सङ्ग्रहमा एकसय वाह्र पृष्ठ रहेका छन् । आकारका दृष्टिले यो सङ्ग्रह पनि सानै छ । या सङ्ग्रहका कथाहरू सामाजिक विषयमा आधारित छन् । परम्परागत शैली प्रस्तुत गरेर समाजमा सम्वोधन नभएका विषयहरू यस सङ्ग्रहमा सङ्ग्रहीत कथाहरूको विषय क्षेत्र बनेको देखिन्छ । यस कथा सङ्ग्रहीत कथाहरूको ‘नखाएको विष’ कथामा सरकारी कार्यालयमा तल्ला दर्जाका कर्मचारीहरूले भोग्नु परेको तितो यथार्थ चित्रण गरिएको छ । अरमल कथामा प्रहरी प्रशासन गरिबका लागि कति निष्ठुर बनेका हुन्छन् धनिका प्रलोभनमा परेर भन्ने कुराको राम्रो दृष्टान्त पस्किएको छ । चौकी कथामा पनि प्रशासनका कर्मचारीहरूको ज्याजति उजागर गरिएको छ । यसमा एकदलीय तथा सामन्ती सरकार र तीनका प्रसासकहरूले कानुन परिपालन गराउने नाममा जनताहरू माथि गरेको ज्यादतिको यथार्थ चित्रण पाइन्छ । सहयात्री कथामा देशमा सरकारी क्षेत्रमा काम गर्ने महिला कर्मचारीहरूको कार्य विवरणलाई दृष्टिान्त प्रस्तुत गरेर कुनै किसिमको दवावले मात्रै सरकारी कर्मचारीहरू सहीमार्गमा हिड्छन् भन्ने कुरा उल्लेख गरिएको छ । उदारता कथामा एउटा गाउँका दानी व्याक्तिले दान गर्दा अर्का व्यक्ति प्राप्त दान दिइएको जग्गाबाट रातारात मालामाल भएको तर दान गर्ने अझ दिन दु:खी बन्दै गएको कुरा उल्लेख गर्दै उदारताको पराकाष्ठा चित्रण गरिएको छ । लावण्यवती कथामा हाम्रो समाजमा विद्यमान गैरजिम्मेवार प्रवृत्तिको पर्दाफास गरिएको छ । महिलाहरूले निचताको कुन स्तर सम्म कार्य गर्दछन् भन्ने कुरा उल्लेख गरी व्यङ्ग्यवरण प्रहार गरिएको छ ।

पिटरको चिट्ठी भन्ने कथा रहस्यात्मक छ  हामी हाम्रो राष्ट्रियता पैसा पाए वेचि दिन्छौं  तर विदेशीहरू राष्ट्र प्रति कठोर रूपमा कति प्रतिवद्ध हुनछन् भन्ने कुरा उल्लेख गरिएको छ । हली कथामा गोरु जोत्दा प्रयोग हुने हल्लुड, जोतारा, सोइला, फाली, ठेडी,अनउ, करुवा लगायतका सामाग्रीको परिचय प्रस्तुत गर्ने उद्देश्य राखिएको छ । लक्ष्मीको विहे कथा पौराणिक विषयवस्तु समेटिएको कथा हो । देवी लक्ष्मी देखेर लोभिने जोसुकै भए पनि उनको विहे त विष्णु संगै भएको पौराणिक यथार्थ प्रस्तुत भएको छ । टाट्नाको खसी कथामा वर्गीय मात्रको कारुणिक अवस्था देखाउन लेखिएको कथा हो । गाउँ का मुखियाहरू राम्रो चीज देख्ने वित्तिकै लुटेरै आफ्नो स्वार्थ पूर्ती गर्ने गर्छन् भन्ने वास्तविकताा उण्जागर गरिएको कथा हो । ऊँ नमः शिवाय नामक कथामा पनि पौराणीक प्रसङ्ग उठाइएको छ । यस कथामा सत्य, त्रेता, द्धापर, कली चार युगको हिसाव, भगवानहरूको उमेरको प्रसङ्ग उठाइएको छ ।

हेडसर कथामा बाघको छालामा स्यालको सजाई भन्ने. उखान चरिचार्थ गाउँका मुखिया र हेडसरको  उजागर गराएको देखिन्छ । धर्ती माता कथामा एउटा परिवारको दृष्टान्ट चित्रण गर्दै जन्म दिने आमा र धर्ती माताको महत्व माथि प्रकाश पारिएको छ । प्रष्ट कथा कर्मचारी विचको मनोमालिन्य उजागर भएको कथा हो । यस कथामा भ्रष्ट कर्मचारीहरूको पर्दाफास गरिएको छ । शत्रु कथामा मानवेत्तर पात्र प्रयोग गरी घमण्डकै अन्त्यहुने उपदेश प्रदान गरिएको छ । कुलघरान कथामा एउटा गरीब व्यक्ति गरिब हुन्जेल सवैको छिःछि र दुर्दुरको शिकार बन्छ र कमाए पछि कूलघरानको वन्द छ भन्ने व्यङ्ग्यात्मक भाव र सामाजिक यथार्थ देखाईएको छ । घर कथामा घरको महत्व दर्शाइएको छ । श्राद्धकथामा हिन्दू संस्कार अर्न्तगत गरिने पितृ श्राद्ध र यसमा बाँचेको आडम्वरलाई खोतलखातल गरिएको छ । ससकारी शीर्षकको कथा एउटा सरकारी कर्मचारीले अरुको गुलामी गर्नु परेको कुरा उल्लेख गर्दै कर्मचारी जगत्मा हुने वर्गीय विभेदकारी प्रसङ्ग जोडेर भ्रष्टाचारको ढुङ्ढुङ्गी गन्हाएको प्रशासनलाई कडा प्रहार गरिएको छ । डा. हर्के कथा एउटा गरीवको छोरा ले जति कष्ट भोगेर भएपनि परिश्रमपूर्णक डाक्टर भएको प्रसङ्ग र पुखियाको छोरो डाका भएको कुरा स्पष्ट पारेर उपदेश वाँडेको कथा हो ।

मुखियाको आसन कथामा मनोवैज्ञानिक रूपमा मुखियाको प्रवृत्ति सापको जस्तो भन्ने भाव पाइन्छ । कथाको कथानक भने आफूलाई परेको आपत मात्रै आपत् अरुको आपत् सवै सामान्य हो भन्ने स्वार्थी प्रवृत्तिको पर्दाफास गरी मौलिक कथा बनाइएको छ । गुफा कथा

गुफा एउटा अदृष्य प्रतीक र स्थाल, बाँसो,क कुकुर आदि मानवेत्तर पात्र उभ्याएर व्यङ्ग्यात्मकता स्थापित गरिएको कलात्मक कथा हो । प्रतिपदाको ग्रहण कथा शीर्षक नै व्यङ्ग्यात्यमक छ । ग्रहण प्रतिपदामा कहिल्यै लाग्दैन ।

सामाजिक कुभावनाका कारण दुर्व्यवहार गाउँमा मौलाएको र यसका लागि प्रत्येक व्यक्ति आरोपित भएको कुरा देखाउने प्रयास भएको छ । एउटा धनीका लागि आफ्नो देह पनि वेच्ने महिला प्रति प्रहार गरिएको कथा हो । असल मान्छे कथा समाज र राजनीतिमा जो बढी ठग छ उही असल वन्दछ भन्ने व्यङ्ग्यात्मक वास्तविकता यस कथामा प्रस्तुत छ । भान्से कथा अर्काको विश्वास नगर्ने बाहिरी आडम्वरमा बाँचेको गाँउको ठूलो भनाउदाको खोइरो खनेको कथा हो । ओच्छ्यान कथामा एउटा गरिब बालकलाई समाजको अगुवा हेडसरले वनावटी माया देखाएर कमिला नै कमिला भएको फोहोरी ओच्छ्यानमा सुताएको प्रसङ्ग रहेको छ । गरीबका लागि पाएको एउटा अवसरका रूपमा ओच्छ्यान त्यही पनि सुत्न नसकिने भएको कुराबाट नियति माथि आधारित बनेको यथार्थ रहेको छ ।यसरी 'भुत्रो' कथामा वर्गीय र सामाजिक विभेदको सक्दो उछित्तो काढिएको छ । यी कथाहरू यथार्थवादी कथाहरू हुन् । यहाँका कथाहरूको एक एक विश्लेषण गरिएको छ ।

## ५.२.३.१ 'नखाएको विष' कथाको विश्लेषण

### ५.२.३.१.१ वस्तु विश्लेषण

'भुत्रो' कथा सङ्ग्रहको यो कथा पहिलो कथा हो । कथा तत्वका आधारमा वस्तुगत पक्षहरू सार वस्तु, रुचि क्षेत्र कार्य पीढिका जस्ता कुराहरू यहाँ प्रस्तुत  गर्न सकिन्छ । यस कथाको सार वस्तुः विदेशी पैसा नेपाल भित्र्याउने लो भने रणवहादुर लाहुरे वन्दछ । १६ वर्ष हुदा नहुँदै उसको वावु विते । टुहुरो रणबहादुर लाई वावुले चलाएको ऋण तिर्न गाह्रो भयो । गल्लावालले रणवहादुरलाई लाहुरे वनाई दियो तर सिक्री र घडी ल्याउने सर्तमा लाहुरे वनेको रणवहादुरले लाहुरमा हाकिमकी श्रीमतीको साडी धोइदिनु परेकाले लाहुर छाड्यो । त्यस पछि आफ्नै गाउँमा श्रम गर्न थाल्यो विस्तारै विस्तारै गाउँ हराभरा भयो । सबै वाली राम्ररी फल्न

थाल्यो । धान, मकै, कोदो, गहुँ, आदि सवै वाली राम्ररी फल्न थाले । सवैलाई खान पुगि रहेको थियो । तर विस्तारै गाउँमा नराम्रो अवस्था आयो । गाउँ सखाप भयो । जिल्लामा किन त्यो गाँउ त्यस्तो भएछ भनेर अध्ययन टोलीहरू बने । प्रतिवेदन बनाउन धैरै अध्ययन भयो तर केही कुरा प्राप्त भएन । कर्मचारीहरूलाई मन्त्रालयवाट काम गर्ने नजान्ने भनेर आरोप लाग्यो । गाँउमा बास्तवमा प्रधान र मुखियाले सताएको कारणले गाँउ यसरी खेर गएको थियो । प्रमाण भने केही थिएन । प्रमाण विनाका कुरा कसरी लेख्ने ? कर्मचारीहरूलाई अप्ठ्यारो पऱ्यो । गाँउघरमा कोही वस्न नसकेर वहिरीएका थिए । यस्तै कथासार भएको यसकथामा वर्गीय थिचोमिचो उतारिएको छ ।

यस कथाको कथा लेखनको रुचि क्षेत्र ग्रामिण सामाजिक वरिवेश हो । पात्रहरूको जीवन शैली र उसले गरेका व्यवहारले अन्यलाई परेको नकारात्मक प्रभाव यस कथाको रुचि क्षेत्र  हो । यस कथाको घटना वर्णन क्षेत्र कार्यपीठिका हो । एउटा राम्ररी सप्रेको गाउँमा फटाहाहरूले गरेको ज्यादतिका कारण गाउँ नै विनास भएको छ । सवै मुग्लान पसेका छन् । संखुवा खोला र अरुण नदिको आसपासलाई यस कथाको कार्य पीढिका बनाईएको छ । व्यङ्ग्य र यथार्थको संयोजन गरेर कथानक प्रस्तुत भएको छ ।

## ५.२.५.१.२ शैली विश्लेषण

यस कथाको कथानकतालाई मूल्याङ्कन गर्दा आदि, मध्य र अन्त्य गरी तीन शृङ्खलामा विभाजन गर्न सकिन्छ । रैखिक शैलीमा लेखिएको यो कथामा रणवहादुरको लाहुर गमन देखि फर्किएर आई गाउँ हराभरा बनाएको र पछि उत्पीडन खप्न नसकेर गाउँबाट विस्थापित भएको घटना देखाइएको छ । रणवहादुर पात्रका दृष्टिवाट कथा प्रस्तुत गरिएकोले तृतीय पुरुष दृष्टिविन्दु संयोजन भएको छ । रणवहादुरको संवेगात्मक स्थितिलाई कथामा प्रस्तुत गरिएको छ ।

कथाको प्रारम्भ भागमा लाहुरे बनेको रणवहादुर अर्काको अन्याय अत्याचार खप्न नसकेर नेपाल आमाकै सेवागर्न नेपाल फर्किएको कुरा उल्लेख छ । लाहुरे वन्दा निकै अप्ठ्यारो झेलेको ले नेपाल आमाको सेवा गरेर वस्ने अठोट गरेको रणवहादुर लाहुरे बन्नु पर्ने प्रसङ्गबाट कथा प्रारम्भ भएको छ ।

कथाको मध्यभागमा परिश्रम गरेर आफ्नो गाउँ सुखी बनाएको कुरा उल्लेख छ । कसैलाई अभाव छैन । पुग्दो अन्न फलेको छ भन्ने कुरा मध्य भागमा रहेको छ भने कथाको अन्त्य निकै मार्मिक छ । सरकारी क्षेत्रमा समेत त्यस गाउँको नराम्रो अवस्थाको निरिक्षण भएको र निरीक्षणबाट पनि केही पत्तो नलागेको कुराबाट कथाको अन्च्य भए पनि प्रतीकात्मक रूपमा कथामा श्रमगर्ने प्रति थिचोमिचो भएको र गाउँ मसानघाट भएको सङ्केत मिल्दछ । कर्मचारीहरूलाई नखाएको वा नदेखेको, प्रमाण विनाको प्रतिवेदन लेख्न गाह्रो भएको प्रसङ्गबाट नखाएको विष कथा शीर्षक सार्थक भएको देखिन्छ । शीर्षक प्रतीकात्मक रहेको छ ।

अर्थगत दृष्टिमा समाज थिचोमिचोका कारणले कति आक्रान्त बन्दछ भन्ने कुरा प्रस्ट्याइएको छ । तृतीय पुरुष दृष्टिविन्दु संयोजित छ । वाह्य तृतीय पुरुष दृष्टिविन्दुले कथा कलात्मक देखिन्छ ।

## ५.२.४.३.२ अरमल कथाको विश्लेषण

### ५.२.४.३.२.१ वस्तु विश्लेषण

यो दास्रो सिलसिलामा सङ्ग्रह भएको कथा हो । यस कथामा अरमल लिनु पर्नेलाई संरक्षण र अर्मलको सुविधा दिनुपर्नेलाई उल्टै सजाय दिईएको प्रसङ्ग उल्लेख गरिएको छ । यस कथाको कथानक एउटा गरीव साहिलो भट्टराईको सानो सुर्कोबारीमा मकै छरेको छ । गाउँमा पण्डितको रापताप थियो । पण्डितका गोरुले सुर्को बारीका मकै स्वाहा पारिदिए । साइलो यो देखेर दिक्क बन्यो  र पण्डितकामा फिराद गर्न गयो । पण्डितका गोरुले आफ्ना बारीका मकै सखाप पारिदिएको सुनायो । पण्डित भने उल्टै साइलालाई आफूले फुकाएर नलगाइदिएको भनी गाली गर्न थाल्यो । न्याय पाउन चौकी बनाउँदा धेरै दिन काम सघाएर स्यावासी पनि पाएको थियो । ऊ चौकीमा उजुर गर्न पुग्यो । साइलाले सबै वेलिविस्तार लागायो । हवल्दारले पण्डितलाई वयान लियो । पण्डितलाई हवल्दारले हकाऱ्यो र पण्डितको बयान लियो । पण्डित वाकपटु थियो । उसले साइलाले मेरो अपमान गऱ्यो भनेर उल्टो आरोप लगायो । पण्डितले अरमल तिर्ने भयो तर हवल्दारले निर्णय सुनायो साइलाले भद्र व्यक्तिलाई अपमान गरेकोले एक दिन खान नदिई तुरुङ्ग हाल्नु भनेर । साइलाकै मकैबारी स्वाहा अनि उसैलाई सजाय यो कस्तो न्याय ? भरे घर फर्किदा पण्डितका गोरुले बाँकी मकै पनि सकिदिएछ । यस कथामा वर्गीय

विभेद र प्रशासनिक अन्धोपन उजागर गरिएको छ । यस कथामा गड्तौलाले समाजमा भएको ठुलाभन्ने व्यक्तिले आफ्नो अहम र गरीब माथि पुलिस प्रशासनको ज्यादतिको नाङ्गो चित्र प्रस्तुत गरिएको छ । कथाकारको यो यस कथाको रुचि क्षेत्र रहेको छ ।

एउटा गाउँ र त्यसको नजिकै भएको चौकी, खेती, बाली लगाएको ठाउँ कथाको परिवेश रहेकोछ । सामाजिक थिचोमिचोको यथार्थ स्पष्ट पारिएको छ । कानुन परिपालन गराउने पुलिस पनि गरिवमाथि नै खनिएको, गुनको कुनै पर्वाह नभएको कुरा यस कथाको कार्यपीठिका बनेको देखिन्छ । निराशावादी दृष्टि यस कथामा सलवलाएको छ ।

### ५.२.३.२.२ शैली विश्लेषण

यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको सिलसिलामा संयोजित छ । त्यसकारण यस कथालाई रैखिक ढाँचाको कथा भन्न सकिन्छ । यस कथाको प्रस्तुति केही संवादात्मक र प्रायगरी व्याख्यात्मक देखिन्छ । अर्थ सापेक्षका दृष्टिमा यस कथाले कसरी पुलिस प्रशासनका आडमा समाजमा वितण्डता सिर्जना हुनेगर्छ भन्ने कुरा पण्डितको व्यवहारबाट देखाइएको छ । गाँउमा भएको चौकीको हवल्दारलाई प्रभावित पारेर पण्डितले आफ्नो गल्ती ढाकछोप गर्न लगाई उल्टै गरीब साइलोलाई दण्डित गरिएको छ ।

कथानक ढाँचाको प्रारम्भमा एउटा गरीब किसानले आफ्नो खेतबारीमा गरिरहेको परिश्रमको नास भएको प्रसङ्गबाट गरिएको छ । यस कथामा मध्य अवस्थामा साइलाले पाएको पीडा जाहेर गर्दा पनि झन सजाय पाएको कुरा उल्लेख छ । कथाको अन्त्य करुणापूर्ण ढङ्गमा गरिएको छ । साइलाले नै सजाय पायो । फेरी रहेको बारीको मकै पनि पण्डितका गोरुले स्वाहा पारी दिएको करुणापूर्ण अन्त्य गरिएको छ ।

## ५.२.३.३ चौकी कथाको विश्लेषण

### ५.२.३.३.१ बस्तु विश्लेषण

कथाहरूको शृङ्खलामा यो चौकी कथा तेस्रो कथा हो । 'झुत्रो' कथासङ्ग्रहमा सङ्कलित यस कथामा एकदलीय पञ्चायती व्यवस्था, सामन्ती सरकार र तिनीहरूका

प्रशासकहरूले कानुन परिपालन गराउने नाममा सर्वसाधारणहरूमाथि गरेको ज्यादतिको चित्रण गरिएको छ । यसको कथानकलाई हेर्दा - गाउँमा एउटा चौकी बनेको छ । चौकीको औपचारिक उद्घाटन भइरहेको छ । चौकीको उद्घाटनमा सदरमुकामबाट साहेबहरू आएका छन् । एउटा ठूलो भोज आयोजना गरेर उनीहरूको स्वागत गरिन्छ । त्यसै क्रममा एउटा हाकिमका भागमा मासुसंग हड्डी परेछ । रक्सीका सुरमा झगडा गर्न थाल्छ । ठूलो तमासा भयो । सबैले मातेका बेला कुनै सुर पाएनन् । सबैलाई विबानपख रक्सीले छोड्यो । यो सबै तमासा कसरी भयो भन्ने विषयमा छानविन सुरु भयो । रातभरिको तमासा गर्ने मानिस खोज्न पुलिसहरू गाउँतिर लागे । ढुण्डीराज नाम गरेको एउटा गाउँले श्रीमती बिरामी परेर हतार हतार स्वास्थ्य चौकी जाँदै गरेको पुलिसले भेट्टायो । ऊ आफ्नी श्रीमतीलाई सुत्केरी व्यथा लागेर डाक्टर लिन जाँदैथियो । तर उसैलाई पुलिसले पक्रिएर ल्याए । उसलाई सजाय दिलाइयो । यो अवस्था सानेलाई थाहा भयो र ढुण्डीराजलाई छुटायो । ढुंडीराज डाक्टर लिन गयो तर सानेलाई राज्यको गाथ गादी ताकेको भन्ने मुद्दामा बेपत्ता बनाइयो । धन्नले ढुण्डीकी श्रीमती भने बाँची । यस कथामा चौकीले जनताको सुरक्षा होइन जनतालाई अनावश्यक दुःख दिने वास्तविकता उल्लेख छ ।

जाँड खाएर लडाइँ गर्ने अनि जाँडले छोडेपछि इज्जत जोगाउन जनतालाई दुःख दिने पुलिस प्रशासनलाई प्रहार गरिएको यो उत्कृष्ट कथा हो । यस कथाको रुचिक्षेत्र पुलिस प्रशासनको गैरजिम्मेवारपूर्ण व्यवहार, बारम्बार दोहोरिएर जनताले दुःख पाएको यथार्थको कारुणिक अवस्थाको पर्दाफास गर्नु रहेको छ । ढुण्डीले केही विगारेको थिएन भन्ने बुझेर सानेले उसको जिम्मा लिँदा पुलिसले सानेलाई बेपत्ता पारेको र यसो गर्नुपर्ने कारण रातभरि रक्सी पिएर तमासा देखाएको लाज ढाक्न गरेको दुस्साहसपूर्ण व्यवहारको दृश्य संयोजन गरी प्रशासनिक कमजोरी देखाउनु रुचिक्षेत्र रहेको छ । गाउँमा जनताले पाएको सुविधा भनेर चौकी बनाए । पसिनाको मोललाई शान्ति सुरक्षाको कल्पना गरे । यो चौकी र यसमा घटेको एकदिनको घटनालाई कथाले कार्यपीठिका बनाएको छ । रक्सी खाएर गरेको हल्लाखल्ला, झगडा गाउँको चौकी नजिकको एउटा कोठा, गाउँ र गाउँलेले यस कथाका परिवेश सिर्जना भएका छन् ।

### ५.२.३.२.२ शैली विश्लेषण

यो कथापनि रैखिक ढाँचामा नै रहेको छ । गाउँमा चौकी बनेपछि उद्घाटन हुनु कथाको प्रारम्भ भाग हो । चौकी उद्घाटन गर्न आएकाहरूले रक्सी पिएर रातभरी झगडा गर्नु

र लाजढाकमा धरपकडमा निस्कनु मध्य भाग हो । कथाको अन्त्य भागका रूपमा धरपकड गरेर जनतालाई दुःख दिनु र वेपत्तासम्म पार्नु संयोजन गरिएको छ । सबै सहेर बसेका जनताको नियति यस कथामा चित्रण गरिएको छ । सामन्ती राज्य र त्यसका भरौटेहरूले जनस्तरमा गरेको ज्यादती चित्रण गर्दै वास्तविक उजागर गर्नु यस कथाको अर्थ रहेको छ । यो कथापनि तृतीय पुरुष दृष्टिविन्दुमा नै तयार रहेको छ । यस कथाको शैली पूर्वदीप्ति रहेको छ । ढुण्डीनामक पात्रलाई मुख्य बनाएर उसले सबै वितेका घटनाहरूलाई पुन स्मरण गरेर कथा निर्माण भएको देखिन्छ । यस कथाको शीर्षक रूपमा चौकीका मान्छेले गर्ने नकारात्मक व्यवहारको पर्दाफास गर्दै प्रतीकात्मक अवस्था चौकी भन्ने सिर्जना गरिएको छ । चौकी भन्ने वित्तिकै नराम्रो धारणा उत्पन्न भएकोले चौकी शीर्षक सापेक्ष देखिन्छ ।

## ५.२.३.४ सहयात्री कथाको विश्लेषण

### ५.२.३.४.१ बस्तु विश्लेषण

"झुत्रो" कथासङ्ग्रहको यो कथा चौथो शृङ्खलामा रहेको छ । यस कथाका वस्तुगत पक्षहरू सारवस्तु, रुचिक्षेत्र, कार्यपीठिका जस्ता कुराहरू प्रस्तुत गर्न सकिन्छ । यस कथाको सारवस्तु - गैरसरकारी संस्थाहरूले पिछडिएको गाउँमा गरेका काम र भेला पारेका तथ्याङ्कहरू सरकारी कार्यालयबाट चित्त नबुझेपछि मन्त्रालयबाट नै पाँचजना नारीहरूलाई गाउँका समस्याहरूको सत्यतथ्य तथ्याङ्क सङ्कलन गर्न आदेश दिएर गाउँ पठाइन्छ । गाउँ पुगेपछि सबैले सतर्क भएर काम गर्नुपर्ने परिस्थितिहरूसंग जुध्नुपर्ने हुन्छ । शिक्षिका शकुन्तलाको काम शैक्षिक क्षेत्रको तथ्याङ्क सङ्कलन गर्नुथियो । सुलोचना जेटिए, देवकी असइ, रम्भा रेञ्जर, पार्वती स्वास्थ्य कर्मी, प्रत्येकले आ-आफ्ना क्षेत्रमा एक भएर सम्पूर्ण विवरण मन्त्रालयमा बुझाउनु पर्ने थियो । शकुन्तला र पार्वती बेलैमा कार्यस्थलमा पुगेका थिए । अरु पुगेका थिएनन् । सबै भेला भएर आफ्ना आफ्ना काममा निरन्तर लागिपरे । सबै महिला मात्रै भएकोले गर्दा काम गर्न त्यति सजिलो थिएन । विस्तारै विस्तारै यी पाँचै जना बीचमा मनोमालिन्य सुरु भयो । आपसमा झै झगडा गर्न थाले । एकदिन बेलुकाभरि आफ्नो बस्ने ठाउँमा यिनीहरूले झगडा गरे । शकुन्तला र पार्वती भने चुपचाप बसे । विहान बेलुका घटेका सबै घटनाले गाउँभरि सनसनी फैलियो । आफ्नो कर्तव्यबाट विमुख बनेर असइ देवकी

मादकपदार्थ सेवन गर्न तर्फ लागिछन् । रम्भा रेञ्जर काठ तस्करलाई पोस्न लागिछन् । जेटिए सुलोचना खेतीबालीको कुरागर्न छाडेर गाउँले केटाहरूसंग एकान्त वास गर्न थालिछन् ।

यो सबैकुरा शकुन्तलालाई थाहा भयो । बिहान यी सबै घटनाहरू थाहा पाएर मुखमा कालोपट्टी बाँधेका केही मानिसहरू आएर उनीहरूको कारवाही गर्ने भनेर खोज्न थालेछन् । गाउँलेहरूले तिनीहरू गइसके भनेर फेटावाल ग्रुपलाई फर्काइदिएछन् । गाउँको उन्नति गर्न सहयात्रमा निस्किएका मानिसहरू सरकारी तलबमा गाउँमास्न आएको भनेर जङ्गलमा बन्दुक बोकेर हिंड्नेको कुरा यथार्थ भएको कथाकारको कथाको सार रहेको छ । दवावले मात्रै सरकारी कर्मचारीहरू सही मार्गमा हिँड्छन् । देशमा कानुनको परिपालन गराउने र सचेत कर्मचारीहरू नै भ्रष्ट भएर हिंडेको कारणले देशमा विद्रोह भएको सङ्केत यस कथाले दिएको छ । यस कथाको रुचिक्षेत्र कर्मचारीहरूमा भएको मनोमालिन्य र कर्तव्यहीनता रहेको देखिन्छ । एउटा दुर्गम गाउँ र त्यहाँको परिवेश साथै सरकारी कर्मचारीहरू त्यसमा पनि महिलाहरूले कर्तव्यच्यूत भएर गरेको व्यवहार यस कथाको कार्यपीठिका हो । सँगै कामगर्ने महिलाहरूको संगसंगै काममा आएको मनोमालिन्य देखाएर सहयात्राको अर्थ प्रस्ट्याउन खोजिएकोले गर्दा शीर्षक सार्थक देखिन्छ । सरकारी कर्मचारीहरूलाई पात्र बनाएर उनीहरू कर्तव्यबाट विमुख भएको यथार्थ यस कथामा सिर्जना गरिएको छ । द्वन्द्वप्रति ग्रामीण जनता आकर्षित बन्नु सरकारी बेवास्ता र गैरजिम्मेवारीपन भएको कुरा व्यङ्ग्यपूर्ण चित्रण गर्नु यस कथाको मूलभाव हो ।

## ५.२.३.४.२ शैली विश्लेषण

यस कथामा कथानक ढाँचा व्याख्यात्मक शैलीमा आदि, मध्य र अन्त्य गरी तीनभाग संयोजन गरिएको छ । रैखिक शैलीमा लेखिएको यो कथामा गाउँमा समस्या परेर पाँचजना महिलाहरूको सरकारी टोली खटाइएको र तथ्याङ्क सङ्कलन गर्न उनीहरू गाउँ गएको प्रारम्भ भाग हो । मध्य भागमा महिला कर्मचारीहरू बीच मनोमालिन्य सिर्जना हुनु र यसो हुनुमा उनीहरूको गैरजिम्मेवारपन, चरित्रहीनता आदि हुनु हो । अन्त्यभाग भनेको विद्रोहि गाउँलेहरूले उनीहरूको कार्यप्रति असहमति जनाउँदै दवाव सिर्जना गर्नु र उनीहरूमा कर्तव्यपथको बोध हुनु रहेको छ । सरकारी कर्मचारीहरूले गाउँमा गएर गर्ने कार्य चित्त नबुझ्दो घटनालाई देखाएर पाँचजना पात्रहरू र गाउँले कथामा संयोजन गरिएको हुनाले तृतीयपुरुष दृष्टिविन्दु नै सिर्जना भएको छ । गाउँलेहरूको संवेगात्मक अवस्था र कर्मचारीहरूको

कर्तव्यच्यूत भएको स्थिति कथामा प्रस्तुत गरिएको छ । प्रस्तुतिका रूपमा कथा सहज, सरल र उपदेशात्मक देखिन्छ । त्यतिमात्र होइन कथाकारले विद्रोहको कारण सरकारी कर्मचारीहरू पनि हुन् भन्ने प्रसङ्ग उजागर गरेका छन् । अर्थगत दृष्टिमा सरकारी कर्मचारीहरूलाई सही मार्गमा हिँडाउन नसक्दा जनअहितकारी कार्य हुन्छ र उनीहरूलाई दवावको आवश्यकता पर्दछ भन्ने देखिन्छ । एउटा काम गर्न पठाएका कर्मचारीहरू अर्कै काममा लागेको हाम्रो देशको प्रशासनिक क्षेत्रको कमजोरी कथाको अर्थगत प्रस्तुति हो । यो कथा सहयात्री सबैले संगसगै कार्य गरेमात्र सफलता प्राप्त हुन्छ भन्ने अर्थमा प्रयोग भएकोले गर्दा शीर्षक सार्थक देखिन्छ ।

## ५.२.३.५ उदारता कथाको विश्लेषण

### ५.२.३.५.१ वस्तुविश्लेषण

'झुत्रो' कथासङ्ग्रहमा यो पाँचौ शृङ्खलामा रहेको कथा हो । समाजमा रहेका सामाजिक उद्धारकर्ताहरूले गरेको सहयोग प्राप्त गरेर स्वार्थी मानिसहरू आर्थिक रूपमा सफल बनेको कुरा यस कथामा देखाइएको छ । यस कथाको कथानक - गाउँमा एकजना बाजे छन् । बाहिरी गाउँबाट एकजना व्यापारी आएर जिरा मसला व्यापार गर्न थोरै जग्गा माग्दछन् । भरत बाजेलाई पनि जाबो पाँचफिट जग्गा के नदिनु भन्ने उदारता सिर्जना हुन्छ । भाषा पनि नमिल्ने, रङपनि नमिल्ने व्यापारी भरतबाजेलाई आश्रयदाता भनी सम्मान गर्न थाल्दछ । रात दुगुना, दिन चौगुना व्यापारी धनी बन्दै जान्छ । दिनवित्दै गए । भरतबाजे बुढा हुँदै गए । उनको जिउ गल्न लाग्यो । बाजे ओच्छ्यान परे । व्यापारीले लाखौं कमायो । ओच्छ्यानमा नै सुने बाजेले व्यापारीले अर्को व्यापारी ल्याएर बाहिरतिर लाग्यो भनेर । बाजे स्वर्गवास भए । व्यापारीका सन्तान र बाजेका सन्तानको मनोमालिन्य सुरु भयो । तिनै बाजेका दानदातव्यले हुर्केका व्यापारीका सन्तानले बाजेका सन्तानहरूसंग झगडा गरे, मुद्दा खेपे । बाजे दानी दिए, उदार थिए । तर उनका सन्तानहरूले अर्काको जग्गा हड्प्ने योजना बनाएको कुरा बाहिर आउन थाल्यो । बाजेका सन्तानले रातिराति चोर डाका पठाएर छिमेकीहरूलाई दुःख दिइरहन थाले ।

बाजे उदार थिए । तर उनका सन्तान अनुदार भएर छिमेकीहरूमा झगडा लगाउने, मुद्दामामिला बढाउने काम गरेको कसले बुझिरहन सक्छ र भन्ने यस कथाको कथानक रहेको छ । यस कथाले पुस्ता पुस्तान्तर हुँदैजाँदा कोही उदार बन्ने र कोही स्वार्थी बन्ने भावनात्मक

यथार्थतालाई रुचिक्षेत्र बनाएको छ । बाहिरबाट आउनेहरू पनि श्रम गरेर मात्रै उन्नतिशील बन्न सक्छन् भन्ने उपदेश पनि कथाको रुचिक्षेत्र हो । एउटा गाउँ, त्यहाँका भरत बाजे, व्यापारी, छरछिमेकी जस्ता कुराहरू यस कथाको कार्यपीठिका हो । ग्रामीण परिवेशको चित्रण गर्दै यहाँ हुनसक्ने मनोमालिन्यलाई कथामा देखाइएको छ ।

### ५.२.३.५.२ शैली विश्लेषण

यस कथाको कथानक ढाँचालाई पनि प्रारम्भ, मध्य र अन्त्य गरी तीन भागमा नै विभाजन गर्न सकिने हुनाले यो कथा रैखिक ढाँचामा नै देखिन्छ । यस कथाको प्रारम्भ भाग उदार भरत बाजेले पाँचफिट जग्गा माग्ने व्यापारीलाई उदारता र व्यापारीले सुरुसुरुमा भरत बाजेलाई दिएको सम्मान रहेको छ । व्यापारी नकमाउन्जेल भरत बाजेलाई आश्रयदाता मान्दछ । भेट्न आइरहन्छ । कथाको मध्यभाग भरतबाजे बुढो हुनु, व्यापारीले उन्नति गर्न लाग्नु, बाजेलाई भेट्ने फुर्सद नहुनु र आफू बसेको जग्गामा अरुलाई नै ल्याएर बाहिरतिर लाग्नु जस्ता घटनाहरूको संयोजन रहेको छ ।

धोतीको जुम्रा टाउकोमा पुग्दा फाफाफुँफुँ गर्ने साँढेले दिएको धम्की जस्तै व्यापारीका सन्तानको व्यवहार कथाको मध्यभागको उत्कर्षता हो । बाजेको सेखपछि उनका सन्तानहरू र छिमेकीहरूबीच मनोमालिन्य बढ्न गई झैझगडा सिर्जना हुनु र उदार बाजेका सन्तानहरूले अरुलाई दुःख दिने कार्यमा निरन्तरता दिनु कथाको अपकर्ष वा अन्त्य भाग हो । उदार बाबुका सन्तानहरू सम्पत्तिकै लोभमा फेरि अनुदार बन्न थाल्नुले यो कथामा प्रतीकात्मकता सिर्जना भएको छ । जुनसुकै उदार व्यक्तिका सन्तानहरू पनि समय पश्चात अनुदार पनि बन्न सक्छन् भन्ने अर्थ बोकेको यो कथा लेखक सर्वद्रष्टा भएपनि भरत बाजेको कन्द्रीयतामा संयोजन गरिएको हुनाले तृतीय पुरुष दृष्टिविन्दु नै केन्द्रित छ । सहयोगी भाव हुने भरतबाजे र उनका सन्तानहरूको असहयोगी भावना बीच द्वन्द्व गराएर उदारतालाई तुलना गरिएको छ । त्यसकारण यो कथाको शीर्षक सापेक्ष रूपमा उदारता रहनु सार्थक देखिन्छ ।

## ५.२.३.६ लावण्यवती कथाको विश्लेषण

### ५.२.३.६.१ वस्तु विश्लेषण

यो छैठौं शृङ्खलाको कथा हो । लावण्यवती भनेर स्त्रीवाची शब्द यस कथाको शीर्षक राखेर नारीको चरित्रको उजागर गर्ने कोशिस गरेका छन् । यस कथामा एउटा बिरामी

हरिशंकर पात्रलाई आफ्नी श्रीमतीले गरेको नकारात्मक व्यवहार देखाइएको छ । कथाको कथासार - दुई महिनादेखि हरिशंकर चल्न चटपटाउन सक्दैन थिए । उनको शरीर गलेर मेवा पाकेजस्तै भएको थियो । डाक्टरले मुख वार्न लगाउनु भनेर दिएको सल्लाह लावण्यवती श्रीमतीले वारम्बार दोहोऱ्याएर हरिशङ्करलाई केही खान दिदैनथिइन् । हरिशंकरलाई 'कानो मुसालाई थोत्रो जौ, जसो भनो उसै लौ' भएको थियो । एकमुठी श्वास अड्याउनु सिवाय उसलाई अरु केही गर्नु थिएन । एकदिन ओच्छ्यानमा चल्न चटपटाउन नसक्ने श्रीमान् घरमा एक्लै हुँदा माइतीबाट आएको फोनले लावण्यवतीलाई माइतजान मन लाग्छ । यता घरमा श्रीमान् चटपटाउन नसक्ने अवस्थामा एक्लै छन् । उसलाई माइत नभइ भएन । श्रीमतीको इच्छा आजसम्म परिवर्तन भएको हरिशङ्करलाई थाहा छैन ।

चीन र अमेरिका मिल्न सक्लान भारत र पाकिस्तान एउटै थालमा खान सक्लान, लावण्यवती आफ्नो इच्छामा सम्झौता गर्दिन । दाजु बिरामी भएकोले हेर्न जान्छु भनेर लोग्नेलाई गाली गर्दै लावण्यवती माइततिर लागी । दुईचार दिनलाई त हो नि भन्दै ओच्छ्यानमा परेका श्रीमान्लाई छोडी माइत पुगी । दाजु बिरामी भन्ने खबर पाएर आत्तिएर आएको भन्ने कुरा सुनाई । तर उसको दाजुलाई पार्टीमा खाएको खानेकुराले अपच भएर वान्ता भएको थियो । बेलुका बहिनी, भान्जाभान्जी, मामा माइजू सबै मिलेर मासु पकाएर खुव मीठो मान्दै खाए ।

जाने बेलामा केही भन्दै गरेकी लावण्यवतीलाई उत्तरदिन खोज्दा हरिशंकर बेहोस भइसकेका थिए । बेहोसीमा अप्ठेरो परेर हरिशंकरको प्राण पखेरु उड्यो । लावण्यवती भने माइत गइसकेकी थिई । भोलिपल्ट विहान छिमेकीहरू आएर यसो हेर्दा त ढोकाहरू सबै उदांगै, हरिशंकरको अलपत्र परेको लाश, रुने कराउने कोही छैन । हरिशंकर परिवारलाई साह्रै माया गर्थ्यो । तर मर्ने बेलामा एकथोपा पानी खुवाउने त्यही परिवार हुन सकेन । लावण्यवती माइततिरै एकदुईदिन बस्न थाली । यता हरिशङ्करको सुद्याँइ समेत सकियो । लावण्यवती घर फर्कदा उसको श्रीमानको दशगात्र काजक्रिया सिद्धिएको थियो । यो देखेर लावण्यवती सुर्ताउन थाली । छिमेकी सान्नानीले हिड्ने बेलामा आफ्नो लोग्नेलाई सराप्दै लावण्यवती माइततिर गएको सुनेकी थिई । लावण्यवतीलाई गाउँमा नराम्रो दृष्टिले हरे । उसलाई एकरात मात्रै वास बस्न दिए । भोलिपल्ट निकालेर माइततिरै पठाइदिए । नकचरी फुपू भदाका माइत भने झैं लावण्यवतीलाई अहिले कसैले खोजेन । यसरी वियोगान्त दृष्टिकोणमा लावण्यवती कथा रचना

गरिएको छ । यस कथाको रुचिक्षेत्र एउटी घरकी श्रीमतीले नराम्रो व्यवहार गर्नतिर लागी भने आफ्नो घरको विनष्ट हुने वास्तविकतालाई चित्रण गर्नु रहेको छ । हरिशङ्करको घर, गाउँ र लावण्यवतीको माइतीघर र यी ठाउँहरूबीच घटेका घटनाहरू कथाका कार्यपीठिका बनेका छन् । यस कथामा विचारपक्ष प्रवल बनाउन खोजिएको छ । घटनापक्षलाई विचारपक्ष प्रस्तुत गर्ने आधार बनाइएको छ ।

### ५.२.३.६.२ शैली विश्लेषण

यस कथाको कथानक ढाँचा रैखिक छ । आदि, मध्य र अन्त्यमा संरचित छ । कथाको प्रारम्भ भाग आफ्नो श्रीमान् अशक्त भएको र त्यही अवस्थाम श्रीमती माइत जानु रहेको देखिन्छ । मध्य भागमा माइतमा गएर लावण्यवती रमाइलो गर्नतिर लाग्नु र श्रीमान्को इहलीला समाप्त हुनु रहेको छ । अन्त्य भागमा हरिशङ्करको दाहसंस्कार भइसकेपछि लावण्यवतीले थाहा पाई श्रीमानको महत्व बुझ्नतिर लाग्नु देखिन्छ । जुनकुरा आफूसँग हुन्छ त्यसको कम महत्व र गुमेपछि बढी महत्व हुने नेपाली समाजको प्रत्येक व्यवहारलाई व्यङ्ग्यात्मक शैलीमा लावण्यवती शीर्षक दिएर यो कथा निर्माण गरिएको छ । कथाको प्रस्तुति रोचक र कौतुलहपूर्ण रहेको छ ।

लावण्यवतीको शीर्ष दृष्टिमा कथा लेखिएको हुनाले यो पनि तृतीयपुरुष दृष्टिविन्दुकै कथा हो । कथा व्याख्यात्मक शैलीमा छ । श्रीमान्ले जतिसुकै माया गरेपनि त्यसको अर्थ बुझ्न नसक्ने सामाजिक नारी पात्र सिर्जना गरेर त्यसकै चारित्रिक प्रमुखतामा कथाको शीर्षक राखिएको हुनाले शीर्षक सार्थक देखिन्छ ।

## ५.२.३.७ पिटरको चिठी कथाको विश्लेषण

### ५.२.३.७.१ वस्तु विश्लेषण

यो कथा सातौं शृङ्खलाको कथा हो । विदेशी पिटर नेपालमा एनजिओ, आइएनजिओको नाममा आइलाग्ने डोनरहरूको प्रतिनिधि रहेको छ । कसरी विदशीहरूले दान दातव्यका नाममा नेपालीहरूको सबै अवस्था किनेर नेपालीलाई मूर्ख बनाउँछन् भन्ने कुरा यस कथाले उजागर गरेको छ । यस कथाको कथानक - पिटर नामको एउटा विदेशी विदशमै

भेटिएको जिकज्याक (जंगशेर) भन्ने साथीलाई आधार बनाएर नेपालको आन्तरिक कुरा खोतलखातल गर्दै किताब लेख्ने सुरमा नेपाल आएको छ । जिकज्याकलाई भेट्छ र देशका सबै गतिविधिको विषयमा जानकारी हासिल गर्दै जान्छ । एउटी नेपाली प्रेमिकालाई भेट्ने नाटक मञ्चन गरेर जङ्गशेरलाई आफ्नो साथी बनाउँछ । जङ्गशेर  पनि अन्य नेपालीहरू समान नै छ ।

मान्छेले पैसा भएपछि आफ्नो स्वाभिमान गुमेको थाहै पाउँदैन । नेपालको आर्थिक, प्रशासनिक, राजनीतिक अवस्थाहरूको सम्पूर्ण अध्ययन गरेर ६ महिनासम्ममा पिटर विदेशतिर जान्छ । पिटरले नेपालमा मन्त्री, प्रधानमन्त्री लगायतका मुख्य मानिसहरूलाई पैसाकै लोभमा भेटिसकेको हुन्छ । बिचरा जंगशेरलाई पिटर अर्कै शीर्षकमा भित्रिएको विदेशी जासुस भनेर थाहा थिएन । तीन महिनापछि पिटरले एउटा किताब जिकज्याकलाई पठाइदियो । चिठीमा अन्य भाषामा पनि प्रकाशित हुने कुरा  लेखेको थियो । किताब हेर्दा एउटा स्वाभिमानी नेपालीको मनमा नकारात्मक भावना उत्पन्न हुनेकुरा निश्चित नै थियो ।

यस कथामा विदेशीहरूले एनजिओ, आइएनजिओको नाममा कति सजिलै नेपालीहरूलाई किनेर आफ्नो स्वार्थ सिद्धगर्छन भन्ने कुरा उजागर गरिएको छ । नेपालीहरूको पैसामुखी प्रवृत्तिको पर्दाफास गर्दै राष्ट्रियताको रक्षा गर्न सचेत बन्नुपर्ने कुरा कथा लेखनको रुचिक्षेत्र हो । एनजीओमा काम गर्ने नेपालीहरू थाहै नपाई नेपालको राष्ट्रियता विक्रिगर्ने एजेन्ट बनेर पैसाको धाक लगाइरहेको यथार्थता यस कथाको उद्देश्यमा देखा पदछ । स्वीटजरलेण्ड र नेपालको काठमाण्डौंमा एउटा होटलको कोठा, एयरपोर्ट, पुलिस प्रशासन, काठमाण्डौंका चोक, गल्ली, त्यहाँका मानिसहरू र पैसा भनेपछि हुरुक्क हुने नेपालीहरूको यस कथामा परिवेश चित्रण छ । यो नै कथाको कार्यपीठिका हो ।

## ५.२.३.७.२ शैली विश्लेषण

यो कथा पनि रैखिक छ । आदि, मध्य र अन्त्यमा कथानक ढाँचा निर्माण गरिएको छ । विदेशी नेपाल आउनु र उसमा निश्चित स्वार्थ हुनु कथाको प्रारम्भ हो । मध्य भागमा उसले पैसामा अल्मल्याएर आफ्नो स्वार्थ सिद्ध गर्नु रहेको देखिन्छ । अन्त्य भागमा नेपालीको पछाडि मात्रै बुद्धि आउने कुरालाई उजागर गरिएको छ । तर कथा काल्पनिक बनाएर टुङ्ग्याउनु गड्तौलाको चतुऱ्याइँ हो । जङ्गशेरको सपना बनाएर पिटरको चिठीकथा

यथार्थताको नजिक पुऱ्याइएकोले कथाको शीर्षक सार्थक छ । जङ्गशेरले देखेको सपना बनाइएकोले कथा तृतीय पुरुष दृष्टिविन्दुमा छ ।

### ५.२.३.८ हली कथाको विश्लेषण

#### ५.२.३.८.१ वस्तु विश्लेषण

यो कथा आठौं शृङ्खलामा रहेको कथा हो । हली भनेर खेत जोत्ने व्यक्तिलाई प्रतिनिधित्व गरेको छ । यस कथाले गोरु जोत्दा प्रयोग हुन फाली, अनौ, ठेडी, सैला, जोतारा, करुवा लगायतका चीजबस्तुहरूको परिचय प्रस्तुत गर्ने उद्देश्य राखेको छ । खेतमा जोतिरहेको एकजना व्यक्ति र प्रयोग भएका चीजबस्तुहरू कार्यपीठिका हुन् । परिचय नासिदै गएका किसानका प्रयोग गर्ने सामग्रीहरूको रोचक ढङ्गमा परिचय प्रस्तुत गर्नु रुचिक्षेत्र रहेको देखिन्छ ।

#### ५.२.३.८.२ शैली विश्लेषण

यो कथा हली काइलाको केन्द्रीयतामा रहेपनि मानवेत्तर निर्जीव पात्रहरूको संवादमा काल्पनिक शैलीमा प्रस्तुत गरिएको हुनाले तृतीय पुरुष दृष्टिविन्दु नै संयोजन भएको छ । कथाको प्रारम्भ जोतिरहेको गोरु बिसाएर हली काइलो बसिरहेको अवस्थाबाट प्रारम्भ हुन्छ । मानवेतर प्राणीहरू बीचको संवादलाई काल्पनिक शैलीमा प्रस्तुत गरेर मध्यभाग निर्माण गरिएको छ र अन्त्यभाग जोत्दै गरेको काइलालाई मुखियाले बोलाएपछि भ्रसङ्ग भएबाट भएको छ । कथा, निबन्ध जस्तो पतीत हुनाले हली भन्ने शीर्षक सापेक्ष छ ।

### ५.२.३.९ लक्ष्मीको बिहे कथाको विश्लेषण

#### ५.२.३.९.१ बस्तु विश्लेषण

यो कथा नवौ शृङ्खलाको कथा हो । यो कथा पौराणिक विषयवस्तुमा आधारित छ । विष्णु,ब्रम्हा, लक्ष्मी लगायतका पात्रहरूले त्यस कुराको सङ्केत गर्दछ । यो कथामा लक्ष्मीको

बिहे अरु कसैसँग हुन नसकेर विष्णुसँगै भएको कुरा उल्लेख गरिएको छ । यस कथाको सारवस्तुको चर्चा गर्दा राम्री देखेपछि महादेवलाई पनि लोभ लाग्ने तर लक्ष्मी भने विष्णुकै भएको यथार्थ संयोजित छ । झिनो कथानकलाई झण्डै झण्डै बृताकारीय रूपमा यो कथा निर्माण गरिएको देखिन्छ । यस कथाको रुचिक्षेत्र पौराणिक विषयवस्तु रहेको छ । कुनै निश्चित परिवेशको सिर्जना गरिएको छैन । नारीको चातुर्यतामाथि पुरुषको केही नलाग्ने यथार्थता चित्रण गर्ने कोसिस गरेका छन् ।

### ५.२.३.९.२ शैली विश्लेषण

यो कथाको आदि, मध्य र अन्त्य भाग छुट्उन सजिलो देखिदैन । एउटा झिनो विषयलाई लिएर विभिन्न दृष्टान्तहरू संयोजन गर्दै लेखेको हुनाले कथा बृताकारीय बनेको छ । महादेवलाई पनि राम्रा देखेपछि लोभ लाग्ने र त्यसका लागि कसरत गर्नेकुरा कथामा चित्रण गरिएको छ ।

धनवती, रूपवतीले मानिस त के देवहरूलाई समेत झुक्याउन सक्छन् भन्ने अर्थ बोकेको तृतीयपुरुष दृष्टिविन्दुमा संरचित महादेव, विष्णु, लक्ष्मी लगायतका पात्रहरू उपस्थित गराएको यो कथा लक्ष्मीको बिहे विष्णुसँगै गराएर धार्मिक दृष्टान्तलाई पुष्टि गरिएको छ । लक्ष्मीलाई बिहे गर्दा विष्णुले अरुलाई झुक्याएका थिए ।

त्यसैले लक्ष्मीले पनि आफ्नो रूप विष्णुलाई सुम्पिए पनि सम्पत्तिको थैलो नखोल्ने शर्तमा विष्णुसंग विवाह गरिन् भन्ने धार्मिक यथार्थता यस कथामा चित्रण गरिएकोले लक्ष्मीको बिहे शीर्षक कथा सार्थक देखिन्छ ।

## ५.२.३.१० टाट्नको खसी कथाको विश्लेषण

### ५.२.३.१०.१ वस्तु विश्लेषण

यो दशौं शृङ्खलामा रहेको कथा हो । मानवेतर प्राणीलाई कथाको शीर्षक बनाउनुले कथाको मार्मिक अवस्था उपस्थित भएको छ । काठको खुट्टा र सासको धनको भर

नहुने नेपाली उखानलाई चरितार्थ गर्न यो कथा लेखिएको छ । यस कथाको कथानक - कान्छो नामक एउटा गरीव पात्रले ठूलो आस सम्हालेर बाख्रा पाल्न थाल्दछ । बाख्राले राम्रै उन्नति गरेपछि गाउँका मुखियालाई त्यो चित्त बुझ्दैन । त्यस बाख्राबाट प्राप्त सबै उन्नतिहरू आफैं हात लगाउने उसको दाउ देखिन्छ । कान्छाले भने आफ्ना आवश्यकताहरू पूरा गर्न बाख्रो पालेको छ । गाउँमा मुखियाको ज्यादति देखिन्छ । मुखियाको छोरो भीमसेन बोको जस्तै गाउँभरि बीउ बनेको छ । सम्पत्तिले सबैथोक छोप्दो रहेछ । एकदिन कान्छाका टाट्नामा ठूलो खसी हुन्छ । मुखियाका छोरालाई छाडा र उनमत्त गाउँमा छोडिएको छ । कान्छो काममा बाहिर गएको बेला मुखियाका छोराले कान्छाको खसी लुटेर लैजान्छ । कान्छाकी छोरीलाई घाइते बनाउँछ । यस विषयमा फिराद गर्न पुगेको कान्छालाई मुखियाका मान्छेहरूले उल्टै कुटपिट गरेर जुठेल्नातिर धकेल्दिएको कारुणिक यथार्थताको चित्रण यस कथाको कथानक देखिन्छ । यस कथामा कथाकारले सामाजिक विकृति विसङ्गतिप्रतिको यथार्थता छर्लङ्ग्याउने रुचिक्षेत्र बनाएका छन् । कान्छाले पालेका बाख्रा, हुर्किएको खसी, ग्रामीण परिवेश, मुखियाको छाडा छोरो, मुखिया, मुखियाको घर र त्यहाँ भइरहेको भोज कथाको कार्यपीठिका रहेको छ । वर्गीय विभेदको उजागर गर्नु कथाको मूल उद्देश्य रहेको छ । वर्गीय रूपमा पीडितहरू जस्तासुकै पीडाहरूपनि नियतिवश भोग्न वाध्य हुन्छन् भन्ने सामाजिक यथार्थता चित्रण यस कथामा देखिन्छ ।

### ५.२.३.१०.२ शैली विश्लेषण

यस कथाको कथानक रैखिक छ । गरीब कान्छाले उन्नतिका आशमा बाख्रा पाल्नु कथाको प्रारम्भ भाग हो । यसबाट राम्रो उन्नति हुनु र टाट्नामा ठूला ठूला खसी हुनु कथाको मध्यभाग हो । गाउँमा भएका वितण्डताहरूको चित्रण उत्कर्षता हो । कथाको अन्त्य कान्छाको सपना चकनाचुर पार्दै मुखियाका मान्छेहरूले उसका टाट्नाको खसी खाएर उल्टै कान्छालाई कुटपिट गर्नु जस्तो कारुणिक अवस्थाको दृश्याङ्कन गरेर गरिएको छ । सामाजिक वर्गीय विभेद जस्ताको तस्तै प्रस्तुत गर्नु कथाको सापेक्षिक अर्थ हो । कान्छा उसकी छोरी र उनीहरूले पालेको खसीलाई केन्द्रीयता बनाएर यो कथा सिर्जना गरिएको छ । त्यसैले यो कथापनि तृतीय पुरुष दृष्टिविन्दुमा नै रहेको छ । आफ्ना टाट्नामा भएको खसी आफ्ना आवश्यकताहरूको परिपूर्ति गर्ने माध्यम र मुखियाका मान्छेले लुटेर खाएको बस्नु भएका कारण कथाको शीर्षक सार्थक छ ।

## ५.२.३.११ 'ॐ नमः शिवाय' कथाको विश्लेषण

### ५.२.३.११.१ वस्तु विश्लेषण

यो कथा ११ औं शृङ्खलाको कथा हो । वृताकारीय शैलीमा लेखिएको छ । श्रावण महिनामा शिवजीलाई जल चढाएको प्रसङ्गबाट पौराणिक विषयवस्तुलाई कथानक बनाइएको छ । कथामा विष्णु, महेश, जस्ता पौराणिक पात्रहरूको समयलाई हिसाबकिताब प्रस्तुत गर्दै आधुनिक जमानाका गतिविधिहरूको मूल्याङ्कन गरिएको छ । शिवजीमा रहेको कामदेवलाई शिवले आफ्नो शक्तिका कारण नष्ट गरिदिएका थिए । त्यही नष्ट भएको कामदेवका कारणले परिवार नियोजन र एच.आइ.भी./एड्सका कारण विश्वमा धेरै खर्च हुने गरेको व्यङ्ग्योक्ति कथाको सारवस्तु हो । शिवजी विष्णु लगायतका पौराणिक पात्रहरूले गतिविधिहरूलाई कार्यपीठिका बनाइएको छ ।

### ५.२.३.११.२ शैली विश्लेषण

तत्वज्ञान ॐ नमः शिवायलाई वृतकारीय ढङ्गमा प्रस्तुत गर्दै व्यङ्ग्योक्ति अर्थसापेक्ष उजागर गरिएको छ । व्यङ्ग्यात्मक प्रस्तुति र तृतीय दृष्टिविन्दु संयोजित छ । शिवजीका गतिविधिहरूलाई व्यङ्ग्यपूर्ण प्रस्तुति गरिएको हुनाले शीर्षक सार्थक देखिन्छ ।

## ५.२.३.१२ 'धर्ती माता' कथाको विश्लेषण

### ५.२.३.१२.१ वस्तु विश्लेषण

यो अर्को शृङ्खलामा रहेको कथा 'धर्ती माता' कथा सामान्य घटनाहरूको चित्रण भएको कथा हो । व्यवहारिक विषयवस्तुलाई चित्रण गरिएको छ । गाउँले जेठानी देउरानीका सासूबुहारीका सामान्य घटनाहरूलाई यस कथामा सारवस्तु बनाइएको छ । निरमायाको छोराको बिहे जसोतसो गरिन् । नाति जन्मियो । आफ्ना छोराको विहे गर्न सकेको र नाति प्राप्त गरेकोमा निरमाया खुसी थिइन् । निरमायालाई नियतिवस आपतमाथि विपत् आइलाग्यो । मुखियाले थिचोमिचो गरिरहेकै बेला नातिको मृत्यु भयो । यस कथाको रुचिक्षेत्र सामाजिक र वर्गीय दीन अवस्थाको यथार्थ चित्रण गर्नु रहेको छ । हर्कबहादुरको घर, गाउँ कुटुम्ब, मुखिया, र वरिपरिको जग्गा जमिन कार्यपीठिका हो ।

### ५.२.३.१२.२ शैली विश्लेषण

यस कथाको कथानक ढाँचा रैखिक छ । हर्कबहादुर छोराको विहे गर्न इच्छित बन्नु कथाको प्रारम्भ भाग हो । नाति जन्मिनु मध्य भाग र नातिको नियतिपूर्ण मृत्यु हुनु कथाको कारुणिक अन्त्य रहेको छ । अर्थसापेक्ष दृष्टिमा कथानक गरीवीको चित्रण गर्दै नियतिपूर्ण भोगाइको चित्राङ्कन रहेको छ । निरमायाको केन्द्रीयतामा यो कथा लेखिएकोले कथा तृतीय पुरुष दृष्टिविन्दुमा रहेको र प्रतीकान्मक रूपमा धर्ती माता शीर्षक सार्थक भएर आएको छ ।

## ५.२.३.१३ शत्रु कथाको विश्लेषण

### ५.२.३.१३.१ बस्तु विश्लेषण

'झुत्रो' कथामा सङ्गृहीत यो कथा मानवेतर पात्रहरूको सामान्य गतिविधिलाई निरीक्षण गरेर लेखिएको कथा हो । प्रत्यक्ष रूपमा बिरालो र सर्पको शत्रुता उल्लेख गरेपनि कथाले पछाडिबाट प्रहार गरेपनि ठूला शत्रुहरूलाई तह लगाउन सकिन्छ भन्ने कथाको रीतिक्षेत्र संयोजन गरिएको छ । यस कथामा बिरालो मुसा ढुकेर बसिरहेको थियो । सर्प प्वालबाट सुलुलु गरेर निस्कियो । भोकाएको बिरालोलाई रिस उठ्यो र सर्पको ढाडमा कोतरिदियो । गोमनको ढाडमा नङ्ग्राले कोतरिदिदा ऊ किन नरिसाओस ।

सर्प फणा उठाएर बिरालोलाई आक्रमण गर्न तिर लाग्यो । उफ्रिनसक्ने बिरालोका आगडि सर्पको केही लागेन । बिरालोले सर्पको आँखा कोतरेर अन्धो बनाइदियो । सर्पलाई कसैले पनि कठैबरा भनेनन् भन्ने कथाको सारवस्तु देखिन्छ । मानवेतर प्राणीमा चेतना भराएर कथाको निर्माण गर्ने कार्यपीठिका छ ।

### ५.२.३.१३.२ शैली विश्लेषण

सामान्य विषयवस्तुको वर्णनात्मक शैली कथानक ढाँचा रहेको छ । प्रतीकात्मक रूपमा ठूला शत्रुहरूलाई पछाडिबाटै आक्रमण गरेर भएपनि तह लगाउने कुरा अर्थगत रूपमा देखाउन खोजिएको छ । बिरालो र सर्पको केन्द्रीयतामा लेखिएको गतिविधिको मूल्याङ्कन गरेर

निर्माण भएको कथा वृतकारीय जस्तो देखिन्छ । बिरालोले सर्पलाई आक्रमण गरेर घाइते पारेको र बिरालोको शत्रु सर्प भनेर कथा लेखिएको हुनाले शीर्षक सार्थक नै देखिन्छ ।

## ५.२.३.१४ 'कुलघरान' कथाको विश्लेषण

### ५.२.३.१४.१ वस्तु विश्लेषण

'झुत्रो' कथाम सङ्गृहीत यो कथा सामाजिक विभेद र विकृति उजागर गरिएको कथा हो । बाबुविना जन्मिएको छोराले पाएको कष्टलाई यस कथामा देखाइएको छ । भाग्यभन्दा बढी र समयभन्दा अगाडि केही पाइदैन भन्ने उखानलाई चरितार्थ गर्न यो कथा निर्माण गरिएको छ । मुखियाका छोराले अबोध नारीको कुमारित्व हरण गरेपछि जन्मिएको नौलीको छोरो र उसले पाएको दुःख, उसले गरेको उन्नति यस कथामा देखाइएको छ । तेजे भन्ने पात्र साथी सङ्गतले शहर पस्छ । राम्रा नराम्रा सबै गतिविधिमा संलग्न हुन्छ । बालुवा निचोरेर पनि तेल आउँछ भन्ने उखान चरितार्थ गर्दै रानीका दिन जान्छन्, टुहुराका दिन फर्कन्छन् भन्ने उखान चरितार्थ गर्दै तेजेले नराम्रो सङ्गत भएपनि राम्रो कमाउँछ ।

मुखिया आफ्ना त के आँगनमा पनि तेजेलाई आउन दिदैन थिए । उनको बिचारमा तेजे कुलघरानको होइन भन्ने थियो । तेजेले सम्पत्ति कमाउँछ । शहरमा घर बनाउँछ । पल्लो गाउँका साहूकी छोरी बिहे गर्छ । त्यसपछि लगाएको पुराणमा मुखिया पनि ठूला भित्रिया भएर जान्छन् । पुराण लागिरहेको थियो तर गाउँलेहरू भने मुखिया तेजेलाई अछुत भन्ने कुराको चर्चा गर्दागर्दै कथा सिद्धिन्छ । कथाको रुचिक्षेत्र गाउँमा आफू समानको सम्पत्ति हुँदामात्रै मुखियाहरू समान व्यवहार गर्छन् भन्नेकुरा कथाको रुचिक्षेत्र बनेको देखिन्छ । कथा लेखनको मुख्य उद्देश्य सामाजिक विकारका श्रोतहरू सामन्तहरू र उनीहरूको सामन्ती व्यवहार हो भन्ने कुरालाई उजागर गरिएको छ ।

### ५.२.३.१४.२ शैली विश्लेषण

यो कथा सिलसिलाबद्ध ढङ्गमा तेजे भन्ने पात्रको जीवनको आद्योपान्त चित्रण गरिएको हुनाले रैखिक ढाँचामा निर्माण भएको छ । अर्थगत रूपमा व्यङ्ग्यपूर्ण यो कथा तेजेको

केन्द्रीयतामा भएकोले गर्दा तृतीय पुरुष दृष्टिविन्दुमा रहेको देखिन्छ । सम्पत्तिले मान्छे कुल घरानको बन्ने कुराको चर्चा गरेर शीर्षक सार्थक बनाइएको छ ।

## ५.२.३.१५ 'घर' कथाको विश्लेषण

### ५.२.३.१५.१ वस्तु विश्लेषण

'झुत्रो' कथासङ्ग्रहको यो सिलसिलामा आएको कथा परिश्रमले लखतरान भएर आरम गर्ने ठाउँको रूपमा उपस्थित रहेको छ । ज्ञानमणि आफ्नो छोरो काखमा लुटपुटिदै आफ्नो घरको खोजी गरेर सताइरहेको बेला कल्पनामा डुब्दै घरको काल्पनिक संसारमा हराउँछ । ज्ञानमणिले घरको सम्झाना गर्दै घरले दिने फाइदा बेफाइदाका कुरालाई यस कथाको सारवस्तुको रूपमा उभ्याइएको छ । यस कथाको कार्यपीठिका बसिरहेको ज्ञानमणि र उसको छोराले गरेको गनगन र कल्पना भित्रको घर रहेको देखिन्छ ।

### ५.२.३.१५.२ शैली विश्लेषण

कथानक ढाँचालाई चर्चा गर्दा यो कथा ज्ञानमणिको कल्पनाको सिलसिलाबद्ध चित्रण हो । घर नभएकोमा छोराले कचकच गर्नु प्रारम्भ भाग, घरको कल्पनामा डुवेर हराउनु कथाको मध्यभाग, र पुनः यथार्थतामा फर्कदा आफ्नो काखमा छोरो निदाइरहेको पाउनु कथाको अन्तिम अवस्था हो । रैखिक ढाँचामा कथा रहेको छ । ज्ञानमणिको केन्द्रीयतामा बनेको कथा शृङ्खला तृतीयपुरुष दृष्टिविन्दुमा रहेको छ । घरको महत्वमाथि काल्पनिक रूपमा प्रकाश पारिएको हुनाले घर कथाको शीर्षक चरितार्थ हुन पुगेको छ ।

## ५.२.३.१६ 'श्राद्ध' कथाको विश्लेषण

### ५.२.३.१६.१ वस्तु विश्लेषण

'झुत्रो' कथाको शीलशीलमा पर्ने श्राद्ध कथा पितृको सराद गर्ने कुरालाई आडम्बरको रूपमा प्रयोग गर्ने सामाजिक कुसंस्कार भनेर देखाइएको छ । यस कथामा आएजति सबैलाई

निम्ता खानदिन भनेर सराद गर्नेका प्रमुखले गाउँभरिका मान्छेलाई बोलाउँछन् । बोलाएका ठाउँमा गएन भने ठूलो भएछ भन्ने लागेर सबैले जाने गर्छन् । शिवलाई पनि त्यस्तै लाग्यो र सरादमा गयो । तर सरादमा बसौं भनेर पनि कसैले भनेन । सराद भनेको धेरै खानेकुराहरू भएको ठाउँ हो भनेर व्याख्या गर्दै जसले जति खाए अब भोज सकियो भन्ने घोषणा भयो । मुरी चामल पकाएर खुवाएकोले गर्दा पाप नलाग्ने भन्दै घरको आगन खाली गरिदिन अनुरोध गरिन्छ । यस कथाको रुचिक्षेत्र श्राद्ध (सराद) आडम्बरपूर्ण व्यवहारको उजागर गर्नु, धार्मिक कुसंस्कारको पर्दाफास गर्नु रहेको देखिन्छ । घर, आगन, र त्यहाँ भएको भोज, अनि गाउँलेहरू काथको कार्यपीठिकाका रूपमा रहेका छन् ।

## ५.२.३.१६.२ शैली विश्लेषण

यस कथाको कथानक ढाँचा रैखिक छ । श्राद्धमा सबैजनालाई बोलाउनु कथाको प्रारम्भ भाग हो । गएका मानिसहरू सबै मध्ये शिव खान बोलाएको ठाउँमा बस्ने पनि ठाउँ नभेट्टाएर अलमल पर्नु मध्यभाग, मुरी चामल खुवाएको भन्दै सबैलाई ठाउँ छोड्न आग्रह गर्नु कथाको अन्त्य भाग हो । यो शिवको केन्द्रीयतामा लेखिएकोले तृतीयपुरुष दृष्टिविन्दुमा लेखिएको कथा हो ।

## ५.२.३.१७ 'डा. हर्के' कथाको विश्लेषण

## ५.२.३.१७.१ वस्तु विश्लेषण

'झुत्रो' कथा सङ्ग्रहमा सङ्गृहीत यो डा. हर्के कथा एउटा गरीब गाउले केटो डाक्टर बनेको कुरालाई उजागर गर्न लेखिएको कथा हो । यस कथामा संस्कारगत सामाजिक परिवेश र गरीबहरू प्रति गरिएको दुर्व्यवहारको चित्रण गरिएको छ । गरीब हर्के नजिकैको विधालयमा अध्ययन गर्न नियमित रूपमा जन्छ । मजदुरी गरेर भएपनि हर्केको बाबु हर्केलाई पढाउन डटि रहन्छ । मुखियाका ज्यादती ले गर्दा गाउँको बिधालयमा अध्ययन गर्न सक्दैन । पल्लो गाँउमा गएर भए पनि हर्के पढ्न थाल्दछ । तर मुखियाले त्याहाँबाट भगाउँदछ । हर्केलाई परिबन्दमा पारेर चोर बनाउने मुखियाको दाउ रहेको छ । तर मुखियाको छोरो भने डाका बन्दछ । मुखियालाई जति पैसा चाहियो उति पैसा मागेर खर्च गर्न थान्दछ । उता हर्के भने

पढाइमा दत्तचित्त भएर लाग्ने इच्छा हुँदाहुँदै पनि मुखियाका कारणले पढ्न पाएको हुदैन । भौतारिएको हर्के गोरा सा'वकोमा बसेर राम्ररी पढ्छ र डाक्टर बन्दछ भन्ने कथानक डा. हर्के कथाको रहेको छ । यो कथामा पनि गाउँका मुखियाहरूले सर्बसाधारणलाई परिवन्धमा पारेर उन्नति गर्नबाट रोकेको यथार्थतालाई उजागर गर्नु रुचिक्षेत्र देखिन्छ । हर्केको गाउँ, विद्यालय, पल्लागाउँको हेडमास्टरको गाउँ, र गोरा सावको सामीप्यता जस्ता कार्यपीठिका संयोजन गरिएको छ । पिछडिएको गाउँमा सामन्तहरूले दिएको दु:खलाई चित्रण गर्दै नेपाली कथाको प्राथमिक चरणका यथार्थवादी कथाहरूको शृङ्खलामा यो कथा सानिनध्यता राख्दछ ।

### ५.२.३.१७.२ शैली विश्लेषण

यो कथापनि सिलसिलाबद्ध रूपमा प्रारम्भ, मध्य र अन्त्य भागको ढाँचामा संयोजन गरिएको छ । त्यसैले यो कथा रैखिक ढाँचामा रहेको छ भन्न सकिन्छ । कथाको प्रस्तुति केही संवादात्मक भएपनि प्राय गरी व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको देखिन्छ । मुखियाले आफ्नो छोराको गलत व्यवहारको वास्ता नगरी हर्केलाई दण्डित गरे पनि हर्के सही मार्गमा भएका कारणले डाक्टर बन्न पुग्दछ । तर मुखियाको छोरो डाका बन्दछ । यिनै कुराहरूलाई दृश्याङ्कन गर्दै कथाको अन्त्य भएको देखिन्छ । शीर्षक पनि डाक्टर हर्के र हर्केकै केन्द्रीयतामा लेखिएको हुनाले यो कथा तृतीयपुरुष दृष्टिविन्दुमा छ र शीर्षक पनि सार्थक छ ।

## ५.२.३.१८ 'प्रतिपदाको ग्रहण' कथाको विश्लेषण

### ५.२.३.१८.१ बस्तु विश्लेषण

यो कथा गड्तौलाको कथा सङ्ग्रह 'झुत्रो'मा अन्त्यतिर उपस्थित कथा हो । प्रतिपदाको ग्रहण शीर्षक दिएर व्यङ्ग्योक्ति शीर्षकले नै देखाउँछ । प्रतिपदामा ग्रहण लाग्दैन । कुनै अनिष्टकारी घटनालाई चित्रण गर्न यस्तो शीर्षक राखिएको देखिन्छ । मुख्यगरी यस कथामा हिन्दू दर्शन र संस्कारलाई आफ्नो बैचारिक पक्षको उपदेशात्मक पद्धति अपनाई गड्तौलाले वैचारिक धरातललाई प्रगाढ बनाएको देखिन्छ । यस कथाको सार पक्षलाई हेर्दा उर्मिला र इलिजा साथीहरू बीचको सामान्य गन्थनबाट अनिष्टकारी अवस्थाको विभिन्न दृष्टान्त दिदै

चित्रण गरिएको छ । वैचारिक दृष्टिकोण प्रस्तुत गरिएको यो गड्तौलाको व्यङ्ग्यपूर्ण कथा हो । नियतिको पनि छनक प्रस्तुत गरिएको छ ।

## ५.२.३.१८.२ शैली विश्लेषण

यो कथा पनि रैखिक ढाँचामा नै छ । सँगै पढ्दै गरेका साथीहरू मध्ये उर्मिला पढाइमा ध्यान नदिने, रामरौसमा रमाउने केटी थिई । इलिजा भने पढाइलाई मिहिनेत गर्ने खालकी केटी थिई । इलिजा गरीब पनि थिई । इलिजाले राम्रो पढी तर उसको विवाह भएन । उर्मिला भने केटाहरूसंग लहसिने भएकोले छिटै भागी विवाह भयो र पुराना कुराहरूको सम्झना गर्दै ती दुई मित्रको भेटलाई संयोजन गर्दै यस कथामा सम्पत्तिको जित हुने हाम्रो सामाजिक परिवेशको चित्रण गरिएको छ । तृतीयपुरुष दृष्टिविन्दु संयोजित छ । विस्तारै इलिजाको राम्रो मानिससँग विहे भएपनि उर्मिलालाई भने आफ्नो श्रीमानले बेच्ला कि भन्ने डर हुँदाहुँदै कथाको अन्त्य देखाउनुले कथा आदर्शमा गएर टुङ्गिएको छ । त्यसकारण प्रतिपदाको ग्रहणलाई अनिष्टकारी भन्दै उर्मिलाको उत्ताउलो पनले निम्त्याएको अन्धकारपूर्ण जीवनलाई उजागर गर्दै लेखिएको कथा प्रतिपदाको ग्रहण शीर्षक सार्थक देखिएको छ । यस कथामा आदर्शता बढी मुखरित भएर आएको छ ।

## ५.२.३.१९ 'ओच्छ्यान' कथाको विश्लेषण

### क. वस्तु विश्लेषण

गड्तौलाका कथाहरूमध्ये 'झुत्रो' कथा सङ्ग्रहकै अन्तिम कथा हो । यो कथामा ओच्छ्यान शीर्षकलाई विछ्यौना भन्ने अर्थमा नै अभिधात्मक रूपमा प्रस्तुत गरिएको छ । एउटा घरवारविहीन मान्छे जीवन जिउने क्रममा कतिसम्म समस्यामा पर्दछ, यदि उसँग सम्पत्ति र आफन्तहरूको अवस्था नाजुक छ भने भन्ने कुराको यथार्थ उजागर गरिएको छ । उसलाई बाबुआमा को हुन् भन्ने पनि थाहा छैन तर उसको नाम भने हरि भन्ने थाहा छ । उसलाई छेउको स्कूलमा सबै जाँदै गरेको कुराले आकर्षित गर्दछ । आफूजस्तै केटाकेटीहरू विद्यालय गएको थाहा पाएपछि ऊ पनि जान्छ । स्कूलका हेडसरले हरिलाई विद्यालयमा भर्ना गरिदिन्छन् । उसका बाबुआमाको नाम चाहिन्छ तर हरिलाई थाहा छैन । तैपनि हरिको नाम लेखाइन्छ ।

हरि एउटा खाते बालक हो । न उसलाई ओच्छ्यान थाहा छ न खाने नखाने कुराको ज्ञान छ । पशुवत जीवन बिताइरहेको हरि विद्यालयमा गएपछि हेडसरकैमा बस्ने चाजोपाजो मिलाउँछ । बनाएको खाट, त्यसमाथि ओच्छ्यान देखेर ऊ मख्ख पर्दापर्दै मच्छडका लागि झुल थियो तर ओच्छ्यानमा भएको घिउ कमिलाका लागि अरु कुनै सम्भावना थिएन । यसलाई जीवनको नियति ठानेर हरिले हेरिरहेको कौतुहलपूर्ण टुङ्ग्याउनी गरेर कथाको अन्त्य गरिएको छ । यो कथा एउटा खाते वालकको वास्तविकतालाई टिपेर रचना गरिएको हो । यसको कार्यपीठिका भनेको सडकपेटी, विद्यालय, र हेडमास्टरको घरको ओच्छ्यान रहेको छ ।

### ५.२.३.१९.२ शैली विश्लेषण

यस कथाको कथानक ढाँचालाई पनि आदि, मध्य र अन्त्यको शृङ्खलामा राखिएको छ तर यो एउटा नियतिवादी कथा हो । एउटा गरीब व्यक्ति नियतिले अभावग्रस्त बन्दछ र नियतिले नै जीवनको कारुणिक मोडमा पु¥याइन्छ भन्ने कुराको प्रस्तुति यस कथामा रहेको छ । यो कथापनि रैखिक नै छ । एउटा ओच्छ्यान नभएको बालक कसैको सहाराले ओच्छ्यान भेट्टाउन पुगेपनि उसले प्राप्त गरेको विच्छ्यौना प्रयोग गर्न अयोग्य भएपछि विच्छ्यौनाको सापेक्ष अर्थमा ओच्छ्यान शब्द प्रयोग गरिएकोले शीर्षक सार्थक रहेको छ ।

## ५.२.३.२० 'हेड सर' कथाको विश्लेषण

### ५.२.३.२०.१ वस्तु विश्लेषण

यो कथामा गाउँका मुखिया र विद्यालयका शिक्षक (हेड सर) बीच भएको समसामहिक विषय वस्तुलाई द्वन्द्वात्मक अवस्थालाई विषय वस्तुका रूपमा विश्लेषण गरी लेखिएको कथा हो । गाउँमा विद्यालय नभएको र विद्यालय खोलेर गाउँले केटाकेटीहरूलाई पढाउने हेड सर र मुखिया बीच भएको मनोमालिन्य कथाको रीति क्षेत्र भएको छ ।

### ५.२.३.२०.२ शैली विश्लेषण

यो कथा व्याख्यात्मक शैलीमा आदि मध्य र अन्त्यको संयोजन गरेर बाघको छालामा स्यालको रजाइँ भन्ने नेपाली उखान चरितार्थ गर्न लेखिएको कथा हो । यो कथा रैखिक शैलीमा छ । विद्यालय खोल्नु आदि भाग हो । यहाँ मुखियाका सन्तानले पढ्न नसक्नु मध्य भाग र हेड सरको विद्यालयबाट निस्कासन अन्त्य भाग हो ।

### ५.२.३.२१ 'प्रष्ट' कथाको विश्लेषण

#### ५.२.३.२१.१ वस्तु विश्लेषण

यस कथामा सरकारी कर्मचारीहरू बीच हुने चुक्ली चाप्लुसी जस्ता विषयवस्तुहरू लिएर घुस खाने कर्मचारी नै हाकिमका लागि नजिकको हुन्छ भन्ने वस्तुगत कुरा उजागर गरीएको छ । प्रष्ट विचार हुने मान्छे भ्रष्ट समाजमा टिक्न गाह्रो हुनेकुरा यस कथाको विषयवस्तु हो । कार्यलका कर्मचारी, हाकिम र कार्यलय मा हुने गतिविधिहरू यस कथाका रीति क्षेत्र हुन् ।

#### ५.२.३.२१.२ शैली विश्लेषण

यो कथा सरल भाषाशैलीको प्रयोग गरेर रैखिक ढाँचामा लेखिएको छ । मानिसको रगतको स्वाद पाएको बाघले मानिसनै मार्न खाज्छ भन्ने नेपाली उखान लाई चरितार्थ गर्न यो कथा प्रस्तुत गरिएको छ । राम्रो काम गर्ने कर्मचारी डिकेन्द्रको हत्या लाई रहस्यात्मक रूपमा कथामा प्रस्तुत गरिएको छ । नराम्रो काम गर्ने खिलध्वज ले आफ्नो नाम डिकेन्द्र भन्दै फटाई गर्दै हिड्नुले  डिकेन्द्रको हत्या हुन पुगेको रहस्य यस कथामा रहेको छ ।

### ५.२.३.२२. 'सरकारी' कथाको विश्लेषण

#### ५.२.३.२२.१ वस्तु विश्लेषण

यस कथामा सरकारी शीर्षक दिएर एउटा गरिब व्यक्ति सरकारी कर्मचारी भएपनि थिचोमिचो सहन बाध्य हुनेकुरा यस कथाको विषय वस्तु रहेको छ । शंकरलाई गृह जिल्ला सरुवा गरियो त्यस जिल्लामा अर्का हाकिम पनि रहेछन् । शंकर हाकिम बीच गाउँका मुखियाका कारणले बैमनस्यता कायम भएको विषयवस्तु यस कथामा रहेको छ ।

#### ५.२.३.२२.२ शैली विश्लेषण

यो कथा रैखिक ढाँचामा रहेको छ । सरकारी कार्यलयका कर्मचारी र हाकिम बीच भएको समान्य घटनालाई सिलसिलाबद्ध बनाएर कलात्मक शैलीमा यो कथा लेखिएको छ ।

एउटा तल्लो दर्जाको कर्मचारीलाई माथिल्लो दर्जाका कर्मचारीले अप्ठ्यारो पर्दा पनि गरेको असहयोग यस कथामा उल्लेख छ ।

## ५.२.३.२३ 'मुखियाको आसन' कथाको विश्लेषण

### ५.२.३.२३.१ वस्तु विश्लेषण

यस कथामा विद्यालय खोल्न नदिने मुखियाले अर्काको घरमा सर्प पस्दा ठूलो समस्या देख्दैनन् तर एक दिन मुखिया बस्ने कुर्सिमानै अजिगर आएर बसिदिन्छ । त्यस पछि भने मुखिया अतालिन्छन् । यसै विषयवस्तुलाई कथाले समेटेको छ । यस कथाको उद्देश्य थिचोमिचो गरिरहे एकन एक दिन त्यसको पर्दाफार हुनेकुरा रहेको छ ।

### ५.२.३.२३.२ शैली विश्लेषण

रैखिक ढाँचामा भएको यो कथा व्याङ्ग्यात्मक शैलीमा लेखिएको छ । संम्वादलाई भन्दा पनि बढी रुचाएको देखिन्छ ।

## ५.२.३.२४ 'गुफा' कथाको विश्लेषण

### ५.२.३.२४.१ वस्तु विश्लेषण

यस कथामा गाउँको जंगलमा भएको एउटा गुफालाई विषय बनाएर मानवीय र मानवेतर पात्रहरू संयोजन गर्दै झिँनो कथावस्तु समेटिएको छ । गाउँको नजिकै भएको गुफा भित्रको रहस्यलाई यस कथामा प्रस्तुत गरिएको छ ।

### ५.२.३.२४.२ शैली विश्लेषण

यो कथा पनि रैखिक शैलीमानै रहेको छ । व्यङ्ग्यात्मक शैलीमा मानवेतर पात्रहरूको प्रयोगले कथा रोचक बनेको छ । कसैले नदेखेको जङ्गलको गुफा भित्रको अदृश्य प्राणीले सखाप पारेको रहस्य बाट यो कथा अन्त्य भएको छ ।

## ५.२.३.२५. 'असल मान्छे' कथाको विश्लेषण

### ५.२.३.२५.१ वस्तु विश्लेषण

यस कथामा सबैभन्दा भ्रष्ट मान्छे पूजनीय भएको देख्दा हरिलाई नराम्रो लाग्छ । एकपटक त्यही व्यक्तिले हरिलाई घुस मागेको थियो । यसै विषयवस्तुलाई 'असल मान्छे' कथामा समेटिएको छ ।

### ५.२.३.२५.२.शैली विश्लेषण

यो कथा पूर्व दीप्ती शैलीमा रहेको छ । कथाको मध्य भागमा घुस माग्ने कर्मचारी असल मान्छेका रूपमा सम्मनित भएको कारण बाट पूर्वदीप्ती संयोजन भएको छ । हरि र कृष्णको संवादमा यो कथा निर्माण भएको छ । व्यङ्ग्य भन्दा पनि बढी यस कथामा आदर्श प्रस्तुत भएको छ ।

## ५.२.३.२६ 'भान्से' कथाको विश्लेषण

### ५.२.३.२६.१ वस्तु विश्लेषण

भान्से कथा एक जना मुखियाको घरमा महिनै पिच्छे भान्से फेरेको विषयवस्तुमा आधारित छ । कथामा मुखियाकोमा भान्से टिक्न नसकेको विषयवस्तुलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गर्दै गाउँले हरूलाई गरेको थिचोमिचो देखाइएको छ ।

### ५.२.३.२६.२. शैली विश्लेषण

यो कथा आदि, मध्य र अन्त्य मा निर्माण भएको रैखिक ढाँचा भएको कथा हो । यस कथामा मुखियाले महिनै पिच्छे नयाँ काम गर्ने मान्छे खोजेर आफ्नो अस्थिरताको चित्रण गरी कम्जोर मुखियाहरूको अवस्था व्यङ्ग्यभावमा देखाउनुले कथाको शीर्षक सार्थक देखिन्छ । त्यसकारण  यो कथा व्यङ्ग्यभाव पूर्ण रहेको छ ।

यसरी ''झुत्रो'' कथासङ्ग्रहमा सामाजिक यथार्थता, अन्धविश्वास, कुरीति, नियति, जीवन भोगाइका उतारचढावहरूलाई कतै यथार्थपरक कतै अतियथार्थपरक ढङ्गले प्रस्तुत गरिएको 'झुत्रो' कथासङ्ग्रहका कथाहरू पठनीय रहेका छन् । हिन्दुदर्शनको आडमा कतै कतै

उपदेश बाँडिएको छ । कुनै कथाहरू परिचय प्रस्तुत गर्ने निबन्धात्मक शैली अपनाएर लेखिएको छ । कुनै कथाहरू राष्ट्रियताको भावले ओतप्रोत रहेका देखिन्छन् भने कतै सामाजिक थिचोमिचो प्रतीको कडा प्रहार गरिएको छ । मझौला आकारको यो कथासङ्ग्रह छोटै कथाहरूको सङ्ग्रह हो । लेखक स्वयम्ले प्रकाशित गरेको यो कथासङ्ग्रह पहिलोचोटी मात्रै प्रकाशित भएको छ ।

## ५.२.४ 'मरुभूमिको काकाकुल' कविता सङ्ग्रहको विश्लेषण

साहित्यकार डम्वरुवल्लभ गड्तौला द्वारा लिखित यो पहिलो कविता सङ्ग्रह 'मरुभूमिको काकाकुल' (२०६६) ६६ वटा कविताहरूको सङ्ग्रह हो । सामाजिक व्यावहारका अनुभव र युगीन चेतनाले प्रदीप्त स्रष्टाका कलात्मक अभिव्यक्तिहरू आजस्वी भाषामा मुखर बेनेर मुर्तरूप लिन पुगेपछि कविताका स्वरूपमा प्रकट हुने गर्दछन् । डम्वरुवल्लभ गड्तौला १२ वर्षदेखि कविता, कथा, लेखनमा छन्दवद्ध कविहरूको लाममा लाम्वद्धहुने औलामा गन्न सकिने संख्यामा सागुरिन आइपुगे झै छन्दोवद्ध कविहरूको लाइनमा रहेका कवि हुन् । विचार आवद्धता र वर्गीय पक्षधरताले रचनात्मक संप्रेषणीयताले र सांस्कृतिक मूल्यको नयाँ आयमले पनि थोरैमा गन्न लायक देखिने प्रोढतातिर उन्मुख कविहरूमा गड्तौलाको सहज रूपले नाम लिन सकिन्छ । अहिले उनका तीनवटा कृतिहरू मध्ये एउटा कविता सङ्ग्रह प्रकाशित भएको छ ।

सम्पूर्ण कविताहरू प्रगतिशील रहेको यो "मरुभूमिको काकाकुल" कविता सङ्ग्रह २०६६ डम्बरुबल्लभ गड्तौलाको तेस्रो प्रकाशित कृति हो । यसभन्दा पहिले उनका दुईवटा प्रकाशित छन् । ती दुवैका बारेमा अघि नै व्याख्या विवेचना गरी सकिएको छ । यहाँ गड्तौलाको कविता सङ्ग्रह "मरुभूमिको काकाकुल"२०६६ को समग्र अध्ययन प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा गीतिलय, झ्यारे र छन्दोवद्ध विधानमा बाँधिएका कविताहरू रहेका छन् । छन्दोवद्ध कवितालाई पद्य कविता भन्ने चलन छ । आवर्ती ढाँचाका नियम समुहको सुनियोजित व्यवस्थापन भएका कविताहरूलाई छन्दोवद्ध कविता र नियम समुहको लयमात्रै सम्वार्धन भएका कविताहरूलाई गीतिलय र झ्याउरे लयका कविता भनिन्छ । गड्तौला छन्द बचाऊ अभियानका कविहरूकै लाइनमा लामबद्ध छन् ।

प्रस्तुत कविता सङ्ग्रहमा रहेका कविताहरूको अध्ययन गर्दा गड्तौलाले पुराण, इतिहास प्रकृति, समाज, सामाजिक व्यवहार, सौन्दर्य र वर्गीय विभेदका प्रतीक विम्व र

अलङ्कारहरू टिपेका छन् र आफ्नो ढङ्गबाट प्रयोग गरेका छन् । ग्रामीण जनजीवनको भूगोलबाट इन्द्रीय सम्वेद्य सामग्री लिनु, शान्तिको कामना गर्नु जस्ता गड्तौलाका वैशिष्ट्य हुन् । उनी जगतको जीवन छान्न अनुभूतिको गहिराइमा पस्न, हृदयको मर्म उद्घाटन गर्न खप्पिस देखिन्छन् । अनुभूतिको श्रोत व्यक्तिगत जीवन भन्दा सामाजिक जीवनको संवेदना बढी प्रखर रहेको छ । तिखो दृष्टि एउटा सुक्ष्म निरीक्षणमा भन्दा पनि अभिधात्मकतामा कवि रमाएको भैंm लाग्छ । शव्द समायोजनमा प्रसस्तै कमी रहेको छ । छन्दगत व्याकरणमा पनि अशुद्धि रहेका छन् । कविले देशमा भएको तत्कालीन समय  र परिस्थितिमा देखेभोगे तथा सुनेका आधारमा प्रस्फुटन भएका भावहरूको समायोजन यस कवितामा गरेको देखिन्छ । कविताहरूमा भएका तिथि र शव्द हालका समयमा सान्दर्भिक नहुन पनि सक्छन् । तर इतिहासका प्रत्यक्ष भाव वोकेर ठिङ्ग उभिएका छन् । ती कविताको भाव स्पष्ट रूपमा देखिन्छ ।

### ५.२.४.१ 'बाढी' कविताको विश्लेषण

यस कवितामा ७ पङ्क्तिहरू रहेका छन् । ४/४ लाइनका यी पङ्क्तिहरूमा अन्त्यानुप्रास खरी-घरी, सरी-भरी जस्ता समायोजन गरिएको छ । वर्षात्को समयमा आउने झरीले बाढी उरालेर मानिसका थातथलो चिलविल बनाएको यस कविताको कथन रहेको छ । अचानक बाढी आएको चर्चा गर्दै कवि लेख्छन्-

कहाँ थियौ यतिका दिन किन आयौ खर्खरी
दैवि शक्ति मेरै नै हो भनी हिँड्यौ घरिघरि
भिर, पाखा, रुख, पात किन वगायौ सर्सरी
मुटु छैन दया छैन के खानु हो दिन भरी । (बाढी कविताबाट)

यस कवितामा बाढीले कसैको माया नगर्ने सबैलाई गाली गर्दै हिँड्ने जस्तो स्वभाव देखाउँछ । कसैलाई पनि चिलविल पार्न पछि पर्दैन भन्ने प्राकृतिक यथार्थताको चित्रण गरेको छ।

### ५.२.४.२ 'बालदिवस' कविताको विश्लेषण

यस कवितामा ७ पङ्क्ति समायोजन गरिएको छ । गते, थाले, पुगे थाले गर्ने कस्ने, भनी, पनि, मर्छ, पर्छ, भेषमा जस्ता अन्त्यानुप्रासहरू प्रयुक्त भएका छन् । बालदिवसका दिन वालवालिकाहरू नाच्दै गाउँदै रमाउन थालेका कुराबाट कविताको प्रारम्भ हुन्छ । बालदिवसका दिन सुरक्षाकर्मीहरूले बालकहरूमाथि गरेको ज्यादतिको चर्चा यस कवितामा रहेको छ । कवि लेख्छन्

जुँगा मुँठे सुरक्षाको मान्छे थियो त्यहाँ
उचालेर फ्याँकिदियो झुत्रेलाई पो कहाँ
कहाँ पुग्यो के के भयो चासो पनि भएन
कठैवरा भन्ने सम्म शव्द निष्किएन । (बालदिवस कविताबाट)

बालक उत्थान गर्ने भनेर एनजिओ, आइएनजिओहरूले कागज बनाएर पैसा असुल्छन् । तर बालबालिकाहरू खान नपाइ भोकभोकै मर्छन भन्नेकुरा बालदिवस कवितामा उल्लेख गरिएको छ ।

### ५.२.४.३ 'उदयपुरको बोक्से' कविताको विश्लेषण

उदयपुरको बोक्से बजार कस्तो छ भन्ने कुरा यस कवितामा बयान गरिएको छ । उत्तरमा महाभारत बीचमा गाइघाट नजिक बोक्से बजार रहेको छ । त्रियुगाबाट चन्द्रनहर बनेको कवितामा चर्चा छ । फत्तेपुर तावाखोला, पुवाँरेखोला, छौडिया खोला, मुर्कुची बजार आदि परिवेश भएको यस कविताहरूमा विभिन्न ठाउँको बयान गरिएको छ । ९ वटा पङ्क्ति भएको झ्याउरे छन्द प्रयोग भएको छ । यस कवितामा पनि अन्त्यानुप्रास धुइरो-ओइरो, लाई-भाइ, पर्दा-गर्दा, आदि अन्त्यानुप्रास प्रयोग गरिएको छ । उदयपुरको बोक्से बजार र यहाँको परिचय प्रस्तुत भएको कवितामा कवि लेख्छन्

उर्लेको भेल रोकथाम गर्न उपाय छैन सवलाई
मिलेको समाज फुटाई हाल्यो पार्टिले बहुदल ल्याई
पूर्व र पश्चिम उत्तर र दक्षिण खोला र पहाड भाको
गाइघाटको माथि त्यो बोक्से डाँडा सदरमुकाम भाको (उदयपुरको बोक्सेबाट)

### ५.२.४.४ 'सडक' कविताको विश्लेषण

१२ वटा पङ्क्ति भएको यो कविता पनि अन्त्यानुप्रास योजना गरिएको कविता हो । भए-गए, सुली-हली, आदि अन्त्यानुप्रास रहेका छन् । सडक प्रत्येक ठाउँ देशविदेश सबैतिर फैलिएको कुरा बर्णन गरिएको छ । सडकलाई सबैले प्रयोग गर्छन, सबैलाई सडक फराकिलो चाहिएको छ । राजादेखि रङ्कसम्म यहि सडकमा हिँड्ने कुरा सडक कवितामा गरिएको छ । कविताका अनुसार

मेरो खोजी कति हुन्छ संसारमै पनि
सानो ठूलो सबै हुन्छ मेरौ रूपै पनि
भिर पहरा डाँडा पाखा म सबैतिर हुन्छु
पूर्व पश्चिम चारै दिशा म पुगेकै हुन्छु । (सडक कविताबाट)

### ५.२.४.५ 'सडकछाप' कविताको विश्लेषण

यस कवितामा १३ पङ्क्ति रहेका छन् । घर नभइ सडकमै जीवन विताउने बालबालिकाको यथार्थ चित्रण भएको यो आख्यानपूर्ण कविता हो । सडकमै जीवन विताउने, सडकलाई नै घरमान्ने बालबालिकाको जीवन सडकमा वितेको देखेर कविले यस कविताका हरफहरू लेखेको देखिन्छ । भन्थे, हुन्थे, घर, थर, अहिले, भरे जस्ता अन्त्यानुप्रास प्रयोग गरेर कविले यो कविता सिर्जना गरेका छन् । आफ्ना बाबुआमाको करुणापूर्ण जीवनको कथानक पनि सुनाइएको छ । कविताका अनुसार

यहि सडक मेरो ओत यहि पक्का घर
मलाई त नसोध्नुस है के हो तेरो थर
म जस्ता त यहाँ कति कति बसेका छौं ।
नेपाल भन्दा भारतका धेरै साथी छौं । (सडकछाप कविताबाट)

### ५.२.४.६ 'रक्सी महिमा' कविताको विश्लेषण

९ पङ्क्तिमा समेटिएको कविता हो । रक्सीको यस कवितामा व्यङ्ग्यात्मक प्रस्तुति रहेको छ । बियर भनेपनि, भोड्का भनेपनि, रेडलेवल भनेपनि सबै रक्सी नै हुन् । घर परिवारमा रक्सी खाएर हल्लाखल्ला गर्ने मानिसहरू जतातते अपमानित भएको यस कवितामा उल्लेख गरिएको छ । मात्नेको सङ्ख्या साह्रै धेरै भएकोमा सबैलाई चिन्ता छ । कवि भन्छन्

मात्नेहरूको संख्या हेर्दा अरु भेट्न गाह्रो
१०० मध्ये ५ ले मात्रै नमातेको परो
हाम्रो देशमा मात्नेहरूको कुरै नगर्नु है
संख्या ठूलो उनिहरूकै अभर पर्ला है । (रक्सीको महिमा कविताबाट)

### ५.२.४.७ 'पिकनिक २०५७' कविताको विश्लेषण

२०५७ सालमा उदयपुरका कर्मचारीहरूले बनभोज गएका कुरा वर्णनात्मक शैलीमा प्रयोग गरी यो कविता लेखिएको छ । पिकनिक जाँदा सबैखाले कर्मचारीको उपस्थिति थियो भने कोही दाउरा खोज्ने, कोही पानी बोक्ने, कोही खसी काट्ने, कोही तास खेल्ने जस्ता गतिविधि गरेको चर्चा गरेर मदिरा सेवनलाई रोक्नुपर्ने सन्देश  यस कवितामा रहेको छ । विदेशी नक्कल छाड्नुपर्छ, आफ्नै संस्कृतिमा रमाउनु पर्छ भन्दै कवि लेख्छन्

यस्तो राम्रो मौका आउँछ हाम्रै संस्कृतिमा
विदेशीको नक्कल गर्न छाड्नुपर्छ ठाउँमा
यहि नै हो मेरो सन्देश यो पिकनिकको नाउँमा
यति भन्दै विदा हुन्छु जान्छु आफ्नै ठाउँमा (पिकनिक २०५७ कविताबाट)

### ५.२.४.८ 'गीता पाठ' कविताको विश्लेषण

यो कविता ११ वटा पङ्क्तिहरूमा सङ्गठित छ । सवाइ छन्दमा लेखिएको छ । धार्मिक र सामाजिक प्रतिष्ठाको आडम्बरमा विकृतिपूर्ण कार्यको वढावा दिइएको कुरा हाम्रो समाज र यसका विकारहरूको व्यङ्ग्यपूर्ण चित्रण यस कवितामा गरेको पाइन्छ । यो कविताको शीर्षक व्यङ्ग्यपूर्ण रहेको देखिन्छ । किनभने गीता पाठ भनेर दुराचारपूर्ण तासखेलको वर्णन

गरिएको छ । शीर्षक सान्दर्भिक छैन । जुवातास खेल्ने संस्कारको विरोध गरिएको छ । कवि लेख्छन्

तासखेल्न सबै लागी आफ्नै क्याम्प तिर

नयाँ नाम रह्यो तास रह्यो गीता पाठ हो र?

तास जुवा नछुने त सधं एक्लै रह्यो

छुवाछुत लाग्ने जसतै परै वसिरहयो । (गीता पाठ कविताबाट)

## ५.२.४.९ 'जागिर खानु छ' कविताको विश्लेषण

यस कवितामा १५ पङ्क्ति रहेका छन् । पढेपछि जागरी खान थालेको छोरो हाकिमको ज्यादतिले गर्दा आहत भएको कुरा यस कवितामा उल्लेख गरिएको छ । यो निकै लामो कविता हो । मोजमस्ती गर्न जागिर खाएपछि २ नम्बरी काम गर्न समेत पछि पर्दैनन् । जसले भ्रष्टाचार गऱ्यो उसले कमाउन सक्छ भन्नेजस्ता कुराहरू यस कवितामा उजागर गर्न खोजिएको छ । इमान्दारहरूका श्रीमतीहरू समेत घरमा झै झगडा गर्नतिर लाग्छन् भन्दै कवि लेख्छन्

मर्दकि कमारी बरु नै राम्रो नामर्द लोग्ने भन्दा

यस्तैनै लोग्ने पाउन रैछ यतिका उमेर गन्दा

स्वास्नीका गनगन यस्तै नै सुन्दै जागी खानु छ भाइ

देशको सेवा घरवारलाई मेवा सधैं जागरी खानु भाइ । (जागिर खानु छ कविताबाट)

## ५.२.४.१० 'मरुभूमिको काकाकुल' कविताको विश्लेषण

यस सङ्ग्रहको नाम समेत रहेको यो कविता सङ्ग्रह भरिको भाव बोकेर आएको कविता हो । यो शीर्ष कविता १५ पङ्क्ति समायोजन भएको छ । भानुभक्त आचार्यको प्रश्नोत्तरी कविताको शैलीमा यो कविता रचना गरिएको छ । मरुभूमिमा बस्ने एउटा काकाकुल पङ्क्ति पानी पाउनको निम्ति कति छटपटाएको छ भन्ने प्रतीकात्मकता प्रस्तुत गरेर यस कवितामा मानिसका इच्छा आकांक्षा पूरा गर्न श्रोत र साधन हुँदाहुँदै पनि क्षमता नपुगेकोले हामी सधैं

अन्धकारमा बस्नुपर्ने चर्चा उजागर गरिएको छ । कतै पानीको हाहाकार छ तर त्यहाँ नै जलस्रोतको पर्याप्तता छ । काकाकुल पङ्क्तिको दुःखपूर्ण अवस्थालाई काठमाण्डौंबासी जनतालाई काकाकुलसंग तुलना गरी पानी खान नपाउने अवस्थाको सङ्केत प्रस्तुत गरिएको छ । कवि लेख्छन्

म काकाकुल लाई समुद्र किन भटन आँउथ्यो र

बालुवा नै निचोर्दा किन तेल झर्थ्यो र

यस्तै रैछ जीवनमा काकाकुलको जुनि यो

तिर्खा लागे सबैले ढुंगा को पानी खोज्नु हो ।

## ५.२.४.११ 'भलादमि' कविताको विश्लेषण

यस कवितामा ८ पङ्क्तिहरू रहेका छन् । अभाव भित्र सामाजिक कुरीतिको चित्रण गरिएको छ । यस कवितामा पनि रक्सी र रक्सीखानेको विरोध गरिएको छ । रक्सी खाएर जो हिँड्छ उसैको ठूलो डङ्का हुनेकुरा कवितामा प्रस्तुत छ । फटाहाहरूले राज्यगर्ने कुरा जमाना समयले ल्याएको भन्दै कवि भन्छन्

कस्तो अयो जमाना फटाहाले रा जगर्ने

नमात्ने र सिधा त घरै भित्र लुक्नपर्ने

कस्तो हो त्यो भदालमी सबैलाई गाली गर्ने

नियम कानुन छैन कि फटाहालाई सजायाँ गर्ने (भलाद्मी कविताबाट)

## ५.२.४.१२ 'जाडो' कविताको विश्लेषण

जाडो कविता ७ पङ्क्तिहरूमा संरचित छ । वर, पर, हुल्डुंग, गुल्डग, खन्छु, तुन्छु जस्ता अन्त्यानुप्रास प्रयोग गरिएको छ । गड्तौलाको यो कविता वर्गीय विभेदको चित्रण गरेको प्रगतिवादी कविता हो जाडामा सवैजना सुर्ति खान थाल्छन जाडोबाट वच्न आगो वाल्छन् प्रकृतिले पनि गरीवलाई ठग्छन् भन्दै प्रगतिवादी स्वर उरालीएका छन् ।

सभा भेला भाषण हुन्छ गरीवीलाई लखेटने रे

सधै सन्छौ सधै रुन्छौ हामिलाई कसले पो हेरे ।

जिउ मुटु काँपेकै छ सधैं जाडो वितेकै छ

हुरी आउँछ वतास आउँछ छानो हाम्रो उडकैछ ।(जाडो कविताबाट)

## ५.२.४.१३ 'काग' कविताको विश्लेषण

यस कवितामा १२ पङ्क्तिहरू रहेका छन् । मानवेतर प्राणीकाग र उसको चरित्र बाट मानवीय चरित्रको व्यङ्ग्यपूर्ण चित्रण गर्दै उपदेश बाँडिएको कविता हो । अन्त्यानुप्रास संयोजन भएको यो कनिता गेयात्मक छ । कागले कसरी जीवन विताइ रहेको हुन्छ भन्ने कुरा यस कवितामा प्रस्ट्याइएको छ । काग विहानै घर छेउमा बसेर कराउनुलाई कागले अरुलाई गाली गरेको कविको दृष्टि रहेको छ । कवि अगाडि लेख्छन्

मेरो गाली सुन्नेहरू चुपचाप सही दिन्छन्

चरित्रको व्याख्या गर्दा लुच्चो काग भन्छन् ।

गिद्ध चरो देख्दा ठूलो एकतामा बस्छ ।

सिनो देखे आपसमा बाँडी बाँडी खान्छ । (काग कविताबाट)

यसरी कागको चरित्रको वयान गर्ने क्रममा गड्तौला मानव समुदायलाई उपदेश दिन पछि पर्दैनन् । अगाडि लेख्छन् -

मनुष्य र पंक्षि सबै सुन मेरो कुरा

यमदुतको पद्वि मेरो डराउनु है पुरा । (काग कविताबाट)

## ५.२.४.१४ 'बुढो पिपल' कविताको विश्लेषण

गड्तौलाको यो गद्य कविता हो । गद्यमा भएपनि यस कवितामा गीतिभाव पाइन्छ । यस कवितामा पङ्क्तिको योजना गरेको देखिदैन । एक अक्षर देखि एकाइ अक्षरसम्मका हारहरू रहेका छन् । एउटा बुढो पिपलले आत्मबृत्तान्त शैलीमा मानवेतर बृक्षको योजना गरेर प्रत्येक क्षेत्रमा देखिएको विकृतिपूर्ण अवस्थालाई उजागर गरिएको छ । प्राकृतिक प्रकोप सहेर बर्सौ बाँचेको पिपलले देखेका प्रत्येक घटनाहरूको वर्णनात्मक शैली कवितामा प्रस्तुत भएको छ । देशमा काम भएको र राम्रो भएको चाहिँ नदेखिएको चर्चा कवितामा रहेको छ ।

काम भएको चाँहिँ अहिलेसम्म थाहा छैन

कहिले काहीँ भेला जमघटमा सुन्ने गर्छु

देशको अवस्था फेरवदलका कुरा

कहिले खासखुस र कहिले माएकबाट पनि

सुन्ने गर्छु देश विदेशका कुरा

म बुढो पिपल सधैं सुनिरहन्छु सधैं सुनिरहन्छु । (बुढोपिपल कविताबाट)

## ५.२.४.१५ 'सन्तान' कविताको विश्लेषण

यो कविता १४ पङ्क्तिमा आयोजित पद्य कविता हो । सन्तानको ममतापूर्ण भाव अभिव्यक्त गर्दै प्रत्येक सन्तानहरूले मित्रतापूर्ण मेलमिलाप गरेर बन्नुर्पे सन्देश यस कवितामा मुखरित भएको छ । सन्तानालाई आफ्ना अमूल्य सन्देशहरू यस कवितामा पस्किएको छ । आमालाई धर्तीमातामा आरोपित गरी सबैको साझा धर्ती र यस साझा धर्तीमा सबैलाई मिलेर बस्नुपर्ने सन्देशमूलक भाव कवितामा व्यक्त भएको छ ।

बाबु एउटै आमा एउटै सन्तान सबै एकै

ओछ्यान एउटै, थाल एउटै विचार सबै एकै

एउटालाई घाउलागे अर्को रुनुपर्ने?

सबै भाइको परिश्रमले मिति खानुपर्ने । (सन्तान कविताबाट)

## ५.२.४.१६ 'निस्वार्थ सेवा' कविताको विश्लेषण

यो पद्य कवितामा १९ वटा पक्तिहरू रहेका छन् । अन्त्यानुप्रास संयोजन गरिएको छ । यस कवितामा देशमा प्रशासनिक र राजनीतिक दुराचारको पर्दाफास गर्दै देशका सबै चीज बेचिरहेकोमा आपत्ति व्यक्त भएको छ ।

देश विक्रिको तमसुक लेख्न किन बाँकि राख्यौ

साक्षी बस्ने नभेटेर थाती राख्या हौ कि?

गर्छु भन्ने बृद्धलाई लडाइँ हाल्यौ तिमिले

ब्वाँसो भई छाला ओढ्यौ भेडाको नै सबले । (निस्वार्थ सेवा कविताबाट)

यस कवितामा भ्रष्टाचारको विरोध गर्दै समाको उन्नतिको चाहना राखेको पाइन्छ । हाम्रो समाज गरीबलाई भनै गरीब पार्ने र धनीलाई भन धन थप्ने खालको भएकोमा कवि चिन्ता व्यक्त गर्छन् ।

## ५.२.४.१७ 'माया' कविताको विश्लेषण

यो कवितामा १३ पङ्क्तिहरू रहेका छन् । सानो हुँदा सबैले छोरीलाई माया गर्ने गर्छन् । ठूलो भएपछि प्रत्येक पाइलौ पिच्छे उसको निगरानी गरिन्छ । विवाहपछि श्रीमानको घरमा दाइजो नल्याएको भनेर समेत छोरी/बुहारीलाई प्रताडित पारिने यथार्थ प्रस्तुत गरिएको छ । दाइजो प्रथाको यस कवितामा विरोध गरिएको छ ।

बाहिरबाहिरै हेर्नेहरूले अनुहार देखिहाल्थे
माग्ने कुरा गर्दैजाँदा दाइजो कोट्याइहाल्थे
दाइजो दिने चलन हामीले तोड्न सक्नुपर्छ
दाजुहरू सधैं भन्थे टिको लाइदिनु पर्छ । (माया कविताबाट)

## ५.२.४.१८ 'उनैको सम्भना' कविताको विश्लेषण

यो कविता ८ पक्तिमा संरचित छ । अमूर्त रूपमा 'उनै' भन्नाले शान्ति र अमनचयनको सम्भना भनेर यस कवितामा वयान गरिएको छ । हाम्रो देश बुद्धको देश हो । यहाँ शान्ति हुनुपर्छ भन्ने कविताको धारणा छ । यो अन्त्यानुप्रास संयोजन भएको कविता हो । मानवता शान्ति र चेतनाको यस कवितामा सञ्चार भएको छ ।

सालसालै यस्तै गर्दैनै वित्छ बुद्धको नाम भटयाइ
बुद्धको जयन्ती पूर्णिमा तिथि सम्भना सधैं गर्दै
बुद्धको देशमा उनैको अपमान कति दिन हेर्ने हामीले
अपमान जति बुद्धलाई गऱ्यो दानवै मति सबले । (उनको सम्भना कविताबाट)

## ५.२.४.१९ 'शहीद' कविताको विश्लेषण

यो पद्य कविता १४ पङ्क्तिमा संरचित छ । अन्त्यानुप्रासको संयोजन रहेको छ । परी, गरी, मानी, ठानी जस्ता अनुप्रासहरू आएका छन् । यस कवितामा देशका लागि आफ्नो कर्तव्य सम्झेर लड्ने वीर सपुतहरूको निस्वार्थपनको प्रशंसा गर्दै शहीदहरूप्रति सम्मान प्रकट गरिएको छ । राष्ट्रिय चेत र प्रगतिवादी भावना यस कवितामा चित्राङ्कन गरिएको छ । सबैथोक त्यागेर जीवन आहुति गर्ने शहीदप्रति सम्मानभाव यस कवितामा प्रकट भएको छ ।

धन सम्पत्ति घरवार माया मार्‍यो जसले

समन पाउन कता कता लाछी भयो अहिले

अगुवा थियो उसको बाटो किन छाड्यौं हामीले

नेपाल र नेपालीको इज्जत राखौं सबले । (शहीद कविताबाट)

## ५.२.४.२० 'धरहराको आँसु' कविताको विश्लेषण

यो पद्य कविता १५ पङ्क्तिमा आयोजना गरी तयार पारिएको छ । जन, तब, लडे बडे, गर्ने पर्ने, जस्ता अन्त्यानुप्रास रहेका छन् । धरहरा प्रतीक बनेको छ । धरहरा भनेर सम्पूर्ण देश रोइरहेको कुरा कवितामा अभिव्यञ्जित भएको छ । देशमा हत्या हिंसा भइरहेको परिवेशमा यो कविता सृजना भएको छ । देश खुनको आहालमा डुवेको हेर्न नसक्ने कविको आत्म स्वीकृति छ । उनी लेख्छन्:

कति हेर्नु खुनको खेला सधैं आँखाभरी

जति जति देखेपनि राजधानी भरी ।

विकाशको कुरा गरे सवले पागल भन्छन्

खुट्टातान्ने सल्ला गर्दा सवले सलाम गर्छन् । (धरहराको आँसुबाट)

## ५.२.४.२१ 'भानुको सम्झना' कविताको विश्लेषण

यो कविता ९ पङ्क्तिमा रहेको छ । आदिकवि भानुभक्तको सम्झना गर्दै उनलाई सम्झाउने क्रममा नेपाल र नेपालीहरूको तत्कालीन समयको अवस्थाबाट भानुभक्तले देखेको कान्तिपुरी नगरी, अलकापुरी बन्न नसकेको व्यङ्ग्योक्ति संयोजित छ । यस कवितामा देशमा

जतिसुकै सम्पत्ति भित्रिए पनि अवस्था भने चिन्ताजनक बन्दै गएको यथार्थता प्रस्फुटन भएको छ । उनी लेख्छन्-

तिमीले देख्दा कान्तिपुर स्वर्गजस्तै रहेछ
अहिले त कान्तिपुर नर्ककुण्ड पो बनेछ ।
त्यसैले
नरोउ हे भानु सधैं स्वर्गमा बसेर
चिन्ता सधैं किन लिन्छौं नेपाललाई हरेरे । (भानुको सम्झनाबाट)

## ५.२.४.२२ 'सुकुम्बासी' कविताको विश्लेषण

यो पद्यमा आयोजना भएको ९ पङ्क्ति भएको कविता हो । एक आनी पनि जग्गा नहुने मानिसहरूलाई चुनावजित्ने नारा सुकुम्बासी समस्या समाधान गर्ने भनिएर ढाँटढुँट गरेपनि उनीहरूको समस्या  समाधान हुन नसकेको परिवेश यस कवितामा उतारिएको छ । अख्तियार सम्म लाग्दा पनि सुकुम्बासीहरूका समस्या समाधानमा पहल हुन नसकेको यस कवितामा चर्चा गरिएको छ ।

शंका लागे अख्तियारले पूर्जि काट्ने हो
उसैलाई तह लाउँछु तारिख धाउनु पर्ला
शनियम कानुन व्यवहारले खाते नै म हुँ कि
म हुँ पक्का सुकुम्बासी देश किन्न जाउँकी । (उनको सुकुम्बासी कविताबाट)

## ५.२.४.२३ 'मरिच' कविताको विश्लेषण

यो कविता १७ पङ्क्तिमा संरचित छ । बनस्पतिलाई परिचित गराउँदै लुप्त रूपमा मरिचजस्तो कवि आफूलाई पाउँछन् । सबैलाई अर्ती उपदेश गर्ने गर्दा प्राय नराम्रो मान्ने गरेको कुरा यस कवितामा प्रस्तुत गरिएको छ ।

यस कवितामा मरिचका गुण र अवगुणहरू उल्लेख गरिएको छ । पैले मैले, हुम धुन, जस्ता अन्त्यानुप्रास संयोजन गरिएको छ । मरिच भएपनि यसले ठूलो हाँक दिन सक्ने कविको राय छ ।

यस्तो मेरो शक्तिलाई हाँकदिने सबलाई
पुऱ्याइ दिएँ इहलोकमा छाड्दै पृथ्वीलाई ।
सानो शरीर भएपनि शक्ति मेरो कत्रो
केहो केहो हेर्दा हेर्दै लासकै होकि थुप्रो । (मरिच कविताबाट)

## ५.२.४.२४ 'यात्रा' कविताको विश्लेषण

यो पद्यात्मक कविता शिखरिणी छन्दमा संयोजन गरिएको १२ पङ्क्तिमा रहेको पद्यका नियम पालन गरिएको कविता हो । यात्रा गर्दा आइपरेको सङ्कटलाई व्याख्या गरिएको यस कवितामा यात्रामा आइपर्ने विभिन्न प्रकारका असुविधाहरू यस कवितामा व्याख्या गरिएको छ । यस कवितामा प्राकृतिक सौन्दर्यको पनि वयान गरिएको छ । स्वच्छन्दवादी दृष्टिमा यो कविता देखापरेको छ ।

आसको त्यान्द्रो वरपीपल हेर्दा डङरङ भुइँमा देख्यो
शरदको हुरी ठूलै नै आएछ चौतारो रित्तै थियो ।
सहारा छैन यात्रा छ लामो चिन्तामा परेको थियो
अनन्त यात्रा कसरि तर्नु न भुल्लमा उ थियो (यात्राबाट)

यसरी कविता सङ्ग्रहमा सुख, उपचार, अंश, नयाँ जुत्ता, खुट्टा, खरुकी घाँस, सानी छोरी, खुइते कुकुर, हात, लठसाव, पति, चारकोट, भोक, होली, साँढे, नशा, पसल, पितृ तर्पण, विन्तिपत्रहरू, कलम, टुहुरो, राम्री, गाई, नागरिकता, कुखुरा, रहर आदि विभिन्न शीर्षकमा कविता लेखेर आफ्नो बौद्धिक चिन्तन र उपदेश संचार गरेका छन् । डम्बरुबल्लभ गड्तौलाले मानवीय, मानवेतर, पशुपङक्षि, भावनाहरू लगायतका विविध विषयहरूमा कविता सिर्जना गरेर उपदेश र परिचय बाँडेको देखिन्छ । सासूबुहारी बीच हुने मनोमालिन्य, दाजुभाइ बीच हुने असमझदारी देखि लिएर उपयोगी चिजहरूको काव्यिक परिचय यस कविता सङ्ग्रहका

कविताहरूमा प्रस्तुत गरिएको छ । कविताहरूमा पाप, धर्म, संस्कार, लगायतका विषयहरूमा कविले आफ्नो चिन्तन प्रस्तुत गरेका छन् ।

यस सङ्ग्रहमा एसियाको बीचमा हिन्दु संस्कृतिमा बाँचेको नेपाल, बुद्धको जन्मस्थान हुँदाहुँदै पनि आज यी सबै कुराहरूमा नयाँपन सिर्जना गर्ने नाममा सबै नासिँदै गरेको कुरा सङ्ग्रहकै कूल आशय हो । नेपालीहरूमा आज व्याप्त भ्रष्टपनले भोलि नेपालीको अवस्था खराब हुने संभावित खतराप्रति चिन्तित बनेका छन् । हाम्रो संस्कृति झल्काउने पाटी, पौवा, मठमन्दिर लगायतका सभ्यता संरक्षण गर्नेसबै क्षेत्र विदेशीहरूले बनाउने नाममा विगारीरहेको कुराको चिन्ता यस कवितासङ्ग्रहमा उल्लेख गरिएको छ ।

## ५.२.४.२५ 'रहर' कविताको विश्लेषण

यस कविता सङ्ग्रहको अन्तिम कविता रहर ९ वटा हरफहरूमा संरचित छ । यो गद्यात्मक शैलीको कविता हो । व्यङ्ग्यात्मक शैलीमा हरेक मानिसहरूलाई छुट्टाछुट्टै रहर लाग्नेकुरा प्रस्तुत गरिएको छ । पृथ्वीमा सबैलाई आ-आफ्ना रहर भएको कुरा उल्लेख गर्दै जसलाई जे छैन त्यही प्राप्त गर्ने रहर हुन्छ भन्ने यथार्थता उजागर गरेका छन् । बालकलाई तन्नेरीलाई घरबार गर्ने रहर, सुकुम्बासीलाई महल बनाउने रहर, मजदुरलाई मालिक बन्ने रहर, खलासीलाई ड्राइभर बन्ने रहर, बुहारीलाई सासू बन्ने रहर, छोरीलाई आमा बन्ने रहर, सासूलाई शासन चलाउने रहर भनेर व्यङ्ग्यवाण प्रहार गरिएको छ । कार्यकर्तालाई नेता हुने, नेतालाई मन्त्रीहुन, मन्त्रीलाई धोका दिने, नहुनेले धेरै कमाउने रहर भन्दै सुतेकालाई निन्द्रा पुऱ्याउने रहर, उठेकालाई सुत्ने रहर, विद्यार्थीलाई प्रमाणपत्रको शिक्षकलाई बहानाको रहर रहेको कुरा उल्लेख गर्दै बहाना गरेर विद्यालयमा नजाने शिक्षकहरू प्रति असहमति प्रकट गरिएको छ । खुट्टालाई टाउकोमा पुग्ने, टाउकोलाई सबलाई सताउने, मुखलाई खाइरहने जस्ता अनौठा रहरहरूको यस कवितामा चर्चा गरिएको छ । प्रकृतिको पनि आफ्नै किसिमको रहर रहेको भन्दै कवि लेख्छन् -

हिँउलाई पग्लने रहर

पानीलाई वग्ने रहर

खोलालाई बगाउने रहर

नदीलाई भेल बन्ने रहर

समुन्द्रलाई सबै निल्ने रह

खै के रहर, कस्तो रहर, किन लाग्यो रहर । (रहर कविताबाट)

### ५.२.४.२६ अन्य छोटा कविताहरूको विश्लेषण

#### 'लामखुट्टे' कविताको विश्लेषण

यस कवितामा १४ पक्तिहरू रहेका छन् । यस कवितामा मुख्य गरी राजनैतिक व्यङ्ग्य गरीएको छ । लामखुट्टे र उपिँयालाई देशका राजनैतिक व्यक्तिहरूको प्रतीक बनाएर भोकमरीको रोग नेताहरू भएको व्यङ्ग्य गरीएको छ ।

#### 'मुसो' कविताको विश्लेषण

यस कवितामा १४ पङ्क्तिहरू रहेका छन् । हुटिट्याउले सागर थाम्ने, मुसाले शासन गर्ने, भैसी रुख चढ्ने जस्ता व्यङ्ग्य भावहरू कवितामा प्रस्तुत गरीएको छ । एउटा मुसो जसरी भएपनि आफ्नो सङ्ख्या बढाएर अरुलाई दुःख दिने गर्छ भन्ने सामान्य कुरालाई कविताको मूलभाव बनाईएको छ ।

#### 'भोजन' कविता विश्लेषण

खानेकुराको परिचय दिदै भोककालागि प्रयोग गरिने खाद्यपद्धार्थको परिचय दिने यो कविता मानिसले खानेकुरा स्वादकालागि खानेगरेको उल्लेख छ । कुपोषण र कुसस्कारमा बाच्ने हामी नेपालीहरूको बाध्यता कवितामा प्रस्तुत भएको छ । यस कवितामा १५ पङ्क्ति रहेका छन् ।

#### 'आत्म हत्या' कविताको विश्लेषण

यस कवितामा आफै मृत्युवरण गर्ने मानिसहरूलाई अगतिमा नमर्न भनिएको छ । बन्दुकले आफूलाईनै मारेको कुरा बाट भिनो आख्यान प्रस्तुत गर्दै यो कविता लेखिएको छ । एउटा अदर्लिले आत्म हत्या गरेको कुराबाट यो कविता निर्माण भएको छ । ८ वटा गीती लयका हरफहरू यस कवितामा रहेका छन्

#### 'कपाल' कविताको विश्लेषण

यस कवितामा ७ पङ्क्तिहरू रहेका छन् । टाउकामा भएको मानिसको रौं लाई मानिसको सैन्दर्यको साधन मान्दै टुप्पि, जुल्फीको वयान गरीएको छ । लामो कपाल नपाल्नु यस कविताको सन्देश हो ।

'सामाजिक सेवा र स्वाच्छ वातावरण' कविताको विश्लेषण

यो कविता गद्य शैलीमा लेखिएको छ । यो एउटा व्यङ्ग्यात्मक शैलीमा लेखिएको कविता हो । हजारौं चेलीलाई विदेशको कोठीमा बेच्ने हाम्रो समाजको गलत व्यवहारलाई व्यङ्ग्य गरिएको छ । गरिबी घटाउन चेलीबेटीहरूलाई बैदेशिक रोजगारमा पठाउने कार्य विरुद्ध यस कवितामा आलोचना प्रस्तुत गरिएको छ ।

'पाले दाइ' कविताको विश्लेषण

यो कविता गद्य शैलीमा लेखिएको र खवरदारी गरिएको कविता हो । यस कवितामा प्राकृतिक विषयवस्तुको चर्चा गर्दै सबैको सुरक्षा गर्नु पर्ने कुरा गरिएको छ ।

'कालुमान' कविताको विश्लेषण

यस कवितामा एउटा गाउँले युवक कालुमानको चर्चा गर्दै ग्रामिण मानिसहरू कालुमान जस्तै सोझा हुने कुरा उल्लेख गरिएको छ । यो झ्याउरे छन्द्धमा रचना गरिएको १५ हरफ भएको कविता हो ।

'चित्कार' कविताको विश्लेषण

यो कविता मानवीय संवेदना उकुस मुकुस हुदाको अवस्थालाई चित्रण गरिएको छ । जालि, फटाहा, गुण्डा आदिका पिरले पिल्सिएका मानिसहरूको उर्लिएको स्वरलाई चित्कारको रूपमा वयान गरिएको १३ हरफ भएको झ्याउरे कविता हो ।

'जोगी' कविताको विश्लेषण

यस कवितामा मागि खानेहरूको माग्ने बानीलाई यहाँ प्रस्तुत गरिएको छ । स्वाङ पारेर माग्दै हिड्ने अनि गाजाको व्यापार गर्नेहरू प्रति यस कवितामा व्यङ्ग्य गरिएको छ ।

'दवाइ' कविताको विश्लेषण

यस कवितामा जथाभावि विख प्रयोग गर्ने हाम्रो बानी प्रति सचेत बन्न आग्रह गरिएको. छ । ११ हरफहरूमा मुसा सर्प मार्न लागाइने विसले मानिस मर्न सक्ने कुरा उल्लेख गरिएको छ ।

'सुख' कविताको विश्लेषण

यस कवितामा एउटी नारीले जीवनमा पाएको सुखानुभूतिको वयान गरिएको छ । जीवननै सुखैसुख रहेछ भन्ने कुराको वयान यस कवितामा रहेको छ ।

‘उपचार’ कविताको विश्लेषण

यस कवितामा गरिब व्यक्तिहरूका लागि उपचार भन्दा पनि खानेकुराको धेरै खाचो भएको कुरा उल्लेख गरिएको छ । वर्गीय विभेदको अन्त्य नभए सबैले उपचार पाउन नसक्ने यथार्थ यस कवितामा प्रस्तुत छ ।

‘मध्यान्ह’ कविताको विश्लेषण

यस कवितामा जेठ महिनामा दिउसो १२ बजे लागेको घाम र त्यसले पार्न सक्ने असरको चर्चा गरिएको छ । शादूर्लाविक्रिडित छन्द्धको प्रयोग गरिएको ७ हरफ भएको यो कविता दिउसोको वयान गर्नमानै सिमित छ ।

‘खुकुरी दाइ’ कविताको विश्लेषण

झ्याउरे छन्द्धमा रहेको यो कविता खुकुरीको वयानमा सीमित देखिन्छ । एउटाले मरीमरी काम गऱ्यो अर्काले स्वाद पाउने विडम्बनालाई लाक्षणिक रूपमा कवितामा प्रस्तुत गरिएको छ ।

‘गन्तव्य’ कविताको विश्लेषण

यस कवितामा विग्रिएको सडक, अप्ठ्यारो बाटो, सवारीसाधनको चाप जस्ता कुराहरूले मानिसको गन्तव्यलाई टाढा बनाउँदै गरेको कुरा भावको रूपमा उल्लेख गरिएको छ । १३ पङ्तिहरूमा यो कविता संरचित भएपनि कुनै ठूलो आख्यान देखिदैन ।

‘अंश’ कविताको विश्लेषण

यस कवितामा पैतृक सम्पत्तिका लागि हुने बाँणफाँणको समान्य चर्चागरी अंश भन्ने शीर्षक दिइएको छ । दाजुभाइ मिलेर बसी दिदीबहिनीहरूलाई समेत पैतृक सम्पत्तिको हक हुनसक्ने कुरा अंश कवितामा उल्लेख छ ।

‘नयाँ जुत्ता’ कविताको विश्लेषण

यस कवितामा नयाँ जुत्ताको चर्चा गरिएको छ । एउटा व्यक्तिले भर्खर किनेको जुत्ताले खुट्टा पिल्स्याएको कुरा नयाँ जुत्तामा चर्चा गरिएको छ ।

‘खुट्टा’ कविताको विश्लेषण

यो खुट्टा कविता मानिसको शरीरको भार थाम्ने अङ्गका रूपमा बयान गरिएको कविता हो । खालीखुट्टा हिँडेर दुःख पाउने खुट्टादेखि लिएर भुइँ नटेक्ने खुट्टाहरूको यस कवितामा बयान गरिएको छ ।

### 'सानी छोरी' कविताको विश्लेषण

कवि गड्तौलाले आफ्नी हुर्कदै गरेकी छुनुमुनु गर्ने सानी छोरीको बाल्यकालको बयान यस कवितामा गरेका छन् । झ्याउरे छन्दमा १० हरफहरू भएको यो कविता बालकविता हो ।

### 'खुइते कुकुर' कविताको विश्लेषण

घरमा हुँदा खुइले कुकुर पनि ठूलो स्वरले भुक्नेकुराको बयान यस कवितामा छ । यस खुइतेकुकुर कवितामा कुकुरको मात्रै बयान नभएर कमजोरहरूको पनि व्यङ्ग्यात्मक ढङ्गमा चरित्र चित्रण गरिएको छ ।

### 'हात' कविताको विश्लेषण

यो कविता अनुष्टुप छन्दमा रहेको छ । पर्ने-पर्ने, मिल्दा-मिल्दा जस्ता अन्त्यानुप्रास प्रयोग गरेर हातको बयान यस कविताको मूलभाव हो ।

### 'लाठसाहव' कविताको विश्लेषण

यस कवितामा एउटा कार्यालयको हाकिमको तडकभडकलाई लाडसावको रूपमा बयान गर्दै आफ्नो रवाफ गर्नेहरू घरमा छोराछोरी नाङ्गै भएको भुल्छन् भन्ने कुराहरू प्रस्तुत गरिएको छ ।

### 'पति' कविताको विश्लेषण

यस कवितामा पतिका विभिन्न रूपहरूको चर्चा गरिएको छ । कसैकसैका पतिहरू बेलुका भएपछि रक्सी खाएर बाङ्गा खुट्टा टेक्दै घरमा आएको यथार्थता उजागर गर्न रचिएको यो पति कविता माइतीमा यो पीडा नपुऱ्याउने दृढ इच्छाका साथ महिलाहरू आफ्नो पतिलाई देवता मान्ने हाम्रो संस्कारको व्यङ्ग्यात्मक भाव प्रस्तुत गरिएको छ ।

### 'नगरकोट' कविताको विश्लेषण

यस कवितामा पहिला पहिला नगरकोटको डाँडातिर हाब्रे मात्रै घुम्न भ्याथ्यो । मानिसहरूलाई फुर्सद थिएन । तर अहिले मानिसहरू त्यतातिर घुम्नाले हाब्रेको बासस्थान समेत खोसिन गएको भाव यस कवितामा रहेको छ ।

### 'भोक' कविताको विश्लेषण

यस कवितामा खान नपाएको व्यक्तिलाई परेको चोट उजागर गरिएको छ । यस कवितामा विभिन्न दृष्टांशहरू प्रस्तुत गर्दै भोक लागेका मानिसहरूमा हुने समस्याको बयान गरिएको छ ।

### 'होली' कविताको विश्लेषण

होली चाडपर्वको यस कवितामा बयान गरिएको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म होली खेलिने र यो रङको उत्सव भएको चर्चा गर्दै यसको विशिष्टतामाथि

प्रकाश पारिएको छ । व्यङ्ग्यात्मक रूपमा देशमा भएको द्वन्द्वलाई पनि समावेश गर्दै ब्वाँसको भेषमा होली खेल्नेहरू कम छैनन् भन्ने भाव कवितामा रहेको छ ।

'साँढे' कविताको विश्लेषण

यस कवितामा सरकारी कर्मचारीहरूले जनतामाथि गरेको दवावलाई व्यङ्ग्यपूर्ण तरिकाले साँढेलाई प्रतीक बनाएर उल्लेख गरिएको छ । अत्यास लाग्दो सरकारी कार्यालय र यसका कर्मचारीहरूले जनतालाई दुःखदिने गतिविधिको पर्दाफास गरिएको छ ।

'नशा' कविताको विश्लेषण

यस कवितामा मादक पदार्थ, मात्नेमान्छे र यसको व्यवसायको कुरा उल्लेख गरिएको छ । कति रहरले, कति करले यस्ता व्यवसायमा लागेका छन् भने नशा सेवन गर्नेहरू आफ्नो बाध्यता, संस्कार र रहर भएको कुरा कवितामा बयान गरिएको छ ।

'पसल' कविताको विश्लेषण

यस कवितामा गणतान्त्रिक व्यवस्थामा सस्ता पसलहरू खोलिने र जनहीत गरिने भनेर भाषण दिइएपनि त्यो कुरा पूरा हुन नसकेको चर्चा गरिएको छ । सस्ता पसलमा अरुतिर भन्दा महंगो तिर्नुपर्ने कुरालाई व्यङ्ग्यवाण प्रहार गर्नु यस कविताको मूलभाव हो ।

'घर' कविताको विश्लेषण

यस कवितामा मानिस बस्ने बासस्थानलाई सधैं गरिराख्नुपर्ने मर्मत र त्यसले पारेको अप्ठ्यारोलाई सवाइ छन्दमा प्रस्तुत गरिएको छ । घर बनाउँदा र भत्काउँदा हुने सम्पत्तिको क्षयको लेखाजोखा कवितामा रहेको छ ।

'पितृ तर्पण' कविताको विश्लेषण

हिन्दू संस्कारमा पितृहरूलाई गरिने तर्पण र श्राद्धको यस कवितामा चर्चा गरिएको छ । बाँचुन्जेल सेवागर्न नसके पनि मरेपछि तिथिमिति खोजेर पितृलाई गरिने सम्झनालाई पितृतर्पणको रूपमा उल्लेख गरिएको छ ।

'विन्तिपत्रहरू' कविताको विश्लेषण

एउटा विन्तिपत्र कवितामा निर्वाचन आयोगलाई विन्ति गरिएको छ भने अर्को विन्ति पत्रमा लोकसेवा आयोगलाई विन्ति गरिएको छ । हाकिमका छोराछोरीहरूमात्रै आयोग पास गरेर जागिर खाने भ्रष्ट प्रचलनको विरोध गरेर यी कविताहरू तयार पारिएको छ ।

'कलम मेरोसाथी' कविताको विश्लेषण

यस कवितामा कलमको महत्वमाथि प्रकाश पारिएको छ । जो जतिठूलो भएपनि कलम नै चाहिने र सस्तो महङ्गो जे भएपनि कलम सबैको साथी हुनेकुरा कवितामा उल्लेख छ । यस कविताले तरवार र बम छाडेर कलमलाई साथी बनाउनु पर्ने समेत उल्लेख गरिएको छ ।

'टुहुरो' कविताको विश्लेषण

एउटा घरबार विहीन व्यक्तिको आफन्तहरू समेत नभएर असक्त भएको अवस्थालाई यस कवितामा चित्रण गरिएको छ । ओरालो लागेको मृगलाई सबैले खेद्छन् भन्ने आख्यान रहेको यस कवितामा टुहुराको आपतकालीन भविष्यको चर्चा गरिएको छ ।

## 'साह्रै राम्री' कविताको विश्लेषण

यस कवितामा एक सुन्दरीको बयान गरिएको छ । कुनै मान्छे राम्रो बन्नका लागि उसको रुप होइन उसको भलाद्मीपन आत्मीयपन हुनुपर्नेको सट्टा कपडाले मान्छेलाई राम्रो नराम्रो बनाउने र त्यसकै व्याख्या गर्ने हाम्रो सामाजिक कुसंस्कार र आडम्बरलाई प्रस्तुत गरिएको छ ।

## 'गाई' कविताको विश्लेषण

यस कवितामा सर्वोपयोगी घरपालुवा जनावर गाईको बयान गरिएको छ । निवन्धात्मक शैलीमा यो कविता लेखिएको छ । गाईमा हुने सोझोपन र ब्वाँसा जस्ता बन्यजन्तुले दुःखदिने व्यङ्ग्यभाव प्रस्तुत गर्दै राम्रा कुराहरूको नराम्रा पद्धतिहरूले अप्ठ्यारो पारिरहेको भाव कवितामा उजागर गरिएको छ ।

## 'नेपाली नागरिकता' कविताको विश्लेषण

यस कवितामा नेपालमा दिइने नागरिकता र यसको वितरणमा भएको लापरवाहीलाई चित्रण गरिएको छ । यो कविता पैसा भएपछि सरकारी कर्मचारीहरूले नागरिकता समेत बेच्नसक्ने कुरालाई भावात्मक रुपमा उतारिएको छ ।

## 'कुखुरा' कविताको विश्लेषण

पङ्क्षीजन्य पाल्तु प्राणीको नाम राखेर यो कविता लेखिएको छ । पेसाका रुपमा कुखुरा पालेर मानिसहरूले उन्नति गर्नसक्ने व्याख्या यस कवितामा गरिएको छ ।

## 'खरुकी घाँस' कविताको विश्लेषण

यो कविता खेतीमा पाइने मसिनो घाँसको चर्चा गरेर लेखिएको छ । जोतेका गोरुदेखि लिएर टाट्नाका बाखा समेत गाईभैंसी देखि लिएर बाछाबाछी समेतले खरुकी घाँस खान्छन् । यस कवितामा १० वटा हरफहरू रहेका छन् । गोरु जोतेको बेला खेतका डिलहरूमा उम्रने खरुकी घाँसखाँदा हलीले गोरु पिटेको प्रसङ्गलाई कविता लेखनको विषयवस्तु बनाएर यो कविताको संयोजन गरिएको छ ।

यसरी छोटा कविताहरूलाई विश्लेषण गर्न सकिन्छ ।

# छैटौं: परिच्छेद

## ६.१ उपसंहार

नेपाली कथा तथा कविता लेखनका क्षेत्रमा कलम चलाई रहेका साहित्यकार डम्वरुवल्लभ गड्तौला यस फाटमा औपचारिक रूपमा आफ्नो कथा सङ्ग्रह 'भ्यागुताको चुरीफूरी' नामक लघु कथा सङ्ग्रह वि.सं. २०६३ प्रकाशमा आएका थिए ।

वि.सं. २०१३ साल चैत्र २८ गते तेह्रथुम जिल्लाको पिप्ले गाउँमा जन्मिएका डम्वरुवल्लभ गड्तौला आमा खुराजकुमारी र रामचन्द्र गड्तौलाका माहिला सन्तानका रूपमा जन्मिएका थिए । गड्तौला थरी यी डम्वरुवल्लभ कास्यप गोत्री ब्राह्मण परिवारमा जन्मिएका हुन् । आफ्नो औपचारिक शिक्षालाई घरमै प्रारम्भ गरेका डम्वरुवल्लभ गड्तौलाले वाजे इन्द्र विलास गड्तौला बाट शैक्षिक प्रेरणा प्राप्त गरेका थिए । डम्वरुवल्लभ छोरामा दोस्रो भएपनि सन्तानमा तेस्रो हुन् । पिप्ले गा.वि.स. क वडा नं. ९ मा डम्वरुवल्लभ गड्तौलामा पिता पुर्खाहरू धेरै पुस्ता पहिले आएर वसेका थिए । उनको जन्म पिप्लेमा भएपनि धेरै समय उनी त्यहाँ बसेनन् । दुगैम ठाउँ र पुरानो समय भएको कारण उनको परिवार ठूलो थियो । उनी पढाइका क्रममा नै पिप्लेबाट तेह्रथुम हुदै धरानतिर सर्दै गए ।

श्री शारदा प्राथमिक विद्यालयबाट उनले औपचारिक कक्षा पाँच सम्म अध्ययन गरे । उनको उच्च शिक्षा अध्ययन गर्ने इच्छालाई परिवारले पनि साथ दियो । उनको परिवारको आर्थिक स्थिति पनि मजबुत नै थियो । त्यसैले गड्तौला थप अध्ययनका लागि तेह्रथुम सदरमुकाम गएका थिए । उनले तेह्रथुम सदरमुकामको सिंहवाहिनी हाइस्कूलमा वि.सं.  मा भर्ना भई अध्ययन गर्न थाले । वि.सं. २०२८ मा उनले पहिलो पटक प्रवेशिका परीक्षा दिए तर यसपटक गड्तौलाको एस.एल.सी.रद्द भएर आयो । त्यस पछि २०२९ सालमा गड्तौलाले एस.एल.सी. दोस्रो श्रेणीमा पास गरे ।

गड्तौलाले २०३२ सालमा महेन्द्र रत्न बहुमुखी क्याम्पस धरानमा बाणिज्य समूहमा प्रमाणपत्र तहमा भर्ना भए । उनी नियमलाई हुबहु परिपालन गर्नु पर्छ भन्ने धारणा भएका व्यक्ति भएका कारणले कसैकसैले छुच्चो भन्ने गर्थे । उनी पढाइमा लगनशील थिए । त्यसैकारण निरन्तर सफल बने । उनले स्नातक तह सम्मको औपचारिक अध्ययन गरेका छन् ।

सो अध्ययनका परिणामले गड्तौला साहित्यका क्षेत्रमा लागेका हुन् । जागिरे जीवनको यात्रामा साहित्यिक गोष्ठीहरूमा कथा, कविता लेखेर सुनाउने क्रममा गड्तौला साहित्य यात्रामा लागेका व्यक्तित्व हुन् । पेसा गर्ने क्रममा ०२८/३० सालतिर एस.एल.सी. पास गरेपछि गड्तौला गाउँमै शिक्षण गर्नथाले । उनले नारायण निमावि साब्ला, तेह्रथुममा शिक्षण गरे । त्यसपछि गड्तौलाले चन्द्रगढी झापामा काष तथा तहसिलको कार्यालयमा निजामती क्षेत्रको सेवा सुरु गरे । यी जागिरहरू अस्थायी थिए । त्यसपछि २०३५ साल असार ५ गतेदेखि नेपाल सरकारको निजामती सेवा अर्न्तगत जिल्ला प्रशासनमा खरिदार पदबाट स्थायी जागिर प्रारम्भ गरे । आजका दिनसम्म गड्तौला त्यही जिल्ला प्रशासन अर्न्तगत नेपालका विभिन्न क्षेत्रमा गएर सेवा गर्दै शाखा अधिकृत बनेका छन् । जागिरको सिलसिलामा उनले सङ्खुवासभाबाट इलाम, पाँचथर, झापा, मोरङ्ग, काठमाण्डौं लगायतका जिल्लाहरूमा बसेर कार्य सम्पादन गरिसकेका छन् । गड्तौला आफ्नो जागिरे जीवनको अनुभव बाँड्दै माथिल्लो दर्जाका कर्मचारीले सानालाई अनावश्यक रूपमा आफ्नो अनुकूल प्रयोग गर्ने गर्दछन् र त्यो अन्याय हो भन्ने भाव व्यक्त गर्दछन् ।

गड्तौलाको पारिवारिक अवस्था राम्रो छ । सरकारी जागिर त्यो पनि अधिकृत स्तरको रहेको छ । देशमा भएको अव्यवस्था र त्यसले पारेको नकारात्मक असरका कारण दिनदिनै बढ्दो महङ्गीले भने अरुलाई जस्तै गड्तौलालाई पनि सताएको छ । गड्तौलाका जेठादाजु विराटनगरमा पढ्दापढ्दै वेपत्ता भएका थिए । जुन कुराले देशमा भएको अव्यवस्था दर्शाउँछ । दिदी बहिनी मध्ये कान्छीले उच्च शिक्षा अध्ययन गरेकी छिन् ।

गड्तौलाको न्वारानको नाम डोरप्रसाद रहेको थियो । विक्रम सम्वत् २०२६ फागुन २६ गते १३ वर्षमा गड्तौलाको व्रतबन्ध भएको थियो । उनको २०४० साल बैशाख २७ गते विराटनगरका लक्ष्मीप्रसाद निरौलाकी छोरीसँग हिन्दू परम्परा अनुसार मागी विवाह भएको थियो । उनकी श्रीमती ललितादेवीले पनि प्रमाणपत्र तह सम्मको अध्ययन गरेकी छिन् । तर उनले कुनै सरकारी सेवा अर्न्तगतको जागिर खाएकी छैनन् । सन्तानहरूलाई उच्चशिक्षा दिलाउने कार्यमा भने उनको ठूलै योगदान रहेको छ ।

गड्तौलाका तीनवटी छोरीहरू छन् । उनीहरूले पनि उच्चशिक्षा पाएका छन् । जेठी छोरी स्वेच्छा गड्तौला स्नातकोत्तर सकेर काठमाण्डौतिरै पेसामा संलग्न छिन् । माहिली स्वेता र कान्छी दीपज्योती पनि स्नातक तहमा अध्ययनरत छिन् । हाल डम्बरुबल्लभ गड्तौला

र उनकी श्रीमती ललितादेवी चन्द्रगढी झापामा एकसाथ बस्दै आएका छन् । सन्तानका रूपमा गड्तौलाका तीनवटा छोरी मात्रै हुन् । गड्तौलाको वयस्क अवस्था रहेको छ । उनका बुबाआमा दुवै तेह्रथुम तिरै बस्ने गर्छन् । गड्तौला ५५ वर्षको पूर्ण वयस्क अवस्थाका व्यक्ति हुन् । जीवनको मुख्य ३ शृङ्खलामा गड्तौला प्रौढ व्यक्तिका रूपमा रहेका छन् । यो समय जीवनका सबै उन्नतिपूर्ण कार्यगर्ने समय हो । त्यसकारण गड्तौलाले पनि सन्तान हुर्काएका छन्, सम्पत्ति आर्जन गरेका छन्, सन्तानलाई उच्चशिक्षा दिलाएका छन् र सन्तानरूपी तीन कृतिहरू सिर्जना गरेका छन् ।

शारीरिक रूपमा गड्तौला मोटो शरीर भएका, केश सेतै फुलेका अग्ला रहेका छन् । उनी सधैं चस्मा लगाउने गर्नाले झनै उनको व्यक्तित्व प्रभावशाली देखिन्छ । उनी सधैं ढाकाटोपी लगाउने, दौरा सुरुवाल कोट पहिरिने गर्छन् । उनलाई नेपाली भएकोमा गर्व छ । गड्तौलाको बिचारमा पोसाकले व्यक्तिको पहिचान स्थापित गर्दछ । गड्तौलालाई मधुमेह रोगले सताएको छ तर यसलाई खुवाइमा गरिने नियन्त्रणका कारण रोग पनि नियन्त्रित छ । बुढ्यौलीका सबै लक्षणहरू देखिएका छन् । मोटो शरीर र सेतै फुलेका केशले गड्तौलालाई बुढ्यौलीतिर धकेलेको स्पष्ट सङ्केत छ ।

गड्तौलाको स्वभाव दम्भी जस्तो देखिन्छ । प्रशासनका कर्मचारी भएकाले पनि यस्तो भएको प्रतीत हुन्छ । उनी स्पष्टवक्ता छन् । कसैलाई ठूलो स्वरले नहकारे पनि व्यक्तित्वका कारण सबै उनीसँग दब्ने गर्छन् । सबैलाई समान व्यवहार गर्ने भएपनि पहिलोपटक भेट्नेले गड्तौलाई अदवको स्वभाव भएको पाउँछन् । गड्तौला सदगुणी व्यक्ति हुन् । छोराछोरीमा भेदभाव नराखी उनले छोरीहरूलाई पर्याप्त उच्च शिक्षा दिलाएका छन् । उनमा युवा अवस्थामा भलिवल खेल्ने रुचि थियो । भलिवल खेल्ने र रेफ्री बस्ने गर्दथे । सादा जीवन शैलीभएका गड्तौला मानवताका पक्षधर रहेका छन् । हिन्दु दर्शनका ग्रन्थहरूको अध्ययनमा विशेष रुचि रहेको छ । उनी देवकोटा र भैरव अर्यालका रचनाको अध्ययन गर्न रुचाउँछन् र प्रभाव पनि तिनै स्रष्टाहरूको परेको देखिन्छ ।

गड्तौलाका जीवनका आयामलाई साहित्यिक र साहित्येतर व्यक्तित्वका दुई आयाममा बाँडेर मूल्याङ्कन गर्दा उपयुक्त देखिन्छ । गड्तौलाले वि.सं.. २०६६ मा 'मरुभूमिको काकाकुल' कविता सङ्ग्रह प्रकाशित गराएका छन् । हुन त उनले कर्मचारी मिलन केन्द्र, सङ्खुवासभाको स्मारिकामा भानु यता नफर्क भन्ने कविता वि.सं. २०५७ मा छपाएर कविता

विधामा हात हालेका थिए तर कृतिका रूपमा भने उनको 'मरुभूमिको काकाकुल' २०६६ सालमा मात्रै प्रकाशित भयो । उनी कविताका माध्यमबाट सामाजिक विकृति विसङ्गति, जागिरेहरूको गलत व्यवहार र त्यस व्यवहारले पैदा गरेको विसङ्गति आदिको पर्दाफास गर्ने गर्दछन् । साथै समाज सुधारको चाहना समेत राख्दछन् ।

कर्मचारी जगत्मा देखापरेको ढिलासुस्ती, नातावाद, कृपावाद, हाकिमीप्रथा, प्रशासनिक भ्रष्टाचार, राजनीतिक व्यभिचार जस्ता विसङ्गतिप्रति व्यङ्ग्य गर्दै समाजमा भएका गलत व्यवहारप्रति उपदेश बाँड्ने गर्दछन् । गड्तौलाको पहिलो कृति भ्यागुताको चुरीफुरी ( २०६३) हो । यो लघु कथाहरूको आयाममा एउटा उत्कृष्ट प्राप्ति रहेको छ । यसमा एक वाक्यदेखि लिएर १ पेजसम्मका छोटा छोटा कथाहरू रहेका छन् । समाज र राजनीतिमा रहेका धेरै विषयवस्तु समेटेर यो लघुकथा सङ्ग्रह तयार भएको छ । उनको दोस्रो कृति २०६४ सालमा 'झुत्रो' नामले प्रकाशित भएको छ । यस सङ्ग्रहले सामाजिक तथा प्रशासनिक विकृतिहरूलाई उजागर गर्दै उपदेशात्मक बौद्धिकता बाँडेको छ । खुट्टा तान्ने प्रवृत्ति, विदेश पलायन, गुलामी चुक्ली जस्ता सामाजिक विकारलाई उन्मुलन गर्नुपर्ने सन्देश रहेको छ ।

राजनीतिप्रति गड्तौलालाई रुचि छैन । राजनीति गर्नेहरू स्वार्थसिद्ध गर्नदेखि बाहेक अन्य कुनै राम्रा काममा नलागेकोमा उनलाई दुःख लागेको छ । उनले पूर्वका प्राय सबै क्षेत्रका पर्यटकीय क्षेत्र भ्रमण गरेका छन् । भारतका मद्रास, भेलोर, दार्जिलिङ्ग आदि क्षेत्र भ्रमण गरेका छन् । तिरूपति रामेश्वर जस्ता भारतका प्रसिद्ध धार्मिक स्थालदेखि लिएर नेपालको पशुपतिनाथ, मनकामना, गजुरमुखी , पाथिभरा, जानकी मन्दिर आदि समेतको धार्मिक भ्रमण गरेका छन् ।

उनको साहित्यिक यात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । उनका रचनाहरूलाई मूल्याङ्कन गर्दै थालनी चरण र उत्कर्ष चरण भनेर विभाजन गरिएको छ । साहित्य लेखन प्रारम्भ गरेदेखि २०६३ को लघु कथासङ्ग्रह भ्यागुताको चुरीफुरी सम्मलाई साहित्यको थालनी चरण नामाकरण गरिएको छ । यो चरणमा उनका रचनाहरू सिकारुखालका रहेका छन् । ०६४ सालदेखि पछि 'मरुभूमिको काकाकुल' (२०६६) सम्मको साहित्य लेखनलाई उत्कर्ष चरण भनेर मूल्याङ्कन गरिएको छ । कथा सङ्ग्रह 'झुत्रो' (२०६४) पछिका रचनाहरूलाई उत्कर्ष चरणका रचना मानिन्छ । पछिल्लो चरणका रचनाहरू बौद्धिकताले भरिपूर्ण रहेका छन् । साथै उत्कर्ष चरणका रचनाहरूले उपदेशात्मक प्रवृत्ति समेटेको छ ।

हिन्दु धर्मप्रति गड्तौलाको अगाध आस्था छ । उनका पुस्तकाकार कृतिहरू भ्यागुताको चुरीफुरी (२०६३) लघु कथासङ्ग्रह, 'झुत्रो' (२०६४) कथा सङ्ग्रह र 'मरुभूमिको काकाकुल' (२०६६) गरी तीनवटा रहेका छन् । गड्तौला साहित्यका विषयमा "भौतिक शरीर गएपनि साहित्यिक कृति र राम्रो काम कहिल्यै मर्दैन" भन्ने धारणा राख्दछन् । उनी गीता दर्शनद्वारा प्रभावित छन् । जीवनलाई सङ्घर्षका रूपमा स्वीकार्दै सत्कर्म र सुमार्गमा निरन्तर अघि बढिरहे सफलताको शिखर टाढा नभएको मान्यता राख्दछन् । सूर्य चन्द्र रहेसम्म साहित्य रहने र साहित्यलेनै समाजलाई डोहोऱ्याउने गर्दछ भन्ने गड्तौलाको साहित्यप्रतीको दृष्टिकोण छ । जीवन एक संघर्ष हो जहाँ सत्कर्म र सुमार्गको अधिक प्रयोग गर्नुपर्छ भन्ने जीवनदृष्टि रहेको छ ।

गड्तौलालाई हास्यव्यङ्ग्य कथा लेखनका फाँटमा रहने बौद्धिक लेखक भनेर मूल्याङ्कन गर्न सकिन्छ । गड्तौलाका साहित्यिक प्रवृत्तिहरू विविध विषयहरूको चयन, छोटा कथा लेख्ने प्रवृत्ति, सामाजिक यथार्थवादी प्रवृत्ति, यथार्थको नग्न चित्रण गर्ने, विकृतिप्रतीको व्यङ्ग्य गर्ने गर्दछन् । विकृत राजनीति प्रति असहमति, हास्यव्यङ्ग्यात्मकता, पात्रको चरित्रचित्रणमा जोड, परिवेशको यथार्थ चित्रण, कर्मचारी जीवन भोगाइको चित्रण गर्ने रहेको छ । काव्य विधामा कवितालाई बढीभन्दा बढी गेयात्मक बनाई लय विधामा जोड दिएको देखिन्छ । उखान र टुक्काको समुचित प्रयोग गर्ने गर्दछन् ।

यसरी उनलाई हास्यव्यङ्ग्यका माध्यमबाट समाजको यथार्थ प्रस्तुत गर्दै उपदेश र बौद्धिक खुराक बाँड्ने राष्ट्रवादी र हिन्दूदर्शनको अनुयायीका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

## ६.२ केही आवश्यक शोध शीर्षकहरू

जिज्ञासुहरूका निमित्त निम्न शोधशीर्षकहरू प्रस्तुत गरिन्छन् ।

१. डम्बरुबल्लभ गड्तौलाको काव्यकारिताको अध्ययन

२. डम्बरुबल्लभका कथाहरूको अध्ययन र विश्लेषण

३. लघु कथाकारका रूपमा गड्तौलाको मूल्याङ्कन

४. मेची अञ्चलमा झर्रो नेपाली भाषाको प्रयोग कर्ताका रुपमा साहित्यका डम्बरुबल्लभ गड्तौलाको मूल्याङ्कन

# सन्दर्भग्रन्थ सूची


१. गड्तौला डम्बरुबल्लभ, **'भ्यागुताको चुरीफुरी'** ज्ञानोदय अफसेट प्रेस, दमक, झापा, २०६३ ।

२. ------------------- **'झुत्रो'** ज्ञानोदय प्रिन्टिङ्ग प्रेस, दमक, झापा, २०६४ ।

३. ------------------- **''मरुभूमिको काकाकुल''** डम्बरुबल्लभ गड्तौला, २०६६ ।

४. श्रेष्ठ दयाराम, **'आधुनिक नेपाली कथासङ्ग्रह**, भाग ४, साझा प्रकाशन, २०५९ ।

५. भण्डारी यादव र राजन भट्टराई, **'आधुनिक नेपाली साहित्यको इतिहास र नेपाली समालोचना'**, काठःविद्यार्थी पुस्तक प्रकाशन, २०५६

६. गैरे ईश्वरीप्रसाद, **'साहित्य सिद्धान्त, नेपाली समालोचना तथा शोध र सिर्जना विधि'** अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि., काठमाण्डौं, २०६७

७. शर्मा मोहनराज र खगेन्द्र लुइँटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं, २०६३